# नेपालमा खाना र खेती

## —— चासो र चर्चामा एक दशक



खाद्यका लागि कृषि अभियान

# नेपालमा खाना र खेतीः चासो र चर्चामा एक दशक
## Agriculture for Food in Nepal: A Decade Raising Concerns

**सम्पादन**

सिन्ड्रेला देवान

कृष्णप्रसाद पौडेल

खाद्यका लागि कृषि अभियान

सचिवालय

खाद्य तथा कृषि समूह

बागडोल, ललितपुर

फोनः ०१–५११९०६२, ५१९०१४४

इमेलः agricultureforfood@gmail.com

वैशाख २०७८

**कम्प्युटर**: सञ्जीववीर बज्राचार्य

**भाषा सम्पादन**: जयराम सापकोटा

**आभार**

यो पुस्तिका तयार गर्न सघाउने सम्पूर्ण महानुभावलाई धन्यवाद दिन चाहन्छौ । खासगरी यो कार्यको सहजीकरण गर्ने खाद्यका लागि कृषि अभियानका सदस्य, सचिवालयका साथी, समीक्षक टीका भट्टराई, सम्राट कट्वाल, सारदा थापा र जीवन शाहीलाई विशेष धन्यवाद व्यक्त गर्दछौं ।

**सन्दर्भ**

देवान, सिन्ड्रेला र पौडेल, कृष्णप्रसाद । २०७८ । नेपालमा खाना र खेतीः चासो र चर्चामा एक दशक । खाद्यका लागि कृषि अभियान । काठमाडौं, नेपाल ।

Dewan, S. and Paudel, K.P. 2021. Agriculture for Food in Nepal: A Deade in Raising Concerns-Nepali text. Alliance of Agriclture for food, Kathmandu, Nepal.

*पुनश्चः यो पुस्तिका कर्णाली कृषि तथा खाद्य सरोकार समूहका आवधिक प्रतिवेदन, यस समूहले गरेका अन्य दस्तावेज र यसमा सहकार्य गर्ने साझेदारका दस्तावेजका आधारमा तयार पारिएको हो ।*

# प्रकाशनबारे

खाद्य तथा कृषि समूह[१]ले खानाका लागि खेतीपातीको क्षेत्रमा विगत एक दशकमा गाउँदेखि सहरसम्म, हिमालदेखि तराईसम्म र आलीदेखि थालीसम्मका मूल सवाललाई नीतिगत अनुसन्धान र जन वकालतका माध्यमबाट चासो र चर्चामा ल्याउने काम गर्‍यो । सुरुका वर्षमा विशेषतः कर्णाली क्षेत्रमा खाना र खेतीपातीका सवालमा सुरू गरिएको अभियान बिस्तारै अन्य क्षेत्रमा समेत विस्तार भएको छ । यो पुस्तिका यस अवधि (वि.सं. २०६७ देखि २०७७ सम्म) का उपलब्धि, गतिविधि र यिनबाट आएका सिकाइलाई गरिएका आवधिक अभिलेखनका आधारमा संक्षिप्तमा संयोजन गरिएको छ । यसलाई हामीले विगत १० वर्षलाई फर्केर हेर्ने प्रारम्भिक दस्तावेजको रूपमा लिएका छौ ।

धेरैले भन्ने गरेका छौं - नेपालको आधुनिक विकासको यात्रामा नेपालका सबै क्षेत्र उत्तिकै सहभागी हुन सकेनन् । हामी सबै केन्द्रीकृत राज्य र शासन व्यवस्थाको मार खेप्नुपरेको तितो अनुभवका साक्षी छौं । स्थानिय क्षेत्रको विशेषताअनुसारको उपयुक्त खेती प्रणालीलाई उन्नत बनाउँदै व्यवस्थित गर्ने दृष्टिकोण र अभ्यास दुवै नहुँदा हामी खानेकुरामा निरन्तर परनिर्भर बन्न पुगेका छौं ।

राजनीतिक तथा सामाजिक नेतृत्वले यो मर्मलाई आत्मसात् गर्दै खेतीपाती लगायत समग्र जीवन पद्धतिलाई उन्नत बनाउने कामको अगुवाइ गर्न नसक्दा नेपाली समाज निरन्तर कुण्ठित हुन पुगेको छ । **"हाम्रो उन्नति गर्न, हामी आफैं सक्षम छौं"** भन्ने स्वीकार गर्न नसकेका कारण हामी सबैलाई परनिर्भरताको भूतले सधैं सताइरहेको छ ।नेपालका सबै क्षेत्रमा उत्पादनका लागि पर्याप्त स्रोत साधन र श्रम उपलब्ध भएतापनि स्थानीय विशेषतामा आधारित रैथाने उत्पादनबाटै स्वस्थ खानेकुराको जोहो गर्ने प्रकृतिमैत्री खेतीपातीको दृष्टिकोण नपुग्दा, माम, काम र दामको खोजी वा उर्जाशिल युवा पुस्ता निरन्तर पलायन हुन परिरहेको छ ।

नेपालको खाद्य तथा कृषि सरोकारका सवाल पहिचान र सम्बोधन गर्न गरेका प्रयास र तिनका उपलब्धि यो पुस्तिकामा समावेश गरिएको छ । यस पुस्तिकामा उल्लेखित विवरणहरू खानेकुराको परनिर्भरता घटाउन स्थानीय तहमै गरिएका प्रयत्नहरूको सङ्गालो हो । यस पुस्तिकामा यी सवालमा भएका सामाजिक अभियानहरू र उपयुक्त अभ्यासको नमुना बनाउन कार्यरत साझेदारहरूले गरेको अथक प्रयासहरू समेटिएको छ । यसमा नेपालको कृषि बिग्रिएकोमा चिन्तन मनन गर्दै यसलाई सपार्नका लागि नीतिगत तहमा दबाव दिन खाद्यका लागि कृषि अभियानले कृषि तथा खाद्यको सवाललाई स्थानीय तहदेखि संघीय तहसम्म चर्चा र बहसमा ल्याउन गरेका प्रयासहरू समेटिएका छन् । साथै रसायन र विषादीरहित मानव तथा पर्यावरणीय स्वास्थ्यमा असर नगर्ने कृषि प्रणाली तथा प्रविधिको अभ्यास गर्न र भएका अभ्यासको खोजी तथा प्रचार प्रसार गर्न, यस अवधिमा प्रयासहरू समेत समेटिएको छ ।

---

[१] यो समूह खाद्यका लागि कृषि अभियानको सचिवालयको रुपमा फरेष्टएक्सन नेपालमा कार्यरत छ । अभियान महिला, साना र भूमिहीन किसानका खाद्य, भूमि, कृषि र जलवायु जोखिम जस्ता सवालहरुमा कार्यमूलक अनुसन्धान, नीतिगत बहस र जनवकालतमा हातेमालो गर्ने उत्पादक किसान संगठनहरु, गैरसरकारी क्षेत्र र नागरिक समाजको साझा मञ्च हो । यो अभियान सबै नागरिकको स्वच्छ र स्वस्थ खानाकालागि दिगो कृषि विकासमा समर्पित छ ।

यस अभियान प्रयासका केही प्रतिफल र नतिजा देखिन थालेका छन् । हुन त यस्ता उपलब्धि कुनै एकल प्रयासले मात्र हुँदैनन् । मुख्यतः दिगो कृषि र रैथाने बाली तथा बस्तुभाउ प्रवर्धन, प्राङ्गारिक र पर्यावरणीय कृषिमा सबैतिर बढेको चासो तथा यसलाई सवाल बनाउँदै अघि बढ्न प्रतिबद्ध नागरिक अभियन्ता सबैतिर थपिएका छन् । बाहिरबाट जाने आयातित र मागेका, उड्वा र गुड्वा चामलले निम्त्याएको परनिर्भरताको तिखो आलोचना, स्थानीय उत्पादनको सहरसम्मको यात्रा र रसायन र विषादीमुक्त कृषि क्षेत्रबाट खानेकुराको बढ्दै गरेको बहस यस अवधिका मुख्य उपलब्धि हुन् ।

स्वच्छ खेतीपातीबाट स्वस्थ खानाका लागि नेपाललाई रसायन र विषादीरहित कृषि क्षेत्र बनाउने काममा स्थानीय, प्रदेश तथा संघीय सरकारसमेत केही हदसम्म अघि बढेका छन् । यसका लागि जनसमुदायलाई जागरुक बनाउँदै राज्यलाई निरन्तर दबाव दिन खबरदारी सबै तहमा चलिरहेको छ । 'किसानले गर्न सक्छन्' भन्ने आत्मविश्वास जगाउने अभ्यास हुन थालेका छन् । आशा छ, अहिले बन्दै गरेको खानाका लागि खेतीपातीको गोरेटो भविष्यमा राजमार्गभन्दा फराकिलो हुनेछ ।

यो अभिलेखन कार्यलाई सम्भव बनाउन सघाउने उद्धव अधिकारी, टीका भट्टराई, सम्राट कट्वाल, रेने वुस्ट, सोमत घिमिरे, उमेश आचार्य, नितु नायक, समिता प्रधान, प्रमोद दाहाल, करिश्मा गुरुङ, धनबहादुर कठायत, कर्णाली कृषि तथा खाद्य सरोकार समूहका संयोजक तथा जिल्लाका संयोजक, जैविक नेपाल अभियान र फरेष्ट एक्शन लगायत यो अभियानका शुभेच्छुक सबैको सहयोग र योगदानको कदर गर्दछौं । यस अभियानका सहयोगी र साझेदार संस्था सबैको योगदानको उच्च सम्मान गर्दछौं । यो पुस्तिको संयोजन गर्ने सिन्द्रेला देवान र कृष्णप्रसाद पौडेललाई विशेष धन्यवाद दिन चाहन्छौं । साथै यसलाई तयार पार्न प्रेरणा, हौसला र दबाव दिने सबैलाई धन्यवाद । यसको विवरण संकलन र मस्यौदा बनाउन सहयोग गर्ने जीवन शाही, सारदा थापा र सुरेन्द्र केसीलाई धेरै धेरै धन्यवाद !

**धनबहादुर गौतम**
संयोजक
खाद्यका लागि कृषि अभियान
कर्णाली

**उद्धव अधिकारी**
संयोजक
खाद्यका लागि कृषि अभियान
काठमाडौं

**सुजाता तामाङ्ग**
संयोजक
खाद्य तथा कृषि समूह
काठमाडौं

वैशाख २०७८ काठमाडौं

# विषय सूची


१. पृष्ठभूमि ........ १
२. खाना र खेतीपातीको १० वर्षे अभियानः सन्दर्भ र सुरुआत ........ १
३. मुख्य उपलब्धिहरू ........ ३
३.१ कर्णाली खाद्य तथा कृषि सरोकार समूहः एक नागरिक संयन्त्रको उदय ........ ४
३.२ दिगो कृषि स्थानीय सवाल ........ ५
३.३ खाद्यका उडुवा र गुडुवा चामलविरुद्ध स्थानीयता र रैथाने कृषि उपज अभियानको चर्चा ........ ५
३.४ कमजोर स्थानीय कृषिमा स्थानीयको चासो र चिन्ता ........ ६
३.५ कर्णाली एक विशिष्ट कृषि क्षेत्रको पहिचान ........ ६
३.६ रैथाने पशु, बाली, स्थानीय परिकारः बढ्दो प्रचार र प्रचलन ........ ७
३.७ रैथाने बाली तथा पशुवस्तु प्रवर्धनको बढ्दो माग ........ ८
३.८ रसायन र विषादीमुक्त कर्णालीका लागि पहल ........ ८
३.९ खाद्यका लागि कृषि अभियान ........ ९
३.१० पर्यावरणीय कृषिको प्रवर्धन ........ ९
३.११ स्थानीय, प्रदेश तथा केन्द्रीय सरकारको प्राङ्गारिकतर्फको यात्राः नीति तथा व्यवहार ........ ९
३.१२ कोभिड-१९ र खेतीपाती ........ १२
३.१३ खाद्य दिवस २०७७ ........ १२
४. अभियानका कोसेढुङ्गाहरु ........ १५
५. फेरिएको सन्दर्भ ........ १५
६. मुख्य सवालहरू ........ १७
७. आत्मसमीक्षा र भविष्यको कार्यदिशा ........ १९
८. अनुसूचीहरू ........ २१
अनुसूची १: क्षमता अभिवृद्धि तथा अगुवाहरूको परिचालन ........ २१
अनुसूची २: कर्णाली खाद्य तथा कृषि सरोकार समूह ........ २३
अनुसूची ३: कर्णाली खाद्य तथा कृषि सरोकार समूहद्वारा प्रस्तुत ........ २५
अनुसूची ४: अभियानका कोसेढुंगा ........ २८
अनुसूची ५: सञ्चारमाध्यममा खाना तथा खेतीपाती ........ ५१
अनुसूची ६: पर्यावरणीय कृषि प्रवर्धन ........ ५३
अनुसूची ७: विद्यालयमा खाना र खेतीपाती बहस ........ ६४
अनुसूची ८: कर्णालीका युवासँगको सहकार्य ........ ६७
अनुसूची ९: रैथाने खाद्यान्न तथा संस्कृति प्रवर्धन ........ ७१
अनुसूची १०: अन्य आपत्कालीन राहत सहयोग ........ ७८

# १. पृष्ठभूमि

नेपालको खाना र खेतीपातीको क्षेत्रमा विगत १० वर्षमा हामीले गरेको प्रयासको विवरण बनाउने, उक्त विवरणलाई फर्केर हेर्ने र समीक्षा गर्ने प्रक्रियाको प्रतिफलस्वरूप यो पुस्तिका तयार गरिएको हो । खासगरी केन्द्र, प्रदेश र जिल्ला तहमा गरिएका नीतिगत वकालत, स्थानीय तथा केन्द्र तहसम्म गरिएका अभियान, विभिन्न अभ्यास तथा अनुभव र सहयात्रीहरूसँगको अनुभव र सिकाइलाई यस पुस्तिकाले समेट्ने प्रयास गरेको छ । १० वर्षमध्ये पहिलो पाँच वर्ष मुख्यतः कर्णालीमा खाद्य र कृषिको सवालमा भएको केही सान्दर्भिक कामको छोटो विवरण र त्यसमाथिको हाम्रो समीक्षा यसअघि नै सन २०१७ मा कर्णालीमा खाद्य र कृषिको चासोका पाँच वर्ष भन्ने पुस्तिका प्रकाशन भइसकेको छ । त्यसैको दोस्रो भागको रूपमा यो पुस्तिका प्रकाशन गरिएको हो । कर्णाली क्षेत्रमा सघन रूपमा गरिएका कामसहित अन्य क्षेत्रको पनि अनुभव र सिकाइलाई यो पछिल्लो प्रकाशनमा समेट्ने कोशिस गरिएको छ । यस पुस्तिकामा हाम्रो यात्राको सन्दर्भ र सुरुआतको चर्चाबाट सुरु भएको वृत्तान्त, उपलब्धि, चुनौती, बदलिएको परिस्थिति र हाम्रो भविष्यको यात्रा र आत्मसमीक्षा गर्दै निचोडमा पुगेको छ ।

# २. खाना र खेतीपातीको १० वर्षे अभियानः सन्दर्भ र सुरूआत




फोटो १ः मकैमा दुरीको व्यवस्थापन, धैना मुगु

यस समूहले सुरुमा कर्णाली क्षेत्रको ग्रामीण भेगमा खाद्य सुरक्षा अवस्था, कृषि स्रोत आँकलन र बजारबारे खोज गर्ने उद्देश्यले बाजुराको आँटीचौर र मुगू जिल्लाको धैनाकोट गाउँ विकास समिति (गाविस)मा २०६७ भदौदेखि कार्तिकसम्म एउटा अध्ययन गरेको थियो । यो अध्ययन मूलतः कृषि उत्पादनमा आएको कमीका कारण र यसले खाद्य सुरक्षामा पारेको असरमा केन्द्रित थियो । यसमा कर्णाली क्षेत्रमा स्थानीय स्तरमा खाद्य सुरक्षा, खेतीपाती र जीविकोपार्जनका आधारमा आएको परिवर्तन विश्लेषण गरी भविष्यमा कर्णाली क्षेत्रको खाद्य सुरक्षाका लागि अपनाउनुपर्ने रणनीतिबारे सुझाइएको थियो ।

यस अध्ययनको सिलसिलामा मुगू जिल्लामा कृषि, शिक्षा, प्रजनन स्वास्थ्य, दलित र जनजातिका सवालमा लामो समयदेखि कार्यरत वातावरणीय कृषि तथा विकास केन्द्र (केड)ले धैनाकोट गाविसमा गरेका कृषि प्रबर्धनका कामको अवलोकन र छलफल गर्ने मौका मिल्यो । छलफलमा यस क्षेत्रमा आएका सामाजिक तथा आर्थिक फेरबदलसँगै स्थानीय विशेषतामा आधारित खाद्य र कृषिक्षेत्रको विकास गर्नेभन्दा काठमाडौंकेन्द्रित कृषि विकास योजना लागू गर्ने र कर्णालीलाई खाद्य अभाव क्षेत्र भन्दै अनुदानका चामल भित्र्याउने गरेर यो क्षेत्र निरन्तर परनिर्भर बन्दै गएको चर्चा भयो ।

यसको विकल्पमा के गर्न सकिएला भन्नेबारे चर्चा हुँदा स्थानीय उत्पादन बढाउन केडले गरेका तीनवटा महत्वपूर्ण परीक्षणबारे जानकारी भयो । १. गहुँमा मल हाल्ने तरिकामा सुधार गरी किसानहरूले गरिरहेजस्तो खुल्ला बारीमा नराखी (नछरी) माटोसँगै मिलाउँदा २५ प्रतिशतसम्म उत्पादन बढ्ने, २. मकै छर्दाको मकैको बोटको दूरी बढाई दोब्बर बनाउँदा ५० प्रतिशतसम्म उत्पादन बढाउन सकिने र ३. २,२०० मिटरभन्दा तल बाली लगाउने समयमा सामान्य हेरफेर गरी लगाउँदै आएको वर्षे र हिउँदे बालीको बीचमा आलु वा त्यस्तै छोटो समयमा लगाउन सकिने तरकारी खेती गरी दुईतुले खेती प्रणालीलाई तीनतुले बनाउन सकिने र यसबाट उत्पादनमा निकै वृद्धि हुने जानकारी भयो । साथै यी परीक्षणको कर्णालीव्यापी प्रचारप्रसार, नीतिगत वकालत तथा सम्बन्धित निकायमा पर्याप्त दबाव दिन नसकिएको देखियो ।




*सुधारिएको मौसमी पात्रो: केड/कर्णाली जीविकोपार्जन परियोजना, २०७०*

त्यसैगरी वि.सं. २०६८ को अन्त्यतिर बाजुराको आँटीचौर गाविसमा कृषि विकासको सम्भाव्यता अध्ययन गरिएको थियो । यो अध्ययनको उद्देश्य प्राकृतिक स्रोतको अवस्था तथा सम्भावना, मानवीय क्षमताको अवस्था, समुदायको तत्परताका साथै सामाजिक तथा भौतिक पूर्वाधारका अवस्थालाई मसिनो गरी केलाउने र त्यसको विश्लेषणका आधारमा कृषि उत्पादन तथा विकासको सम्भावित अवसर र ती अवसरलाई बाधा पार्ने चुनौतीबारे व्याख्या तथा विश्लेषण गर्ने रहेको थियो । यसले त्यस क्षेत्रको कृषिका बहुआयामिक सवाल पहिचान गर्न कर्णालीको खाद्य तथा कृषिको अवस्था बुझ्न हामीलाई निकै सहज भयो । कर्णाली क्षेत्रको खाद्य तथा कृषि सरोकारको यात्राको कोसेढुङ्गा बनेका यी अध्ययन भ्रमण यस क्षेत्रको खाद्य तथा

कृषिका सवाल पहिचान गर्न र स्थानीय तहमा यसबारेका बुझाइ थाहा पाउन निकै उपयोगी भए । यी अनुभवले कर्णालीको खेतीपातीको सम्भावना अझ नजिकबाट हेर्ने बुझ्ने र कर्णालीका अभियन्ताको अगुवाइमा यी सवाललाई सम्बोधन गर्न सघाउने ऊर्जा थप्यो ।

यस क्षेत्रमा यी सवालको सम्बोधनका लागि लामो समयसम्म काम गरिरहेको वातावरणीय कृषि तथा विकास केन्द्र (केड) र यसलाई आर्थिक तथा प्राविधिक सहायता उपलब्ध गराउँदै आएको फास्टनोप्फर[२]सँगको निरन्तर संवादले कर्णालीका अभियन्तासँगको अन्तर्क्रिया सम्भव भयो ।

यसैबीच फास्टनोप्फरले कर्णालीका साझेदारसँगको समीक्षा कार्यशालामा नेपालको कृषिको तत्कालीन अवस्थाबारे प्रस्तुति गर्न हामीलाई निम्ता गर्‍यो । उक्त कार्यशालामा भएको छलफलसँगै फास्टनोप्फरले साझेदार संस्थाका स्थानीय कार्यकर्ताको क्षमता बढाउन एउटा शृङ्खलाबद्ध तालिम सञ्चालन गर्नेबारे सहकार्य गर्ने प्रस्ताव अघि सार्‍यो । यस तालिममा सहभागी अभियन्तासँगको सहकार्य नै कर्णाली खाद्य तथा कृषि सरोकार अभियानको सुरुआती कोशेढुंगा हो । (थप जानकारीका लागि अनुसूची १ हेर्नुहोस्) ।

यस तालिमका सहभागीको कार्यक्षेत्रमा भए/गरेका कामको अवलोकनका साथै तालिममा सिकेका कुराको व्यावहारिक उपयोगमा देखिएका चुनौतीबारे आपसी छलफल र समाधानका उपाय खोज्न जुम्ला भ्रमण गरियो । यसरी माथिल्लो कर्णालीवाट वि.स. २०६८ बाट सुरु भएको खाद्यका लागि कृषि अभियान[३]को यो १० वर्षे यात्रा, २०७७ सालसम्म आइपुग्दा यसले उकालो ओरालो पार गरेको छ । केही उपलब्धि भएका छन्, केही आशा जगाएको छ । केही नयाँ जिम्मेवारी थपिएका छन् भने केही समस्या र चुनौती देखिएका छन् । यी सबै आयामको विवरण यसपछिको खण्डमा प्रस्तुत गरिएको छ ।

## ३. मुख्य उपलब्धिहरू

विगत १० वर्षमा यस अभियानले नेपालको खाना र कृषिको क्षेत्रमा भए/गरेका कामको प्रभावले आएका उपलब्धि तथा परिवर्तनलाई यस भागमा समेटिएको छ । उपलब्धिलाई मुख्यतः दुई भागमा प्रस्तुत गरिएको छः पहिलोमा उठाइएका मुख्य सवाल र दोस्रोमा प्रक्रिया तथा सहकार्य । यी उपलब्धि हाम्रो मात्र प्रयासका परिणाम भने होइनन् ।

---

[२] यो स्वीजरल्याण्डस्थित गैरसरकारी संस्था हो ।

[३] सुरुमा यो खाद्य तथा दिगो कृषि अभियानको रुपमा कार्यरत थियो । २०६९ सालमा यो नाम फेरेर खाद्यका लागि कृषि अभियान रहन गएको हो ।

## ३.१ कर्णाली खाद्य तथा कृषि सरोकार समूहः एक नागरिक संयन्त्रको उदय

कर्णाली क्षेत्रको कृषि निरन्तर कमजोर बन्दै गइरहेको, खानेकुरा तथा अन्य घरायसी उपभोग्य वस्तुमा बाहिरी निर्भरता बढ्दै गएकोले समग्र यस क्षेत्रको पहिचान नै परनिर्भर समाजको रूपमा चित्रण हुँदा प्रशस्त सम्भावना बोकेको कर्णालीलाई खानेकुरामा आत्मनिर्भर बनाउँदै लैजान ढिला हुँदै गएको महशुस गरिँदै आएको थियो । कर्णालीको हावापानी र भौगोलिक तथा पर्यावरणीय विशेषताका आधारमा त्यस क्षेत्रमा सजिलै उत्पादन गर्न सकिने कृषि उपज ( जसलाई तुलनात्मक लाभका कृषि उपज पनि भन्ने गरिन्छ) बाट प्रशस्त आम्दानी बढाउन सकिने निष्कर्षसहित यो कुरालाई सार्वजनिक बहसको विषय बनाउँदै सम्बन्धित सरोकारवालालाई निरन्तर दबाव सिर्जना गर्नुका साथै जनस्तरमा व्यापक सचेतना बढाउँदै कर्णाली क्षेत्रको खाद्य तथा कृषि प्रणालीमा सुधार ल्याउन कर्णाली खाद्य तथा कृषि सरोकार समूह क्रियाशील रह्यो । कर्णाली क्षेत्रका बाजुरा, कालीकोट, जुम्ला, हुम्ला, मुगु, र डोल्पा गरी छवटा जिल्लामा जिल्लास्तरीय सरोकार समूह र यिनको प्रतिनिधित्व गर्दै समग्र कर्णाली क्षेत्रको सरोकार समूह गठन भएको थियो । सबैखाले सरोकार समूहको प्रतिनिधित्व रहेको यी सरोकार समूहमा २० देखि ३० जना संस्थागत सदस्य रहेका छन् ।

सरोकार समूहको उदयसँगै हालसम्म यो सवाललाई आफ्नो चासोको विषय बनाउने अभियन्ताहरू करिब चार सयजति भएका छन् । यी अभियन्ताहरू आ/आफ्नो कार्यक्षेत्रमा सम्बन्धित सवाल उठाउन क्रियाशील रहेका छन् । विशेषगरी सञ्चारमाध्यममा यो कुराको बहस निकै राम्रोसँग उठेको छ । साथै खाद्य तथा कृषिको क्षेत्रमा काम गर्ने स्थानीय विकास साझेदारले यो सरोकार समूहसँग स्थानीय अभ्यासबाट आएका सिकाइ र सफलता सम्बन्धित सरोकारवालासमक्ष पुऱ्याउन र अझ प्रभावकारी दबाव सिर्जना गर्न सहकार्य गर्दै अघि बढ्न सुझाएका छन् । यसले पनि यो समूह यसक्षेत्रको खाद्य तथा कृषिका सवाल उठाउन उपयुक्त नागरिक संयन्त्र हुने देखिएको थियो ।

कर्णालीको मुगू र बाजुरा जिल्लामा गरिएको सानो अध्ययनसँगै सुरु भएको खाद्य र कृषिका लागि नीतिगत वकालत र सामाजिक रूपान्तरणको मुख्य आधार भनेको कर्णाली क्षेत्रमा तयार भएका अभियन्ता र अभियानप्रति उनीहरूको लगाव हो । मुख्यतः हाम्रो भूमिका अभियन्ताको अभियानलाई सहजीकरण गर्नु थियो । सामाजिक रूपमा अगुवा, केही क्षेत्रमा भूमिका निभाइरहेका या भविष्यमा नेतृत्व गर्ने सम्भावना भएका युवा यसका मुख्य अभियन्ता हुन् । कर्णाली खाद्य तथा कृषि सरोकार समूहमा आबद्ध अभियन्ताको क्षमता अभिवृद्धिका लागि सहजीकरण गर्ने सहयोगी भूमिकामा यो समूह र खाद्यका लागि कृषि अभियान जिम्मेबार छ ।

## ३.२ दिगो कृषि स्थानीय सवाल

यो समूहको उदयसँगै कर्णाली क्षेत्रका सबै जिल्लामा कृषिप्रति जनचासो बढ्नुका साथै कृषिक्षेत्रको दिगो विकासबारे चर्चा र चासो बढेको छ । खासगरी २०६८ मा प्राङ्गारिक कृषि घोषणा गरिएको जुम्ला जिल्लाले यसको कार्यान्वयनका लागि जिल्ला विकास समिति (जिविस) को अगुवाइमा पाँच वर्षे कार्ययोजनासहितको १० वर्षे जिल्ला कृषि विकास योजना बनाएर दिगो कृषि विकासलाई स्थानीय सवाल बनाएको छ । यसकै उत्प्रेरणाबाट बाजुरा र मुगू जिल्लाले पनि जिल्ला कृषि विकास योजना तयार गरे । स्थानीय निर्वाचनपछि बनेका स्थानीय सरकारले समेत यस्ता योजनामा चासो दिने गरेका छन् । गत वर्ष ठूलीभेरी नगरपालिका ( नपा) डोल्पाले स्थानीय कृषि विकास योजना बनाउन पहल गऱ्यो । सो कार्यलाई यस समूहले सहजीकरण गरेको थियो । त्यस्तै त्रिपरासुन्दरी नपा, डोल्पा र खत्याड गाउँपालिका (गापा) मुगू, कुशे गापा जाजरकोट र कपुरकोट गापासँग योजना बनाउनेबारे परामर्श भइरहेको छ ।

## ३.३ खाद्यका उडुवा र गुडुवा चामलविरूद्ध स्थानीयता र रैथाने कृषि उपज अभियानको चर्चा

विगत तीन दशकदेखि कर्णाली क्षेत्रमा खाद्यान्न अभाव तथा भोकमरीका नाममा अनुदानका खाद्यान्न विश्व खाद्य कार्यक्रम र नेपाल खाद्य संस्थानबाट वितरण भइरहेको छ । सुरु/सुरुमा मुख्यतः नून र चामल ढुवानी भइरहेकोमा हिजोआज तेल, दाल र पिठोसमेत वितरण गरिन्छ । बाटो नपुग्दासम्म उडेर जाने यी खाद्यान्न बाटो पुगेका क्षेत्रमा गुडेर जान थालेको छ । कामका लागि खाद्यान्न भन्दै सामुदायिक विकास निर्माणका काम गरेवापत उपलब्ध गराइने यस्ता खाद्यान्न कमसल र खान अनुपयुक्त हुने  गरेको पाइन्छ । विगतका वर्षमा कर्णालीलाई परनिर्भर बनाउने यस्तो खाद्यान्न ढुवानी तथा वितरणको चर्को आलोचना भइरहेको छ । कर्णाली कृषि तथा खाद्य सरोकार समूह यो सवालबारे व्यापक जनचासो बढाउन र सरोकारवालासँग अन्तर्क्रिया गर्न निरन्तर र सक्रियतापूर्वक लागिरह्यो । ज्ञापनपत्रमार्फत राष्ट्रप्रति, राष्ट्रिय योजना आयोग र अन्य सरोकार समूहसम्म पुऱ्याएर घच्घच्याउने काम गऱ्यो ।







**फोटो २: माथिल्लो कर्णालीमा उडुवा चामल ढुवानी**

समूहले यस्तो खाद्यान्न वितरणले कृषि उत्पादन बढाउन, खडेरी तथा अन्य कारणले सिर्जना हुने कठिन परिस्थितिको सामना गर्न, रैथाने कृषि उपजको बजारीकरण तथा स्थानीय उत्पादन बढाउन सहयोग गर्नुपर्नेजस्ता कुरामा ध्यान दिन सबै सरोकारवालालाई ध्यानाकर्षण गराउँदै आएको छ । परिणामस्वरूप अहिले कामका लागि खाद्यान्न कृषि सुधार गर्न, खाद्य तथा कृषि विकास परियोजनाहरू रैथाने प्रबर्धन गर्न र सानै परिमाणमा भए पनि रैथाने कृषि उपजको बजारीकरण गर्न थालनी भएको छ ।


## ३.४ कमजोर स्थानीय कृषिमा स्थानीयको चासो र चिन्ता

मुख्यतः सदरमुकामवरपर, राजनीतिक दलका जिल्ला तहका नेता तथा कार्यकर्ता, सञ्चारकर्मी र अभियन्ताबीच कर्णालीको कृषि कमजोर हुँदै गएकोमा चिन्ता र चासो बढेको देखिएको छ । फलफूल नर्सरी बगैंचा स्याहार, स्थानीय बाली तथा बस्तुभाउमा अनुसन्धान, जैविक मल तथा विषादी बनाउने तरिका र स्थानीय आवश्यकताअनुसारको प्रविधि विकासमा सहयोग, कृषि उपजको बजारीकरणमा सहयोग अहिले सबैतिर उठाइने खास जिज्ञासा हुन् ।

यी कुराप्रतिको बढ्दो चासोसँगै स्थानीय कृषि कमजोर बन्दै जाँदा खाद्यमा परनिर्भरता बढेको र यसले कर्णालीका जनसमुदायमा हीनताबोध बढाएको कुरामा समेत चर्चा हुन थालेको छ । यस्तो चासोलाई सम्बोधन गर्न सक्षम कृषिको नेतृत्व खड्किँदै गएको स्थानीय अभियन्ताको अनुभव छ । यो विषयलाई कर्णालीदेखि काठमाडौंसम्म निरन्तरको संवादमा लैजान सके यस क्षेत्रको सुधारमा अपेक्षित परिणाम ल्याउन सकिनेमा उनीहरू विश्वस्त देखिन्छन् ।

## ३.५ कर्णाली एक विशिष्ट कृषि क्षेत्रको पहिचान

कर्णाली क्षेत्रको भौगोलिक तथा पर्यावरणीय विशेषताको कृषि प्रणाली उन्नत बनाउनेभन्दा आयातित कृषि प्रणाली अपनाउनाले यहाँका रैथानै बाली तथा बस्तुभाउ लोप हुने अवस्थामा पुग्नुका साथै कृषि उत्पादनमा समेत ह्रास आएको छ । कम बाहिरी लगानी र श्रममा आधारित फलफूल तथा बदामजन्य उत्पादन, घोडा, भेडा तथा चौंरीपालन तथा जडिबुटी प्रबर्धनको प्रशस्त सम्भावना भएको यस क्षेत्रमा यी बाली र बस्तुभाउ प्रबर्धन गर्ने सोच नपुगेको कुरामा सबैको ध्यानाकर्षण भएको छ । यस कुराको सार्वजनिक बहसले सम्बन्धित कृषि तथा पशु विकास कार्यालयलाई आफ्ना कार्यक्रमलाई सच्याउन र यहाँको विशेषताका आधारमा कृषि प्रबर्धन गर्न दबाव बढेको छ ।



**फोटो ३: शुष्क क्षेत्र कोल्टी बाजुरा**

साथै यो विषयलाई आम किसानको माझमा लैजाने र स्थानीय विशेषतामा आधारित दिगो खेतीपाती गर्नका लागि सघाउन कृषि र पशु विकास कार्यालय, गैर सरकारी संस्था तथा परियोजनालाई दबाव दिने साथै सहयात्री साझेदारलाई उपयुक्त कृषि प्रविधि विकास र परीक्षणमा किसानलाई सहभागी बनाउन सुझाइएको छ । समग्र कृषि प्रणालीको हिसाबले अन्य क्षेत्रभन्दा भिन्न र विविधताले भरिपूर्ण भएको कर्णाली क्षेत्र केन्द्र या बाहिरबाट विचार गरेको भन्दा फरक छ भन्ने कुरा चर्चामा आइसकेको छ । विशेषत: शुष्क र अर्धशुष्क हावापानी भएको क्षेत्र, फरक विशेषता र त्यहीअनुरूपको कृषि प्रविधि, सुविधा तथा जनशक्ति आवश्यक भएको कुरा स्थापित गर्न निरन्तर प्रयत्न भयो । यसका लागि अगुवा अभियन्ता र कार्यकर्तालाई विषयगत तालिम दिने, भ्रमणमा लैजाने तथा नीतिगत वकालत गर्ने काममा सहजीकरण गरियो ।

## ३.६ रैथाने पशु, बाली, स्थानीय परिकारः बढ्दो प्रचार र प्रचलन

खाद्यान्नमा परनिर्भर बन्दै गएको कर्णाली क्षेत्रमा अहिले खाद्य तथा कृषिमा कसरी आत्मनिर्भर बन्न सकिन्छ भन्ने कुरामा थोरै नै भए पनि बहस हुन थालेको छ । रैथाने बाली तथा बस्तुभाउमा कमी आउनुको मुख्य कारण स्थानीयको खाने बानीमा आएको परिवर्तन र आयातित खाद्यान्नमाथिको परनिर्भरता हो भन्ने कुरामा धेरैजसो स्थानीय अगुवा र अभियन्ता सहमत देखिएका छन् ।

रैथाने बालीको पौष्टिकताबारे खोजबिन गरी यिनको स्वास्थ्य तथा पोषणका हिसाबले पाइने फाइदाबारे व्यापक प्रचारप्रसार गर्नुपर्ने कुरा सबैतिर उठेको छ । साथै स्थानीय खानेकुराका विभिन्न परिकार बनाउने र प्रदर्शन गर्ने, भेला, गोष्ठी, समूह तथा बैठकमा स्थानीय परिकारका खाना, नास्ता खुवाउने प्रचलन निरन्तर बढिरहेको छ ।

## ३.७ रैथाने बाली तथा पशुवस्तु प्रबर्धनको बढ्दो माग

कृषि तथा पशु विकासका योजनामा रैथाने बाली तथा बस्तुभाउ प्रबर्धनको ठोस कार्यक्रम बनाउन, विशेष कार्यक्रम र परियोजनाले यी विषयलाई प्राथमिकतामा पार्न दबाव बढिरहेको छ । पाँच वर्षअघिको तुलनामा अहिलेका कार्यक्रममा यी विषय समेटिएका छन् । साथै विश्व बैंकको सहयोगमा नेपाल सरकारले सञ्चालन गरेको खाद्य सुरक्षा परियोजनामा रैथाने बाली तथा बस्तुभाउ प्रबर्धन गर्ने क्रियाकलाप समावेश भएका छन् ।

हिजोआज जिल्ला सदरमुकामलगायत सुर्खेत, नेपालगञ्ज र काठमाडौंमा हुने भेला र बैठकमा यो विषयले चर्चा पाउन थालेको छ । आम सञ्चारमाध्यममा समेत यो सुनिन थालेको छ । स्थानीय बाली र चामल साट्ने सरकारी योजना यसतर्फको एक पाइला भन्न सकिन्छ । कर्णालीलगायत अन्य स्थानका विषादीरहित उत्पादनले आजभोलि निकै चर्चा पाउन थालेको छ । यस समूहले कर्णाली क्षेत्रका रैथाने उत्पादनसहित रसायन र विषादीरहित खानेकुराको सञ्जालमार्फत विक्रीवितरण गर्ने प्रयास गरेको छ । साथै, यसलाई सामाजिक उद्यमको रूपमा स्थापित गर्दै जाने उद्देश्यले सानो परिणाममा प्रशोधन र उपभोगका लागि बजारीकरण गर्ने कामसमेत भइरहेको छ ।

## ३.८ रसायन र विषादीमुक्त कर्णालीका लागि पहल

यस अवधिको मुख्य उपलब्धि नै रसायन र विषादीमुक्त कर्णालीको सवाल उठ्न थाल्नु हो । कर्णालीको खाद्य र कृषिका विभिन्न पक्षमा भएको व्यापक छलफल अन्तर्क्रियाले स्वस्थ खानेकुराको महत्वमात्र बढाएन- यसले यस्तो खानेकुरा खानका लागि कस्तो कृषि प्रणाली अपनाउनुपर्छ भन्ने कुरामा समेत छलफल गरायो । कर्णालीको हावापानी र माटोको विशेषताको जानकारीले यस क्षेत्रमा रसायनमा आधारित खेतीपाती सम्भव नहुने बुझेका अभियन्ता तथा अगुवाले रसायन, विषादी र प्लाष्टिक मुक्त कर्णाली अबको अभियान बनाउनुपर्ने कुरामा जोड दिएका छन् । यस अभियानमा अगुवा किसान, स्थानीय, प्रदेश सरकारहरू, जनप्रतिनिधिहरू, सञ्चारजगत् र आम बौद्धिक समुदाय सक्रिय हुन थालेका छन् । स्थानीय सरकारले यसका लाग नियमन कार्यविधि बनाउने, सेवा तथा सुविधा दिने र क्षमता अभिवृद्धिका काम गरेका छन् भने प्रदेश संसद्बाट जैविक कृषि ऐन नै अनुमोदन भइसकेको छ ।

साथै, यसका लागि, उपयुक्त कृषि प्रविधिको विकास र विस्तार, जैविक मल तथा विषादी तयार पार्ने, परीक्षण गर्ने र रैथाने कृषि प्रणालीलाई उन्नत बनाउँदै लैजान सम्बन्धित सरोकारवाला निकायमा संवाद र दबाव सृजना गर्न थालेका छन् ।

## ३.९ खाद्यका लागि कृषि अभियान

खाद्य तथा कृषि सरोकार समूह कर्णाली स्थानीय र क्षेत्रीय रूपमा केही कम सक्रिय भएको अवस्थामा केन्द्रीय रूपमा यस्ता स्वतःस्फूर्त अभियानलाई अझै सक्रिय र फराकिलो बनाउने उद्देश्यले खाद्यका लागि कृषि अभियानको सुरुवात सन २०१६ देखि गरियो । यस अभियान महिला, साना र भूमिहीन किसानका खाद्य, भूमि, कृषि र जलवायु जोखिमजस्ता सवालमा कार्यमूलक अनुसन्धान, नीतिगत बहस र जनवकालतमा हातेमालो गर्ने उद्देश्य लिएका उत्पादक किसान संगठन, गैर सरकारी संस्था र नागरिक समाजको साझा प्रयत्न हो । कृषिलाई एकीकृत रूपमा हेर्दै समग्र कृषि विकासको यस अभियानको मुख्य ध्येय हो । खाना र खेतीपातीमा चासो राख्ने तथा यो क्षेत्रमा संलग्न व्यक्ति तथा संस्थाको सामूहिक अभियानको रूपमा खाद्यका लागि कृषि अभियान सुरुवात भयो । खाद्यका लागि कृषि अभियानले समग्र नेपाललाई नै समेट्ने भए पनि खाद्य तथा कृषि सरोकार समूह कर्णालीकै निरन्तरतास्वरूप खाद्यका लागि कृषि अभियान कर्णालीको पनि सुरुवात गरिएको थियो । यो सुरुमा गैर सरकारी संस्थाको पहलबाट विस्तारित हेर्दै अहिले नागरिक अभियानको रूपमा स्थापित भएको छ ।

## ३.१० पर्यावरणीय कृषिको प्रवर्धन

विविधतायुक्त कृषि पर्यावरण भएको नेपालको सन्दर्भ, साथै कृत्रिम रसायन र विषादीमा आधारित खेतीपातीको विकल्पको रूपमा पर्यावरणीय कृषिको प्रवर्धन गर्ने काममा हामी संलग्न छौं । यस्तो पर्यावरणीय कृषि साना किसानको बाहुल्य भएको समग्र नेपाल त्यसमध्ये पनि कर्णालीजस्तो शुष्क र अर्धशुष्क क्षेत्र बढी भएको स्थानमा अझै बढी सुहाउँदो हुने कुरा आत्मसात् गर्दै कर्णालीका १० जिल्लामा पर्यावरणीय र जैविक खेतीका अभ्यास, परीक्षण र प्रशिक्षण गरिएको थियो- जसअनुरूप केही अगुवा किसानले यस्तो कृषिमा पुनः फर्किने कोशिस गरिरहेका छन् ।

## ३.११ स्थानीय, प्रदेश तथा केन्द्रीय सरकारको प्राङ्गारिकतर्फको यात्राः नीति तथा व्यवहार

विभिन्न समयमा कर्णाली प्रदेशसँग निरन्तर सहकार्य, छलफल र अन्तर्क्रिया गर्दै कर्णाली प्रदेश र प्रदेशका विभिन्न जिल्लाका लागि उपयुक्तकृषि ढाँचा, स्थानीय र रैथाने बाली, वस्तुभाउ तथा खेतीपातीको प्रवर्धनको काम गरिएको थियो । साथै आवश्यक पर्दा स्थानीय निकायलाई परामर्श दिने, कृषि योजना बनाउने काम पनि यस समूहले गर्‍यो । यसै अवधिमा कर्णाली प्रदेशले सिंगो प्रदेशलाई प्राङ्गारिक बनाउने यात्रा तह गर्‍यो र वि.सं.२०७५ मा घोषणा गर्‍यो ।


कर्णाली क्षेत्रको कृषि, खाद्य सुरक्षा र विकासका काममा गरेको योगदानलाई पहिचान गर्दै समूहका डा. कृष्णप्रसाद पौडेललाई कर्णाली प्रदेशको विज्ञ समूहमा नियुक्त गरिएको थियो । मुख्यतः कर्णालीका लागि उपयुक्त कृषिको ढाँचा बनाउनुमा डा. पौडेलको मुख्य योगदान रह्यो । प्रदेश सरकारले २०७६ मा प्रथम कर्णाली अर्गानिक (प्राङ्गारिक) कृषि सम्मेलनको आयोजना गरेको थियो- जसमा खाद्यका लागि कृषि अभियान सहआयोजक थियो ।




**फोटो ४ : प्रथम कर्णाली अर्गानिक कृषि सम्मेलन २०७६, सुर्खेत**

## संघीय सरकार

नीति-निर्माताहरूसँगको छलफल, बहस र प्रमाणका आधारमा गरिएको नीतिगत वकालतको परिणामस्वरूप र लामो समयको संलग्नतापछि नेपालका कृषि नीति खानाका लागि खेतीपातीतर्फ उन्मुख भएको पाइन्छ । नेपाल कम्युनिष्ट पार्टी (नेकपा) ले आफ्नो घोषणापत्रमा १० वर्षमा मुलुकलाई प्राङ्गारिक बनाउने भनी उल्लेख गऱ्यो । यस समूहका कृष्ण पौडेल र संघीय कृषि तथा पशुपक्षी विकास मन्त्रालयले २०७५ मा निर्माण गरेको १५ सदस्यीय प्राङ्गारिक कृषि प्रबर्धन उच्चस्तरीय कार्यदलको सदस्यका रूपमा चयन हुनुभएर कार्यदलको प्रतिवेदन लेखन कार्यको संयोजन गर्नुभएको थियो र उक्त प्रतिवेदन २०७६ जेठमा सार्वजनिक भइसकेको छ ।




(https://www.forestaction.org/app/webroot/vendor/tinymce/editor/plugins/filemanager/files/Workshop%20and%20Conference%20Report/Organic%20Agriculture.pdf)

त्यसैगरी उक्त कार्यदलले (संघीय कृषि तथा पशुपक्षी विकास मन्त्रालय) हाम्रो अभियानसँगको सहकार्यमा भारत, भुटान, क्युबाजस्ता देशका प्रतिनिधिलाई समेत बोलाएर वि.सं. २०७६ वैशाखमा पहिलो अन्तर्राष्ट्रिय प्राङ्गारिक कृषि सम्मेलन आयोजना गऱ्यो । यसै सम्मेलनमा देखिएको प्रस्तुतिका आधारमा खाद्यका लागि कृषि अभियानले प्राङ्गारिक कृषि सम्मेलन विशेषांक जर्नल प्रकाशन गरेको छ ।





**फोटो ५ : अन्तर्राष्ट्रिय प्राङ्गारिक कृषि सम्मेलन, २०७६, काठमाडौं**

यो समूह यस वर्षदेखि तराई/मधेसको खाना र खेतीपातीको सवालमा प्राथमिकतासाथ काम गर्ने सोचअनुरूप यहाँका सरोकार समूह र संगठित प्रयासको आँकलन गर्न सप्तरी, सिराहा, धनुषा, महोत्तरी र सर्लाही जिल्लाका विभिन्न गाउँपालिका भ्रमण, फार्म अवलोकन तथा प्रदेश कृषि मन्त्रालयसँग भेटघाट अनि छलफल गरेको छ ।

साथै, उक्त उच्चस्तरीय कार्यदलकै सुझाव अनुरूप कृषि मन्त्रालयमा छुट्टै प्राङ्गारिक कृषि एकाइ स्थापना भएको छ भने प्राङ्गारिक कृषि परिषद्को निर्माण आगामी वर्षसम्म हुने भनिएको छ । यसैबीच यस समूहका सदस्य कृष्णप्रसाद पौडेल नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) को सदस्यमा नियुक्त हुनुभएको छ । २०७७ को नियुक्तिलगत्तै कोभिड-१९ र बन्दाबन्दीको कारण उक्त परिषद्को काम तथा त्यसको परिणाम भने हेर्न बाँकी छ ।

## ३.१२ कोभिड-१९ र खेतीपाती

विश्वव्यापी महामारीको रूपमा गत डिसेम्बर २०१९ मा चीनको हुवान राज्यबाट फैलिएको कोरोना भाइरस कोभिड-१९ का कारण संसार नै आक्रान्त भएको छ । महामारीको रूपमा फैलिएको यस कोरोनाका कारण नेपालमा पनि चैत ११ गतेदेखि पूर्ण बन्दाबन्दी भयो । पूर्ण र आंशिक रूपमा बन्दाबन्दी हुँदा एक ठाउँबाट अर्को ठाउँसम्म आवतजावत आकस्मिकबाहेकका लागि असम्भव थियो । यो अवधिमा समूहले घरमै बसेर लेखापढी र अनलाइन सञ्जालको माध्यमबाट आफ्ना नियमित काम सञ्चालन गरेको थियो ।




यो अवधिमा मुख्यतः पुराना सक्नुपर्ने बाँकी दस्तावेज र भिडियो सम्पादनका काम, कार्यस्थल सम्पर्क सम्बन्ध, अप्ठेरोमा परेका समूह तथा समुदायलाई सहयोग, समूहको आन्तरिक छलफल तथा लेखरचना, कोभिड, खाना अनि खेतीपातीका वरिपरि अन्तर्क्रिया, छलफल एवं बहस सञ्चालन गर्ने साथै सहभागी  हुने गरिएको थियो । यस अवधिमा गरिएका अध्ययन, प्रकृतिमैत्री खेतीपातीबारे लेखरचना सम्पादन तथा प्रकाशनको काम गरियो । (अनुसूची १० मा हेर्नुहोस्) यसले कोभिड-१९, खाना र खेतीपातीबारे जनचेतना, चासो र चिन्तन मनन बढाएको छ । (https://forestaction.org/publications/view/301)

## ३.१३ खाद्य दिवस २०७७

हामी विगत चार वर्षदेखि कृषि विभागसँगको सहकार्यमा विश्व खाद्य दिवस मनाइरहेका छौं । यस वर्ष यो उत्सव मनाउने समयमा सम्पूर्ण विश्व कोभिड-१९ को महामारीले ग्रस्त थियो । कोभिड-१९ महामारीको सुरुदेखि नै हामी कोभिड-१९ ले खाना र कृषिमा पार्ने प्रभाव र स्थानीय स्तरमा त्यसले निम्त्याउने परिस्थितिसँग जुध्नका लागि उत्तम अभ्यासबारे अन्वेषण गर्न सक्रिय रूपमा संलग्न थियौं ।

यस्तो आकस्मिक अवस्थाले हामीलाई विश्व खाद्य दिवसको अवसरमा खाद्यान्न उत्सव मनाउने हाम्रो विगतको अभ्यासलाई पुनर्विचार गर्न बाध्य तुल्यायो । तसर्थ खाद्यका लागि कृषि अभियानमा संलग्न व्यक्ति तथा संघ-संस्थाको गठबन्धनले यस वर्षको विश्व खाद्य दिवसको अवसरमा आयोजना गरिने कार्यक्रमलाई सम्भावित सबै संघसंस्थालाई संलग्न हुने अवसर मिल्नेगरी खाद्यान्न र कृषिमा सार्वजनिक बहसका लागि अनलाइन साझा मञ्चको रूपमा आयोजना गर्ने निर्णय भयो ।

सबै सदस्यको सक्रिय संलग्नता र प्रतिबद्धताका साथ हामीले विषयगत सत्रहरू साथसाथै समापन र उद्घाटन सत्रहरू, खाद्य सामग्री उपहार, कोभिड-१९ प्रभावित समूहलाई जैविक खानाको वितरण र खाद्य तथा कृषि मुद्दाबारे दोहोरी गीत सार्वजनिक गर्नेजस्ता कार्यक्रम आयोजना गरियो ।




**फोटो ६: खाद्य सप्ताह २०२० भर्चुअल छलफल, काठमाण्डौ**

यस कार्यक्रमको प्रमुख उद्देश्य नेपालमा कृषि विकासको वर्तमान परिप्रेक्ष्यमा खाद्यान्नको लागि कृषिको महत्व बुझाउनु र खाद्य तथा कृषिका मुद्दाबारे जनचेतना जगाउनु थियो । साथै खाद्यान्न र कृषिसम्बन्धी प्रभावकारी नीतिगत उपाय तर्जुमा गर्नका लागि नीति-निर्मातालाई दबाव सिर्जना गर्न जनता, किसान र खेतीपातीमा संलग्न समुदायको सामूहिक आवाज उठाउने फोरम बनाउनु थियो ।

यस कार्यक्रममा सामाजिक सञ्जालको प्रयोग, कृषि दोहोरी गीत रचना, कोभिड-१९ प्रभावित समूहलाई जैविक खानाको वितरण र स्थानीय वा रैथाने खाद्य सामग्रीको उपहार प्याकेज र अगुवा किसानलाई पुरस्कारजस्ता प्रमुख गतिविधि मञ्चद्वारा सञ्चालित भएका थिए । यो एकै ठाउँबाट २० विभिन्न संगठनद्वारा यो कार्यक्रम आयोजना भएको थियो ।

१० विषयगत सत्रमा कृषि सञ्चार; कृषि शिक्षा; कोभिड-१९ को खाना र कृषिमा प्रभाव; खाद्य अधिकार, खाद्य सम्प्रभुता, खाद्य सुरक्षा र भूमिहीनताबारे नीतिगत छलफल; कर्णाली र तराई/मधेसको कृषि; ग्रामीण महिला किसानको भूमिका; र खाद्य सुरक्षाको लागि कृषि जैविक विविधताको योगदानलगायत खाद्य र कृषिका विभिन्न आयाम समावेश गरिएको थियो ।

विश्व खाद्य दिवसलाई एउटा मञ्चका रूपमा प्रयोग गरिए पनि अभियानका प्रमुख र साझा विषयवस्तु खानाको लागि कृषि हो । विगतका वर्षमा एक दिनमा सीमित कार्यक्रमलाई यस वर्ष सप्ताहव्यापी कार्यक्रममा विस्तार गरिएता पनि प्रमुख चुनौती भनेको आन्दोलनका कार्यक्रमलाई महिना हुँदै वर्षभरिमा कसरी चलायमान राख्ने भन्ने हो ।

यस कार्यक्रमले जैविक कृषिसम्बन्धी आफ्नो स्थिति स्पष्ट पार्न र कृषि तथा पशु विकास मन्त्रालयद्वारा गठित जैविक कृषि विषयक अध्ययन टोलीको शिफारिसहरू (विशेषगरी एक स्वतन्त्र र स्रोतसम्पन्न जैविक परिषद्को स्थापना) कार्यान्वयन गर्न सरकारलाई दबाव बढेको छ । साथै, सरकारलाई कृषि नीतिलाई खानाका लागि कृषि गर्ने प्राथमिकतामा जोड दिनसमेत दबाव बढेको छ ।

खाद्य र कृषिका विषयवस्तुलाई व्यापक सार्वजनिक बहसमा राख्न सप्ताहव्यापी छलफल कार्यक्रम सफल भयो । सप्ताहव्यापी गतिविधिले हामीलाई जैविक तथा आलोचनात्मक बौद्धिकहरु, अन्वेषकहरू, अभियानकर्ताहरू, सञ्चार समूहहरू र अन्य पक्षमा पुग्न अवसर प्रदान गर्‍यो । यसले अभियानको शक्ति पुनः जीवित गर्न र यसको सीमा महशुस गर्न पनि मद्दत गर्‍यो ।

यस कार्यक्रमले जैविक कृषिसम्बन्धी आफ्नो स्थिति स्पष्ट पार्न र कृषि तथा पशु विकास मन्त्रालयद्वारा गठित जैविक कृषि विषयक अध्ययन टोलीको शिफारिस (विशेषगरी एक स्वतन्त्र र स्रोतसम्पन्न जैविक परिषद्को स्थापना) कार्यान्वयन गर्न सरकारलाई दबाव बढेको छ । साथै, सरकारलाई कृषि नीतिहरुलाई खानाका लागि कृषि गर्ने प्राथमिकतामा जोड दिनसमेत दबाव बढेको छ ।

अन्त्यमा, हामी सबै सहभागी, वक्ता, टिप्पणीकार, सञ्चार र सहयोगी साझेदारको उदार योगदानको उच्च कदर गर्दै दिगो खाद्य प्रणालीको अनुभूति गर्न सधैंझैं हातेमालो गर्न प्रतिबद्ध हुनेमा विस्वस्त छौं ।




**फोटो ७: खाद्य सप्ताह २०२० समापन समारोह, काठमाण्डौ**




**फोटो ८ः खाद्य सप्ताह २०२० को खाद्य उपहार**

## ४. अभियानका कोसेढुङ्गाहरू

यस खण्डमा माथि उल्लेखित उपलब्धि र परिवर्तनका लागि गरिएका शृङ्खलाबद्ध प्रयासको छोटो विवरण तल राखिएको समय रेखाचित्रमा प्रस्तुत गरिएको छ । विस्तृत जानकारीका लागि अनुसूची ४ मा हेर्नुहोस् ।

## ५. फेरिएको सन्दर्भ

१० वर्षअघि यो अभियान सुरु गर्ने बेला र अहिलेको सन्दर्भमा व्यापक फेरबदल आएको छ । मुख्यतः सामाजिक, आर्थिक, राजनीतिक र पर्यावरणीय क्षेत्रमा व्यापक फेरबदल आएको छ । यी सबै कुराले खाना र कृषिको सवालमा अझ फरक पारेको छ । यसैबीच नयाँ संविधानअन्तर्गत तीन तहको सरकारले केही क्षेत्रमा तत्कालीन अन्यौलले चुनौती देखिए पनि नयाँ सम्भावना र अवसरसमेत थपिएको छ । । खाना र खेतीपातीको सवालमा स्थानीय र प्रदेश सरकार तथा जनप्रतिनिधिको ध्यान जान थालेको आभास भएको छ । रैथाने खाना र खेतीपातीले महत्व पाएको छ । कृषि योजना र कार्यक्रमको प्राथमिकतामा पर्न थालेको छ । हालैको (२०७७ साल) कोभिड-१९ को सन्दर्भमा जनस्वास्थ्यजत्तिकै बढी छलफल भएको र व्यापकता पाएको क्षेत्र पनि खाना र खेतीपाती नै हो । यसले खाना र कृषिबारे पुनर्विचार गर्नसमेत मद्दत गऱ्यो र भविष्यको खाना र खेतीपातीबारे सोच्न हामी सबैलाई घच्घच्यायो । यससँगै धेरै अर्थमा खाना र कृषिका मुद्दाले प्राथमिकता पाएको छ । पछिल्लो १० वर्षमा हामीले देखेका परिवर्तन निम्न छन् ।

स्थानीय उत्पादनको माग र बजार विस्तार भएको छ । खासगरी कर्णालीका सिमी, स्याउको बजार विस्तार भएको छ । स्थानीय, रैथाने बाली संरक्षणको जनचासो क्रमिक रूपमा बढिरहेको छ । यसक्षेत्रमा काम गर्ने सरोकारवालाले स्थानीय र रैथाने बाली प्रबर्धन गर्नुपर्ने कुरामा सैद्धान्तिक सहमति जनाउन, सोअनुरूपका योजना तथा कार्यक्रम बनाउनुपर्ने कुरा स्वीकार गर्न थालेका छन् । राजनीतिक र सबै सरकारका तहमा समेत यसबारे चर्चा हुन थालेको छ ।

दोस्रो संविधानसभाबाट संविधान जारी भएपछि संविधानप्रदत्त व्यवस्थाअनुसार बलियो स्थानीय सरकारको अवधारणासहित तिनै तहको निर्वाचन भई संघ, प्रदेश तथा स्थानीय सरकार निर्माण तथा सञ्चालनको अभ्यास भइरहेको छ ।

यस अवधिमा केही नीतिगत र संस्थागत प्रयास भएका छन् । कर्णाली विकास आयोग बन्यो तर कर्णालीवासीले अपेक्षा गरेको कर्णाली क्षेत्रको विकासको सार्थक पहल नहुँदै भागबण्डा र खिचातानीबीच यो आयोग निष्क्रिय भइसकेको छ । प्राङ्गारिक कृषि अध्ययन कार्यदल, मन्त्रालयमा जैविक कृषि प्रबर्धन एकाइ, सुर्खेत र काठमाडौंमा भएका अन्तर्राष्ट्रिय कृषि सम्मेलन यसका थप उदाहरण हुन् ।

देशभर बाटाघाटा बन्ने प्रक्रिया तीव्र छ । वर्षातमा बाढीपहिरोसँगै बाटो बनाउने कार्यले डोजर आतंक नै मच्चिएको छ । बाटो नै नपुगेका हिमाली भेग बाटो पुगेको छ भने बाटो भएका ठाउँमा यी फराकिला बनाउने काम भइरहेको छ । कर्णाली राजमार्गले कालीकोट, जुम्ला र मुगूलाई जोडेको छ भने बाजुरा कोल्टी हुँदै श्रीनगर पुग्ने सडकको विस्तार हुँदैछ । जाजरकोट, रुकुम र जुम्लाबाट डोल्पा जाने सडक बनाउने कार्य भइरहेको छ । हुम्ला उत्तर र दक्षिण दुवैतिरबाट जोडिने क्रममा छ । स्थानीय सरकारको निर्माणपछि हरेक गाउँपालिका सडक सञ्जालबाट जोडिने क्रममा छन् ।

स्थानीय तथा प्रदेश सरकारको विस्तारले गर्दा प्रशासनिक कार्यदेखि नीति निर्माणको तहमा स्थानीय पहुँचमा बृद्धि भएको छ ।

अन्यत्रजस्तै आम्दानी र रोजगारीको समस्या यस क्षेत्रमा पनि विकराल बन्दैछ । मौसमी बसाइँसराइको अवधि लम्बिएको छ । गाउँघरबाट सदरमुकाम र सहर हुँदै मधेससम्म सर्ने जमात थपिएको छ । यसले बाँझो जग्गामा पनि बृद्धि भएको छ ।

अव्यवस्थित रूपले निर्माण भएका व्यक्तिगत तथा सार्वजनिक संरचना, अन्धाधुन्द खनेका सडक सञ्जालले खेतीयोग्य जमिनमा कमी भएको छ । साथै कुलो, पोखरीजस्ता संरचनामा पनि क्षति पुगेको छ र जमिनको क्षयीकरण बढ्दो छ ।

अन्य क्षेत्रजस्तै कृषिमा पनि परनिर्भरता बढ्दो छ - जसले गर्दा बिउबीजनमा पनि परनिर्भरता देखिएको छ । यसले स्थानीय बाली लोप हुँदै गएका छन् ।

महामारीको रूप लिएको कोभिड-१९ ले खाना र खेतीपातीलगायत सम्पूर्ण क्षेत्रमा व्यापक प्रभाव  पारेको छ । देशभर नै यसले समाज, अर्थतन्त्र र राजनीतिसमेत प्रभावित भएको छ । वैदेशिक रोजगारी आम्दानी, आयात र श्रम बजारमा यसको व्यापक प्रभाव देखिएको छ ।

नेपालको संविधानले पहिलोचोटि खाद्यको हकलाई मौलिक हकको रूपमा व्यवस्था गरी खेतीपाती तथा खानाको मुद्दालाई संवैधानिक रूपमा सम्बोधन गरेको छ ।

कर्णाली प्रदेश तहको निर्वाचनपछि गठित प्रदेश सरकारले यस प्रदेशलाई प्राङ्गारिक कृषिका लागि आधार तयार गर्ने भनी मन्त्रिपरिषद्ले मिति २०७४ फागुन ३ गते गरेको निर्णयले प्राङ्गारिक कृषिको महत्व नीतिगत रूपमै अझ बढेको छ । यसले जैविक खेतीपातीको सवालले व्यापक सार्वजनिक चर्चा परिचर्चा पाउन थालेको छ ।

यी सबै कुराले किसान समुदायको जनजीवनमा थप प्रभाव पारेको छ । यस अर्थमा यस अभियानले उठाएका सवालको सान्दर्भिकता अझ बढेको छ ।

## ६. मुख्य सवालहरू

१० वर्षको अवधिमा केही फेरिएका सन्दर्भको सामना गऱ्यौं, केही सकारात्मक प्रतिफल र परिणाम, केही गर्व गर्नलायक उपलब्धि पनि भएका छन् । साथै केही नयाँ सवाल पनि थपिएका छन् । यी सवाल समीक्षा तथा छलफलका लागि यो खण्डमा प्रस्तुत गरिएको छ ।



**फोटो ९ : काठको दुनोमा हातले तोरीको तेल निकाल्दै, तातोपानी जुम्ला**

**स्थानीय विशेषताको आधारमा दिगो कृषि प्रर्णालीको प्रबर्धनमा जोडः** कर्णाली क्षेत्रको स्थानीय विशेषताको आधारमा दिगो कृषि प्रणालीको प्रबर्द्धन गर्नका लागि सबै सरोकार समूहसँग अन्तरसंवाद गरी सबै तहमा व्यापक चेतना विस्तार, स्थानीय विशेषताअनुरूपको कृषि प्रविधि विकास, परीक्षण र विस्तार गर्न सरकारी तथा गैर सरकारीबीचको सहकार्य र समन्वय ।

**रसायन र विषादीमुक्त स्थानीय उत्पादनमा जोडः** रसायन र विषादीको खानामा प्रभाव, स्वास्थ्यमा यसको असरबारे जनचेतना, जैविक मल, औषधि विकास परीक्षण र प्रसार ।

**स्थानीय सरकारको खाद्य र कृषिको नीति र योजना बनाउन दबावः** अब बन्ने स्थानीय सरकारको मुख्य कार्यभार रहेको खाद्य, कृषि र भूमिको ऐन, नीति, नियमावली, मापदण्ड र योजना बनाउन तथा कार्यान्वयनलाई नियमन गर्ने पद्धति निर्माण गर्न स्थानीय सहभागिता ।

**बलियो कर्णाली सरोकार समूह र यसको विस्तारः** कर्णाली खाद्य र कृषि सरोकार समूहका अभियन्ता, स्थानीय समूहको क्षमता अभिवृद्धि, सवालमा स्पष्टता, अभियानप्रतिको प्रतिबद्धता निर्माण गर्दै स्थानीय, प्रदेश र संघीय तहमा नीतिगत बहस तथा छलफल चलाउने ।

**विकासे ज्ञान र दानले निम्त्याएको परनिर्भरताः** विगत चार दशकदेखि नेपालको विकासमा साझेदारी गर्ने दातृ निकायको सहयोगमा ग्रामीण किसान समुदायमा विशेषगरी कर्णाली क्षेत्रमा अनुदानमा खाद्यान्न सहायता र अन्य विकास निर्माणको काम भइरहेको छ । विकासे ज्ञानसँगै आएको यस्तो सहायताको परिणामले जीवनयापन सहज बनाउन सघाउने भन्दा स्थानीयहरूको अपेक्षा र परनिर्भरता बढाएको छ । यसबाट परिवार र छरछिमेक तहमै गर्ने तथा सामूहिक रूपमा समुदायले सम्पन्न गर्ने सानातिना सहयोग र सहकारिताको चालचलनसमेत प्रभावित भएको छ । हरेक कुरामा बाह्य सहयोग कुर्ने बानी बढेको छ ।

**सरकारी प्राथमिकतामा पूर्वाधार विकासमात्रः** बाह्य र दाताको सहयोग प्रशस्त भए पनि सरकारी तवरको योजना तथा कार्यक्रममा कर्णाली क्षेत्र सधैं अपेक्षित रहयो । सामाजिक र आर्थिकभन्दा पनि पूर्वाधार विकासमा मात्र सरकारको ध्यान गयो । भौगोलिक विकटता, अनियमितता तथा प्राथमिकतामा नपर्नुले यस्ता पूर्वाधार विकास पनि आर्थिक लगानीअनुरूपको प्रतिफल दिन सफल भएनन् ।

**फेरिएका प्राथमिकताः** १० वर्षको अवधिमा खासगरी पछिल्लो तीनचार वर्षदेखि प्राङ्गारिक कृषि, स्वस्थ्य खाना र खानासँग जोडिएको स्वास्थ्यको बहस र छलफल अघि बढ्न थाल्यो । यस्ता बहसले व्यक्ति, परिवार, स्थानीय समूह र अभियन्तालाई मात्र छोएन- केही हदसम्म राजनीतिकर्मी तथा नीति-निर्मातालाई समेत छोयो । यसैको परिणाम मान्न सकिन्छ- देशलाई १० वर्षमा प्राङ्गारिक बनाउने नेकपाको घोषणा र स्थानीय तथा प्रदेश सरकारको प्राङ्गारिकतर्फको यात्रालाई । यस अर्थमा खाना र खेतीपातीको क्षेत्रका प्राथमिकतामा केही परिवर्तन आए । त्यसैगरी हालै (२०७६ सालमा) फैलिएको कोभिडको महामारीले खाना र

खेतीपाती त्यो पनि स्थानीय रूपमा बाह्य सामग्रीविना उत्पादन गरिएको खानाको महत्व अझै बढाएको छ । आम उपभोक्ता पनि यस्ता उत्पादनतर्फ लाग्न र विचार गर्न थालेका छन् ।

सँगै, संघीयता लागू भएपछि स्थानीय स्तरमा आएका अधिकार र कर्तव्यसँगै स्थानीय सरकारको अगुवाइमा गर्न सकिने काम विशेषतः स्थानीय तहमा नै रोजगारी तथा आम्दानी बढाउनु प्राथमिकतामा पार्नुपर्ने आवश्यकता बढेको छ । स्थानीय सरकार तथा प्रतिनिधिहरूलाई यसले अझ बढी जिम्मेबार हुनुपर्ने भएको छ ।

बदलिँदो परिस्थितिमा बढीभन्दा बढी पुरुष बाहिरिने सन्दर्भमा साथै महिलाको सशक्तीकरणका लागि पनि स्थानीय स्तरमा महिलाहरू जो खेतीपातीमा संलग्न छन्- उनीहरूको उद्यमशीलताकेन्द्रित विकासको काम गर्न आवश्यक देखिन्छ । त्यस्तै गरी युवाको घट्दो खेतीपातीप्रतिको आकर्षण र घट्दो श्रमको उपलब्धताको अवस्थामा सहकारिता र सामूहिकतामा आधारित खेतीपातीको महत्व अझै बढ्दै गएको छ ।

## ७. आत्मसमीक्षा र भविष्यको कार्यदिशा

खाद्य तथा कृषि क्षेत्र आफैंमा बृहत् र फराकिलो छ । हाम्रा साना प्रयत्नबाट ठूला परिवर्तनको अपेक्षा आफैंमा बढाइचढाइमात्र हुन जान्छ । यस सुरुआती अवधिमा गरिएका यी साना तर रणनीतिक कदमको बहुआयामिक प्रभाव भने ठूलै परेको छ । यस अवधिको हाम्रा प्रयत्नको मुख्य ध्येय कर्णालीको खाद्य तथा कृषिलाई जनचासोको सवाल बनाउँदै यसका सरोकारवालाको जिम्मेवारीबोधलाई सिंहावलोकन गर्न सहजीकरण गर्दै उनीहरूको सेवा र अभ्यासलाई प्रभावकारी बनाउनमा नै केन्द्रित रहे । यसो गर्दा हाम्रो संलग्न सहजीकरण र केही हदसम्म सचेतना तथा क्षमता अभिवृद्धि गर्नमै सीमित रहे ।

यो अवधिको हाम्रो यात्रा सधैं सहज भने रहेन । सहयात्रीबीच साझा मूल्य मान्यता बनाउने र तिनैका आधारमा अनुशासित भएर अघि बढ्ने सोचमा बेला/बेलामा कमी कमजोरी देखिए । गल्तीलाई देखाउने र सच्याउने भन्दा कोट्याउने र बल्झाउने गर्दा हामी सबैको गति बेला/बेलामा सुस्त हुन पुग्यो । कतिकति बेला त कमजोरीहरू झाँगिएर भएका प्रयास र उपलब्धि समेत ढाकिने हो कि भन्नेसम्म लाग्यो । यति हुँदाहुँदै पनि प्राप्त उपलब्धिहरू उत्साहित नै बनाउने भए भन्न सकिनेछन् ।

भौगोलिक विकटता, आवतजावतमा हुने समस्यालगायतका कारण बिरलै हुने अन्तर्क्रिया र संवादले सरोकारवालाको सहभागिता तथा सक्रिय संलग्नता सधैं एउटा चुनौतीको रूपमा रहने गरेको छ । अब बन्ने स्थानीय तहको संरचनाले यो सवाललाई फरक ढङ्गले सम्बोधन गर्न सहयोग पुग्ने अपेक्षा गर्न सकिन्छ किनकि अहिलेको अवस्थामा काठमाडौंकेन्द्रित स्रोत र निर्णय प्रक्रियाले अभियानको दबावलाई टार्न सजिलै सकिन्थ्यो । अब खाद्य र कृषिका कार्यभार स्थानीय सरकारमा रहने प्रावधानले यो सवालको सम्बोधन गर्न गराउन अपेक्षित रूपमा सजिलो हुने देखिन्छ ।

यस अवधिमा हामीले सबै तहका सरकारसँग सहकार्य गरेका छौं । धेरै हदसम्म तीनै तहका सरकारसँगको सहकार्य प्रभावकारी रहयो । यसो भनिरहँदा केही औपचारिक प्रक्रिया र कर्मचारीतन्त्रको ढिलासुस्ती र बेलाबेला अप्ठ्यारो पनि महशुस नभएको भने होइन तर समग्रमा हामी यो सहकार्यले हाम्रा प्रयासको प्रभावकारिता बढाउन योगदान पुगेको छ । यसलाई सकारात्मक रूपमा लिएका छौं ।

स्थानीय तह, प्रदेश तथा केन्द्रीय सरकारसँग स्थानीय विशेषतामा आधारित कृषि, कृत्रिम रसायन र विषादीरहित खाना, पर्यावरणीय कृषि, अगुवा कार्यकर्ता तथा किसानको क्षमता अभिवृद्धि क्षेत्रमा भएको हाम्रो संलग्नता र त्यसबाट आएका केही प्रतिफल तथा आशातीत परिणामप्रति हामी आफैं पनि धेरै नै आशावादी छौं । यसले भविष्यमा थप क्रियाशील हुन हामी सबैलाई उत्साहित बनाउनेमा विश्वस्त छौं । एक तहमा हामीले प्राङ्गारिक, पर्यावरणीय, रसायन र विषादीरहित खानाका लागि गरिने खेतीपातीलाई खुट्टा टेकाउने जमर्कोसम्म गर्‍यौं । आशा छ- यसले आफैं पाइला सार्दै जानेछ ।

१० वर्षअघि सम्झँदा हामीले कर्णालीको अभियन्ताले नै गरेको प्रश्न जुन हामी (बाहिरिया)ले कर्णालीको खाद्य र खेतीपातीबारे विचार गर्न सक्छौं कि सक्दैनौं भन्ने प्रश्नलाई उहाँहरूतर्फ नै फर्काउँदै आशा गरेका छौं । अभियन्ताहरूले यही प्रश्न आफैंलाई पनि सोध्ने छन् र आफ्नो क्षेत्रको खाना तथा खेतीपाती सम्हाल्न अग्रसर हुनेछ ।

अन्त्यमा, खाद्य तथा कृषि सरोकारको अबको यात्रा कर्णाली कृषि तथा खाद्य सरोकार समूहलाई सशक्त बनाउँदै यस क्षेत्रको शुष्क तथा अर्धशुष्क कृषि विशेषतामा आधारित रसायन र विषादीमुक्त खेती प्रणालीको विकासमा लाग्न सबै सरोकारवाला समूहलाई अझ सशक्त दबाव सिर्जना गर्नु हो । यसका लागि संविधानले निर्दिष्ट गरेको तीन तहको सरकारको निर्वाचनसँगै खाद्य र कृषिको स्थानीय कानून तथा यसलाई लागू गर्न आवश्यक अन्य दस्तावेज बनाउन सहयोग गर्ने, स्थानीय स्तरमा कृषि प्रविधि विकास र फैलाउन पहल गर्ने अनि यो अभियानलाई जनस्तरसम्म पुर्‍याउने निरन्तर पहल गरिरहने अपेक्षा गर्न सकिन्छ । यहाँसम्म आइपुग्दा यस्ता अभियान पनि चलिरहोस् तर सामुदायिक स्तरमा सञ्चालन गर्न सकिने स्वचालित रूपको सामाजिक उद्यमको महत्व अझै बढेको देखिन्छ । हाम्रो समूहले पछिल्लो १० वर्षमा जसरी काम गर्‍यो- त्यसभन्दा अलि फरक हिसाबले समुदायमा खाद्यान्न उत्पादन तथा प्रविधिमा आधारित सामाजिक उद्यमशीलतामार्फत समुदायसँग निरन्तर संलग्न रहने योजनासहित अघि बढेको छ ।

# ८. अनुसूचीहरू

## अनुसूची १ः क्षमता अभिवृद्धि तथा अगुवाहरुको परिचालन

### दिगो खेतीपातीका लागि सामाजिक रूपान्तरण तालिम

सामाजिक परिवर्तनको लागि तीव्र रूपमा दबाव बढिरहेको बेला वर्तमान शिक्षा पद्धति तथा सिकाइको ढाँचा र पद्धतिले सामाजिक रूपमा वञ्चित गरिएका र पछाडि पारिएकाहरूले भोगेका समस्यालाई सम्बोधन गर्न सकेको छैन । यो सिकाइको ढाँचा बृहत् रूपमा जनसमुदायको अन्तर्निहित सम्भावनाको पहिचान गर्न असफल भएको छ । वर्तमान शिक्षा पद्धतिले हाम्रो यथार्थलाई सम्बोधन गर्न सकेको छैन । शिक्षा पद्धतिलाई आजको आवश्यकता र चाहनाप्रति अझै बढी उत्तरदायी बनाउन पुनर्विचार गर्न आवश्यक देखिएकाले यस दिगो खेतीपातीका लागि सामाजिक रूपान्तरण तालिमको थालनी गरिएको थियो । सुरुमा दिगो विकासका लागि सामाजिक रूपान्तरण नाममा सञ्चालन गरिएको यो तालिम फरक/फरक परिवेशमा गएका १० वर्षदेखि निरन्तर सञ्चालन भइरहेको छ ।

यो ६० दिनको शृङ्खलाबद्ध आवासीय तालिम १८ महिना अवधिको छ । यो सरदर तीन महिनाको अन्तरालमा आठदेखि १२ दिनसम्म सञ्चालन हुन्छ । यसमा अन्तर्क्रिया गरेर प्रत्येक व्यक्तिलाई देख्ने, जान्ने र आफैं गर्ने पद्धतिमा जोड दिइन्छ । पहिलो शृङ्खलापछि सहभागीले विषयवस्तुलाई उनीहरूको कामसँग जोड्दछन् र प्रशिक्षकले उक्त सिकाइलाई व्यावहारिक रूपमा लागू गर्न र समाजमा भएको कार्यलाई अझ बलियो बनाउन सहयोग गर्दछन् । सहभागीहरू प्रत्येक तीन महिनामा तालिमकेन्द्रमा घटना, समस्या र सफलताका जानकारी लिएर आउँछन्- जुन कुरा समूहमा छलफल हुन्छ र आवश्यक कार्य तथा नयाँ ज्ञान पाउँछन् । पाठ्यक्रम अवधिमा एक हप्ताजति नेपालभित्रको अध्ययन भ्रमण पनि गरिन्छ । कोर्स विभिन्न शृङ्खलामा विभाजन गरिएको छ र प्रत्येक सहभागीले आफ्नो परिवेशबाट सिक्न सुरु गरेर बिस्तारै परिवार, समुदाय, जिल्ला र राष्ट्रस्तरमा हुने प्रक्रियाको विश्लेषण गर्दछन् । हालसम्म यस पाठ्यक्रममा सहभागी भएका कर्णाली क्षेत्रका किसानको सूची यसप्रकार रहेको छः

**दिगो खेतीपातीका लागि सामाजिक रूपान्तरण तालिममा कर्णालीका सहभागी**

| | | | | |
|---|---|---|---|---|
| **पहिलो समूह** | **१** | **डबलबहादुर रोकाया** | **जुगाडा ८, बाजुरा** | **९७४९०१०९१०** |
| | २ | बिर्शबहादुर नेपाली | जुम्ला | ९७४८०१००९१ |
| | ३ | बलबहादुर बुढा | डिल्लीचौर ३, जुम्ला | ९७४८९११३८६ |
| | ४ | तुला रावल | जुगाडा ८, बाजुरा | ९८१४७५६१६७ |
| **दोस्रो समूह** | ५ | तारा कार्मारोङ्ग | पुलु, मुगू | ९८१३१२५५६३ |
| | ६ | हर्कबहादुर सार्की | धैनकोट, मुगू | ९८४६३२०६२५ |
| **तेस्रो समूह** | ७ | जयलक्ष्मी मल्ल | गमगढी, मुगू | ९८४८३१७७८० |
| | ८ | जवारीलाल परियार | हुम्ला | ९८४८३४१८४५ |
| | ९ | रघुलाल टमट्टा | हुम्ला | ९८४८३८५५९५ |
| | १० | हरिलाल नेपाली | भिईं, मुगू | ९८४८३२३३४१ |

# अनुसूची २ः कर्णाली खाद्य तथा कृषि सरोकार समूह

## कर्णाली खाद्य तथा कृषि सरोकार समूहका जिल्ला संयोजक र सचिवालय

| संस्था | जिल्ला संयोजक | सम्पर्क नं. |
|---|---|---|
| एकीकृत सामुदायिक विकास तथा अनुसन्धान केन्द्र (ICDRC), हुम्ला | नवराज महतारा | ९८५११ २४६१० |
| पश्चिमी उच्च पहाडी विकास संगठन  नेपाल, (UDAN), डोल्पा | नन्दसिंह बुढा | ९७४८ ९०२४०१ |
| सामुदायिक विकास स्रोत केन्द्र (CDRC), बाजुरा | वीरबहादुर रावल | ९७४९ ००५८०७ |
| आत्मसम्मानका लागि सहकार्य (CAD) नेपाल, जुम्ला | धनबहादुर गौतम | ९८४८२७४८५० |
| मानवअधिकार तथा सञ्चार विकास केन्द्र (HURDEC, कालीकोट | कालीबहादुर मल्ल | ९८४८ ३१०५७० |
| जनसमुदाय सेवा केन्द्र (PSC), मुगू | सन्तोषकुमार मल्ल | ९७४८ ९००५५७ |

## अभियानका तत्कालिन संस्थागत सहयात्रीहरु

१. आत्मसम्मानका लागि सहकार्य नेपाल (CAD), जुम्ला

२. इन्डेभ, नेपाल

३. एकीकृत सामुदायिक विकास तथा अनुसन्धान केन्द्र (ICDRC), हुम्ला

४. कर्णाली खाद्य तथा कृषि अभियान, कर्णाली प्रदेश

५. जनसमुदाय सेवा केन्द्र (PSC), मुगू

६. हजारौ छालहरू (Thausand Currents), अमेरिका

७. पश्चिमी उच्च पहाडी विकास संगठन नेपाल, (UDAN) डोल्पा

८. फास्टनोप्फर, स्विट्जरलैण्ड

९. मानवअधिकार तथा सञ्चार विकास केन्द्र, (HURDEC) कालीकोट

१०. वातावरणीय कृषि तथा विकास केन्द्र, काठमाडौं

११. सामुदायिक विकास स्रोत केन्द्र (CDRC), बाजुरा

१२. जैविक नेपाल अभियान काठमाडौं

## अनुसूची ३ः कर्णाली खाद्य तथा कृषि सरोकार समूहद्वारा प्रस्तुत

### कर्णाली क्षेत्रको कृषि प्रणालीको विद्यमान अस्पष्टता, अवसर र सम्भावना

### १. कृषि विकासको राष्ट्रिय सन्दर्भ

वि.सं. १९७८ मा सरकारी स्तरबाट कृषि अड्डाको स्थापनाबाट सुरु भएको नेपालको कृषिको योजनाबद्ध विकास  वि.सं. २००७ मा विश्व खाद्य तथा कृषि संगठनको सदस्य हुँदै वि.सं. २००८मा कृषि विभागको स्थापनाबाट अघि बढेको इतिहास छ । समयको विकाससँगै वि.सं. २०२३ मा कृषि विभागलाई विभिन्न पाँचवटा शाखामा विभाजन गर्दै अघि बढेको नेपालको कृषि क्षेत्र आजको दिनसम्म आइपुग्दा देशको कुल जनसंख्याको दुइ तिहाई जनताको मुख्य पेशाको रूपमा रही देशको कुल राष्ट्रिय आम्दानीको एक तिहाइ (*कृषि विकास विभागको वार्षिक प्रगति प्रतिवेदन २०६८*) योगदान गरेको नेपालको संस्थागत कृषि विकासको आजको पद्धति हाम्रो देशको भौगोलिक तथा हावापानीको विविधतामा भएका सम्भावनालाई उजागर गर्ने भन्दा एकात्मक रूपमा काठमाडौं केन्द्रीकृत व्यवस्थाद्वारा निर्धारित देखिन्छ । नेपालको कृषि विकासका आजसम्मका योजना स्वयं पनि आयातित ढाँचामा भएका कारण देशमा भएका हिमाल, पहाड र तराईको भौगोलिक विविधता सम्बोधन गर्ने भन्दा एकात्मक पश्चिमा ढर्राबाट ग्रसित छन् । कृषि विकास योजनाको झण्डै सात शताब्दीपुग्दा समेत २००७ देखिकै कृषि योजनाको पुरानो संस्थागत संरचना कायमै छ । यसले न नेपालका तराई क्षेत्रका उत्पादन क्षेत्रलाई सम्बोधन गर्न सकेको छ न त कर्णालीजस्ता शुष्क कृषि क्षेत्र नै आत्मनिर्भर हुन सकेका छन्  । वर्तमान कृषिको पुरातनवादी योजना तर्जुमाको संस्कारले कुल राष्ट्रिय बजेटको झण्डै तीन प्रतिशतमात्र बजेट पनि अनुत्पादक हुन पुगेको सहजै अनुमान गर्न सकिन्छ ।

### २. कृषि विकासमा कर्णालीको सन्दर्भ

वि.सं १८४६ अघि आत्मनिर्भर र शक्तिसम्पन्न खस राज्यमाथि एकीकरणका नाममा गरिएको गोर्खाकरणपश्चात् एकात्मक गोर्खाली राज्यले कर्णाली क्षेत्रमाथि राजनीतिक सहभागिता, आत्मसम्मान, सामाजिक न्यायलगायतका क्षेत्रमा एक प्रकारको अघोषित प्रतिशोध राख्दै जनजीवन र जीविकाका हरेक पक्षमा कर्णाली क्षेत्रलाई (हुम्ला, डोल्पा, मुगु, जुम्ला, कालिकोट, बाजुरालगायत समान भू-साँस्कृतिक बनोट भएका) पछि पार्ने काम हुँदा हुँदै पनि स्थानीय कृषि प्रविधि तथा परम्पराका कारण कर्णाली क्षेत्र खाद्यान्नमा एक हदसम्म आत्मनिर्भर रहेको वास्तविकता इतिहासबाट स्पष्ट हुन आउँछ । समयको गतिसँगै देशमा आएको राजनैतिक, आर्थिक, सामाजिक तथा कृषि क्षेत्रमा आएको परिवर्तनमा आत्मनिर्भर कर्णाली क्षेत्र वि.सं.२०२७ (***कर्णालीको विकासका नाममा भएको हवाइ मैदान निर्माण हुनुभन्दा अघि***) देखि कर्णाली क्षेत्र खाद्य संकटग्रस्त क्षेत्रका रूपमा स्थापित हुन गयो । स्थानीयतामा आधारित अर्थतन्त्रद्वारा आत्मनिर्भर कर्णाली पछिल्लो समयमा भएका राहतमुखी विकासले कर्णालीका रैथाने सीप, बिउबिजन, कृषि प्रणाली, कुटीर उद्योगलाई समयअनुसार स्तरोन्नति गर्नुका साटो हीनताका रूपमा स्थापित गऱ्यो । कर्णालीको आत्मनिर्भर कृषि प्रणालीको मूल्य र मान्यताको ख्याल नगरी निर्वाहमुखी कृषि प्रणाली भन्दै कर्णालीका कृषकलाई कृषि पेशाबाट निरुत्साहित गर्ने र स्वयम् कर्णालीको उत्पादनको प्रयोग गर्दा हीनताबोध हुने स्थितिमा पुग्नु कर्णालीको कृषि क्षेत्रको बिडम्बना हो । आजका दिनसम्म कर्णालीको

कृषिमा विभिन्न प्रकारका कार्यक्रम सञ्चालन गरिए पनि कर्णालीवासी खाद्य सम्प्रभुतासम्पन्न हुन सकेनन्- जुन कर्णालीवासीको नैसर्गिक अधिकार पनि हो । कर्णालीमा पछिल्ला चार दशकको आधुनिक विकासको क्रममा सञ्चालित विभिन्न कार्यक्रमले कर्णालीमा आम्दानी बढाउनु भन्दा पनि बाहिरबाट आयातित खाद्यान्नको प्रयोगलाई समेत प्रतिष्ठाको विषय मानिने अवस्था सिर्जना हुनु र स्थानीय उत्पादनको प्रयोगमा हीनताबोध गराइनु, राज्यले कर्णालीको विकासमा क्षेत्रगत विकासको अवधारणा ल्याउन नसक्नु र सञ्चालित कार्यक्रमको कार्यान्वयनमा सरकारी अधिकारीबाट शतप्रतिशत प्रगति देखाउनुपर्ने बाध्यता पनि कर्णालीको कृषि क्षेत्रको खाद्य सुरक्षा र कर्णालीवासीको आत्मग्लानिका महत्वपूर्ण कारकतत्व हुन् । स्थानीय स्तरमा भएका अथाह सम्भावनालाई पहिचान नगरी केन्द्रीकृत सोचमा कृषिका योजना निर्माण गरिनु (*जस्तै कर्णालीको हावापानी विचार नगरी* ***आर्थिक वर्ष असार मसान्त नै कायम गरिनु***), तथा योजना तर्जुमा प्रक्रियामा स्थानीय संलग्नता हुन नसक्नु पनि कर्णालीमाथि राज्यले गरेको विभेद हो ।

राज्यले देशको कुल क्षेत्रफलको झण्डै एक चौथाइ भूभाग ओगटेको जलवायु विविधतामा आधारित कृषिको उपयोग, अनुसन्धान र व्यवस्थापन (उदाहरणका लागि पहाडका खोचदेखि हिमरेखासम्म फल्ने फलफूलहरु) मा अझैसम्म राज्यले ख्याल गर्न सकेन । कर्णालीको अधिकांश भूभाग शुष्क तथा अर्धशुष्क क्षेत्र (सामान्यतः वार्षिक २०० देखि ८०० मिमि भन्दा कम पानी पर्ने) रहेकोले त्यसको पहिचान गरी सोहीअनुसारको कृषिसम्बन्धी कार्यक्रम तर्जुमा नहुनुले कर्णाली क्षेत्र राजनैतिक रूपमा मात्र नभई समग्र उपेक्षामा परेकोले खाद्यान्न अभाव र गरिबीको प्रतीक भएको यथार्थप्रति बेवास्ता गर्न सकिन्न ।

## ३. कर्णालीको कृषिका सम्भावना र प्राथमिकता

अधिकांश शुष्क भूमि भए पनि विविध जैविक तथा भौगोलिक विविधताका कारण विविध सम्भावना नरहेका होइनन् । कर्णालीको परम्परागत कृषिलाई बुद्धिमत्तापूर्ण तरिकाले संरक्षण गर्दै कर्णालीको कृषि क्षेत्रलाई आत्मनिर्भर तथा स्वाभिमानी बनाउन हामी कर्णालीवासीले हाम्रो कृषि क्षेत्रमा तपसीलका सम्भावनालाई प्राथमिकतामा राखेका छौं- जुन मौलिक र अन्य स्थानका भन्दा भिन्न छन्:

- सिमी तथा स्थानीय खाद्यान्न बालीको प्रबर्धन
- फलफूल (विशेषगरी स्याउ र ओखर) उत्पादन, प्रशोधन र बजारीकरण
- जडीबुटी संरक्षण, व्यवस्थापन र संबर्धन
- तरकारी (विशेषगरी आलु, प्याज र लसुन)को उत्पादन प्रबर्धन
- पशुपालन र गोठे मल व्यवस्थापनमा आर्थिक र प्राविधिक सहयोग

## ४. कर्णालीको दीर्घकालीन कृषि दृष्टिकोण

८० प्रतिशतभन्दा बढी कर्णालीवासीको हातमुख एक जोर्ने पेशा नै कृषि हो । उनीहरुलाई कृषिलाई मर्यादित पेशाका रूपमा स्थापित गर्न र स्थानीय भूबनोटअनुसारका अवसरमा आधारित पेशाका रूपमा विकास गर्नका लागि राज्यबाट बनेका र बन्दै गरेका वा बन्ने हरेक नीतिले निम्न प्रकारका दीर्घकालीन दृष्टिकोणलाई आत्मसात् गर्नुपर्छ भन्ने हाम्रो माग रहेको छ:

- कर्णाली क्षेत्र आफैंमा अन्य क्षेत्रभन्दा पृथक् भौगोलिक बनावट भएको शुष्क तथा अर्धशुष्क हावापानी भएको कृषि क्षेत्र हो । अहिलेसम्म समग्र रूपमा कर्णाली क्षेत्रको अवस्था र सम्भावनालाई आत्मसात् गर्दै कर्णाली क्षेत्रमैत्री नीतिको अभाव छ । यस प्रकारको अवस्थालाई हृदयङ्गम गर्दै यस क्षेत्रसुहाउँदो कृषि नीतिलाई हाल बन्दै गरेको १० वर्षे कार्ययोजनासहितको २० वर्षे कृषि विकास रणनीतिमा पनि समावेश गरी कर्णाली क्षेत्रका लागि विशेष कृषि नीति तथा कार्यक्रमहरू तय गरियोस् ।
- कर्णालीमा कृषिसम्बन्धी अध्ययन गर्ने सीमित प्राविधिक शिक्षालय भए पनि कर्णालीमा भएको अधिकांश शुष्क तथा अर्धशुष्क कृषिमैत्री व्यावहारिक अध्ययन तथा अनुसन्धान गर्ने गरी संस्थागत विकास गरिनुपर्छ ।
- कर्णाली क्षेत्रको हावापानी र भौगोलिक अवस्थाले निर्धारण गरेको क्षेत्रगत खेती प्रणालीको दिगो विकासका लागि वर्तमान परिवेशमा कर्णालीका युवाको बसाइसराइलगायत जलवायु परिवर्तनको बढ्दो असरलाई मध्यनजर गर्दै स्थानीय स्तरमा उपयुक्त प्रविधिसहितको जनशक्ति उत्पादन गर्दै उनीहरूको प्रभावकारी परिचालन गर्ने कार्यक्रम लागू गरियोस् ।
- कर्णाली क्षेत्रको पोषण र खाद्य आवश्यकता पूर्ति गर्नका लागि जैविक विविधताले भरिपूर्ण बहु-बाली खेती प्रणालीलाई आत्मसात् गर्दै जैविक क्षेत्रका आधारमा विशिष्ट बाली (स्याउ, सिमी, तरकारी, जडीबुटी) तर्फ व्यावसायीकरण गर्ने दृष्टिकोण हुनुपर्छ ।

**निष्कर्ष**

नेपालको आधुनिक कृषि विकासको झण्डै एक शताब्दीको अवधिमा कर्णाली क्षेत्रमा भएको कृषि विकासले कर्णालीको रैथाने परम्परा र कृषि प्रविधिलाई विस्थापन गराई आत्मनिर्भर कृषि पेशालाई विकासको नाममा भोकमरीले ग्रस्त क्षेत्रका रूपमा चित्रित गर्दै कर्णाली क्षेत्रलाई हीनताबोध हुने अवस्था सिर्जना गरायो । कर्णालीवासीलाई खाद्य सुरक्षाको नाममा आयातित खाद्यवस्तुको उपयोगलाई उच्च रूपमा स्थापित हुनु र स्थानीय खाद्यवस्तुको प्रयोगमा हीनताबोध थोपरिनु कर्णालीको कृषिको बिडम्बना हो । १८४६ यता तत्कालीन जुम्ला राज्यको गोर्खाकरणदेखि नै विकसित नेपालको कृषि नीतिले कहिल्यै पनि कर्णाली फरक भौगोलिक तथा प्राकृतिक विशेषता भएको (शुष्क तथा अर्धशुष्क) फरक किसिमले खाद्य आपूर्ति र आय आर्जन गर्न सक्षम क्षेत्र हो भन्ने पहिचान राज्यबाट कहिल्यै भएन । फलस्वरूप नेपालको केन्द्रीकृत स्थानीय विशेषता निरपेक्ष योजनालाई नै सोलोडोलो रूपमा कर्णाली क्षेत्रमा पनि लागू गरियो । अब अनेक सम्भावना भएको कर्णालीको कृषि क्षेत्रलाई स्थलगत अध्ययन तथा अनुसन्धानका आधारमा वैज्ञानिक तथा आत्मनिर्भर कृषि प्रणालीको अवलम्बन गरिनु आवश्यक छ । यस्तो विशिष्ट योजनाको तर्जुमा विभिन्न तह र तप्काका कर्णालीवासीको अर्थपूर्ण सहभागिता सुनिश्चित गरिएमात्र कर्णाली क्षेत्रेको कृषि पेशा वास्तवमै आत्मसम्मानसहितको आत्मनिर्भर र देशको अर्थतन्त्रलाई नै टेवा दिन सक्ने पेशाका रूपमा स्थापित हुने निश्चित देखिन्छ ।

..........................................

समूहका तर्फबाट
मायाराम महतारा

मितिः २०६९ फागुन १५ गते

# अनुसूची ४ः अभियानका कोसेढुंगा

## ४.१. सुर्खेतमा कर्णाली क्षेत्रका अभियन्तासँग भेटघाट

२०६९ को साउनसाउन १३-१७ गतेसम्म सुर्खेतमा कर्णाली क्षेत्रमा कार्यरत सामाजिक अभियन्ता, अगुवा र कृषिक्षेत्रमा काम गर्ने सरकारी तथा गैर सरकारी कर्मचारीबीच एउटा अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरियो । चालिस दिने उपवास कोष (फास्टनोफ्फर) को सहयोगमा सञ्चालित उक्त कार्यक्रमको संयोजन उक्त संस्थाका नेपाल संयोजक टीका भट्टराईले गर्नुभएको थियो । पाँच दिनसम्म सञ्चालन भएको यस छलफल कार्यक्रम विकास र अधिकारमुखी विकास, अधिकारमुखी विकासको प्रयोग, जीविकोपार्जनको अधिकार, खाद्य र कृषिका सवाल, कृषिको नीतिगत जनवकालतजस्ता विषयवस्तुमा केन्द्रित थियो ।

कर्णालीलाई परनिर्भर बनाउने को ? कर्णालीका सरोकारका सवाल उठाउने कसले भन्ने पेचिलो प्रश्नबाट सुरु भएको यो छलफलले सहभागी सबैलाई आ/आफ्नो जिम्मेवारी र भूमिका फर्केर हेर्न उत्प्रेरित गऱ्यो । यो भेलामा कर्णाली क्षेत्रका खाद्य र कृषिका समसामयिक सवाल पहिचान गर्ने, यिनको प्राथमिकताको सूची बनाउने र सवालमा सरोकार राख्ने अगुवाको कर्णालीव्यापी सञ्जाल निर्माण गर्ने प्रस्तावमा सहमति भयो । यस अभियानमा कर्णाली अञ्चलका पाँचै र सेती अञ्चलका बाजुरा र बझाङलाईसमेत समेट्दै जाने प्रस्ताव गरियो । यस कार्यक्रममा डोल्पा जिल्लाको प्रतिनिधित्व हुन नसकेकोले उक्त जिल्लाको भ्रमण गरी सञ्जाल निर्माण गर्न सघाउने निर्णयसमेत भयो ।

यस भेलाका सहभागीले जिल्लाको फरक/फरक परिवेशमा आ/आफ्नो स्थानीय विशेषतामा आधारित भएर प्राथमिकताका मुख्य सवाल पहिचान गरेका थिए । पहिचान भएका सवालमा मुख्यतः स्थानीय बाली तथा बस्तुभाउका जात लोप हुँदै गएको, बाह्य स्रोत साधनमाथिको निर्भरता, कृषि उत्पादन तथा उत्पादकत्वमा कमी, बढ्दो मौसमी बसाइ-सराइ, खाद्य सुरक्षाको लागि चामलमाथि निर्भर हुनु र कृषि तथा पशु विकासले रैथानेलाई वास्ता नगरेको जस्ता सवाललाई प्राथमिकतामा राखेका थिए ।

भेलाको अन्तिम दिन यी सवालमा काम गर्न र कर्णाली क्षेत्रको खाद्य र कृषि सरोकारको अभियानलाई अघि बढाउन मायालाल महताराको संयोजकत्वमा तत्कालै कर्णाली कृषि तथा खाद्य सरोकार समूहको गठन गर्ने सहमति भयो । यो सहमतिसँगै सबै कर्णाली क्षेत्रका जिल्लामा जिल्लास्तरीय सरोकार समूहको गठन गर्दै जाने र जिल्लाका संयोजक पदेन यसको सदस्य रहने सहमति गरियो ।

## ४.२. कृषि तथा खाद्य सरोकार समूह गठन

सुर्खेतमा गरिएको सहमतिसँगै जिल्लाको खाद्य र दिगो कृषिका सवाल साथै यी विषयसम्बद्ध अन्य समसामयिक सवालमा नागरिक दबाव सिर्जना गर्ने उद्देश्यका साथ सबै जिल्लामा जिल्ला कृषि तथा खाद्य सरोकार समूह गठन गरियो । यी समूहमा २० देखि ३० विभिन्न सरोकार समूहका संस्थागत प्रतिनिधि सदस्य र यीमध्येबाट एकजना जिल्ला संयोजक रहने व्यवस्था गरिएको थियो । यसमा मुख्यतः जिल्ला सदरमुकामवरपरका अगुवा किसान, सहकारी संस्थाका प्रतिनिधि, कृषक समूहका प्रतिनिधि, पत्रकार, महिला, दलित र सामाजिक अभियन्ताको सहभागिता रहेको छ ।

**खाद्य तथा कृषि सरोकार समूहको लक्ष्य र उद्देश्य**

सन २०२० सम्म कर्णाली क्षेत्रले आफ्नो खाद्य सम्प्रभुता तथा खाद्य अधिकारको उपभोगबाट दिगो कृषि पद्धति स्थापना मार्फत आयआर्जन भई खाद्य सुरक्षित अवस्था हुने लक्ष्य लिएको यो सरोकार समूहले निम्न उद्देश्यहरू लिएको थियो-

१. स्थानीय मौलिक बाली तथा प्राकृतिक स्रोतको संरक्षण एवं प्रबर्धनबाट कर्णाली क्षेत्रलाई खाद्य सुरक्षाको हिसाबले आत्मनिर्भर बनाउने ।

२. यस क्षेत्रको दिगोपनाको लागि शुष्क तथा अर्धशुष्क हावापानीको महत्व तथा अवसरको जनचेतनामार्फत स्थानीय मौलिक बाली तथा पशुवस्तु प्रबर्धन गर्ने ।

३. समग्र कर्णाली क्षेत्रको खाद्य सुरक्षाका सवाललाई सम्पूर्ण सरोकारवालाले समान हिसाबले बुझी दिगो कृषि पद्धतिको विकास गर्ने ।

**समूहको संरचना**

प्रत्येक जिल्लामा कृषि तथा खाद्यमा सरोकार राख्ने व्यक्ति तथा संस्थाहरू सम्मिलित जिल्ला खाद्य तथा कृषि सरोकार समूह र यस समूहको प्रतिनिधि हुनेगरी जिल्ला संयोजक कर्णाली कृषि तथा सरोकार समूहका सदस्य रहने व्यवस्था गरियो । कर्णाली कृषि तथा सरोकार समूहको निर्णयमा आत्मसम्मानका लागि सहकार्य (क्याड) नेपाल, जुम्लाले समूहको सचिवालयको जिम्मेवारी लिने र हरेक जिल्लामा प्रतिनिधि सम्बद्ध संस्थाहरूले जिल्ला सचिवालयको काम गर्ने जिम्मा लिएका थिए ।

यो समूह एउटा अनौपचारिक सञ्जाल भएकाले जिल्लाहरूमा सचिवालयको कामकाज गर्नका लागि एक/एकवटा गैर सरकारी संस्था छनौट गरिएको थियो । यस अवधिका छ जिल्लाका संयोजक र जिल्ला समूहको सूची अनुसूची २.क. र २.ख. मा छ ।

## ४.३. कर्णालीको खाद्य तथा कृषि सरोकारः सवाल विश्लेषण तथा वकालत

२०६९ फागुन १२-१४ गतेसम्म सुर्खेतमा कर्णाली खाद्य तथा कृषि सरोकार समूहको तीनदिने सवाल विश्लेषण तथा वकालत विषयमा कार्यशाला सञ्चालन भयो । सरोकार समूह र जिल्ला प्रतिनिधि सम्मिलित यो कार्यशाला समूह गठनपछिको पहिलो थियो । यस अर्थमा यो एउटा

महत्वपूर्ण भेला थियो । यस अवधिमा कर्णालीमा गरेको कामको समीक्षासँगै आगामी दिनमा समूहले गर्ने कामको प्राथमिकता, कर्णालीका जल्दाबल्दा समस्या तथा सम्भावनाको विश्लेषणका साथ काठमाडौंमा रहेका कृषि तथा खाद्यका सरकारी र गैर सरकारी सरोकारवालासँग गर्ने अन्तर्क्रियाको लागि तयारी गर्न यो गोष्ठी आयोजना गरिएको थियो । कर्णालीको कृषि तथा खाद्य अवस्थाबारे काठमाडौंका कृषि तथा खाद्यका सरोकारवालालाई जानकारी गराउँदै उपयुक्त बाटो लिन सुझाउनका लागि कर्णाली खाद्य तथा कृषि सरोकार समूहका सबै सदस्यबीच साझा बुझाइ र भूमिका तय गरियो । यो भेटघाटको तयारीले समूहका सबै सदस्य निकै उत्साही भएका थिए ।



**फोटो १०: खाना र खेतीपातीका प्रथामिकता तयार गदै अभियान्ताहरु, सूर्खेत**

यस अवधिमा गरेका कामको समीक्षासँगै यस कार्यशालामा निम्न मुख्य थप मुद्दामा गहिरो छलफल भएको थियो ।


कर्णालीको शुष्क तथा अर्धशुष्क कृषिको विशेषतालाई अझ राम्ररी छलफल गर्नुपर्ने साथै कर्णालीमा यसको भौगोलिक तथा पर्यावरणीय विशेषताको आधारमा प्राङ्गारिक खेतीको सम्भावना र कृषि उपजको बजार र यसमा स्थानीय नियन्त्रणको सवालमा थप बहस गर्ने सल्लाह गरियो ।

- शुष्क तथा अर्धशुष्क कृषिको विशेषता
- प्राङ्गारिक खेतीको सम्भावना र कृषि बजारको स्थानीय नियन्त्रण
- खेती प्रणाली र खेतीको सम्भावना र समस्या
- पछाडि पारियो वा पऱ्यो ? किन र कसरी ?
- पञ्चवर्षीय कृषि योजनामा प्राथमिकतामा

कर्णालीको कृषि पछि पर्नुमा बसाइसराइ, सुनिश्चित बजारको कमी तथा यातायातको असुविधा प्रमुख समस्याको रूपमा रहेको र नश्ल सुधार हुन नसक्नु पशुपालनको विकासको मुख्य बाधक रहेको छलफलको निचोड थियो । सम्भावनाको तुलना गर्दा जडिबुटी खेतीको प्रबल सम्भावना रहेको देखिएको थियो । स्याउ, सिमी, पशुपालन, तरकारी खेती, गोठे मल प्रबर्धन तथा ओखर प्राथमिकतामा परेका थिए । कर्णालीको परम्परागत कृषिलाई बुद्धिमत्तापूर्ण तरिकाले संरक्षण गर्दै कर्णालीको कृषि क्षेत्रलाई आत्मनिर्भर तथा स्वाभिमानी बनाउन यिनै सम्भाव्यतामा रहेर अबको कर्णालीको कृषिको ढाँचा निर्धारण गर्नुपर्ने सहजकर्ताको सुझाव रहेको थियो । अन्त्यमा, काठमाडौंका सरोकारवालासँग गर्ने अन्तर्क्रियाको सामान्य खाका बनाएर उक्त भ्रमणमा जाने प्रतिनिधि छनौट गरी काठमाडौंतर्फ प्रस्थान गरियो ।

## ४.४. काठमाडौं सरोकारवाला भेटघाटः पत्रकारदेखि राष्ट्रपतिसम्म

२०६९ फागुन १६-१८ गतेसम्म काठमाडौंमा सरोकारवालासँगको भेटघाट तथा अन्तर्क्रियात्मक कार्यक्रम गरियो । यस अवधिमा सञ्चारमाध्यम, सरकारी निकाय, गैर सरकारी निकाय, राजनीतिक दलका प्रतिनिधिसँग छुट्टाछुट्टै अन्तर्क्रिया गरिएको थियो । उक्त अन्तर्क्रिया कार्यक्रमको मुख्य उद्देश्य कृषिसम्बद्ध विभिन्न सरोकारवालालाई कर्णालीको कृषिको अवस्था तथा सम्भाव्यताबारे जानकारी गराउँदै उनीहरूको प्रतिबद्धता स्पष्ट पार्न लगाउनु रहेको थियो ।




**फोटो ११: राष्ट्रपति डा.रामवरण यादवलाई ज्ञापन पत्र बुझाउँदै**

यसका लागि एउटा ध्यानाकर्षण पत्र तयार गरी सबै सरोकारवालालाई वितरण गरियो । यस ध्यानाकर्षण पत्रमा कृषि विकासको राष्ट्रिय सन्दर्भ, कृषि विकासमा कर्णालीको अवस्था, कर्णालीको कृषिका सम्भावना र प्राथमिकता, कर्णालीको दीर्घकालीन कृषि दृष्टिकोण समेटिएका थिए । साथै, सम्माननीय राष्ट्रपति तथा राष्ट्रिय योजना आयोगका उपाध्यक्षसँग भेटघाट गरी सो ध्यानाकर्षण पत्र बुझाइएको थियो । ध्यानाकर्षण पत्र अनुसूची ३ मा हेर्नुहोस् ।

धेरै अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाले कर्णाली क्षेत्रमा काम गर्दै आए पनि कर्णालीको शुष्क कृषिलाई मध्यनजर गर्न नसकेको कुरा छलफलमा आएको थियो । कर्णालीका सम्भावनालाई नकेलाई संस्थाहरूले आफ्नै कार्यक्रम लैजाने गरेको कुराको चर्को आलोचनासमेत भएको थियो । सरोकारवालाहरूले आगामी दिनमा कर्णालीको विशेषताअनुसार उपयुक्त कार्यक्रम बनाउने प्रतिबद्धता गरेका थिए ।

यो भेटघाट विगत वर्षहरूका समूहले गरेका कामबाट उत्साहित भएर गरिएको अहिलेसम्मकै उपलब्धिमूलक भएको सरोकार समूहको समीक्षामा छलफल भएको थियो ।

## ४.५. जुम्ला कृषि विकास योजनाको तयारी तथा तर्जुमा




सुर्खेतमा गरिएको छलफलबाट कर्णाली विशेषताको खेतीपाती प्रबर्धन गर्न स्थानीय तहको कृषि योजना बनाउन र स्थानीय सरोकारवालालाई यसको मर्म बुझाउन आवश्यक भएको महशुस गरिएको थियो । यसै आधारमा जुम्ला कृषि विकास कार्यालयका अधिकृत धनबहादुर कठायतको अगुवाइमा यस जिल्लाको कृषि विकास रणनीति बनाउने पहल गरियो ।

यसका लागि जिल्ला कृषि विकास कार्यालयको संयोजकत्वमा जिविसअन्तर्गत रहेको कृषि समितिलाई सक्रिय बनाई यसै समितिअन्तर्गत कृषि विकास रणनीति बनाउने छलफल गरियो । यसका लागि कृषि, पशुसेवा, वन, घरेलुलगायतका सरकारी र कृषि क्षेत्रमा कार्यरत निजी तथा गैर सरकारी सेवा क्षेत्रका सबैलाई परिचालन गर्न र राजनैतिक दलहरूसँग समन्वय गरी यो प्रक्रियामा सबैको अपनत्व बढाउने तथा यस योजनालाई कृषि विकास रणनीति, वन विकास रणनीति, राष्ट्रिय विकास योजना र कर्णाली विकास योजनाजस्ता दीर्घकालीन योजनाको परिपूरक जिल्ला कृषि विकास योजनाको रूपमा आत्मसात् गर्न/गराउने छलफल भयो । साथै, यस योजनामा प्रस्ताव गरिएका कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि जिल्ला कृषि विकास संयन्त्र निर्माण गरी जिल्लामा उपलब्ध स्रोत साधनको एकीकृत रूपमा परिचालन गर्ने र यस योजना प्रस्तावमा

प्रस्तुत गरिएका कार्यक्रम तथा क्रियाकलाप प्राङ्गारिक कृषि विकासको सैद्धान्तिक ढाँचामा प्रस्तुत गर्ने सहमति गरियो ।

कृषि विकास योजनालाई कृषक स्तरमा छलफल गर्ने, सबै सरोकारवालाको सहभागिता सुनिश्चित गर्ने, कृषिमा कार्यरत सरकारी तथा गैर सरकारी कार्यालयलाई संलग्न गर्ने, कृषि विकास योजना केवल कृषि क्षेत्रको विकासका लागि मात्र नभएर यो योजनाले जिल्लाको जडिबुटी, पशुपालन तथा अनुसन्धानलाई पनि समेट्ने भएकोले जिल्ला वन कार्यालय, जिल्ला पशुसेवा कार्यालय, कृषि अनुसन्धान केन्द्रको समेत यसमा सक्रिय सहभागिता र सहकार्य बढाउन आवश्यक तयारी गरियो ।

उक्त कृषि विकास योजना तयारीको लागि जिल्ला स्तरमा स्थानीय विकास अधिकारीको संयोजकत्वमासात सदस्यीय प्राविधिक समिति तयारी गरियो- जसले कृषि विकास रणनीति तयारी, तथ्यांक संकलन, तथ्यांकमाथिको छलफल सञ्चालन गर्ने जिम्मेवारीसमेतको क्षेत्राधिकार तोकियो । कृषि विकास रणनीतिको मस्यौदा लेखन र तयारीको लागि तीन सदस्यीय समिति पनि तयार गरी कृषि विकास योजनाको तयारी कार्य सम्पन्न गरियो । यसै सहमतिअनुसार भेगीय विवरण संकलन गरी कृषि विकास कार्यालयको अगुवाइमा पाँचवर्षे कार्ययोजनासहितको १० वर्षे कृषि विकास रणनीति बनाउने काम सम्पन्न भयो ।

## ४.६. शुष्क कृषि प्रणाली परिचयात्मक तालिम

सुर्खेत भेलामा छलफल भएअनुसार शुष्क तथा अर्धशुष्क खेती प्रणाली, रोग तथा कीरा नियन्त्रणको जैविक तरिका र प्राङ्गारिक खेतीपातीका विविध पक्षमा छलफल गर्न २०७० भाद्र ३० देखि असोज ५ गतेसम्म जुम्लाको सदरमुकाम खलङ्गामा सातदिने सहभागीमूलक तालिम सम्पन्न भएको थियो । मुगु, हुम्ला, जुम्ला, कालीकोट, बझाङ र बाजुरा जिल्लामा विभिन्न संस्थामा आबद्ध भई कृषि प्राविधिकको रूपमा काम गर्दै गरेका, कृषि सञ्जालका सदस्य तथा अगुवा किसान गरी यस तालिममा २५ जनाको सहभागिता रहेको थियो । यस तालिमलाई भारतीय स्रोत व्यक्ति जोशेप केभ र ज्यान्सी अगस्टाइनले सहजीकरण गर्नुभएको थियो भने आयोजकका तर्फबाट डा. कृष्णप्रसाद पौडेल र टीका भट्टराईले संयोजन तथा सहजीकरण गर्नुभएको थियो ।





**तालिमका मुख्य विषयवस्तुहरू**

- शुष्क कृषिको परिचय
- शुष्क क्षेत्रमा पानी व्यवस्थापन
- जैविक रोग कीरा नियन्त्रण विधि
- जैविक मल बनाउने विभिन्न तरिका
- माटो तथा बीउ व्यवस्थापन
- कोसे बालीको महत्व
- जलवायु परिवर्तन
- छापोको महत्व
- हिउँ पोखरी
- बीउ व्यवस्थापन

## ४.७. शुष्क कृषि क्षेत्र अवलोकन भ्रमण

जुम्लामा भएको तालिमले सहभागीमा शुष्क तथा अर्ध शुष्कक्षेत्रको कृषि प्रणालीबारे थप जानकारी लिने तथा अनुभव आदानप्रदान गर्ने मुख्य उद्देश्यका साथ २०७० फागुन ३ देखि ११ गतेसम्म राजस्थान, भारतका विभिन्न गाउँको अवलोकन भ्रमण गरियो ।



**फोटो १२: इनारको पानी तान्ने घिर्लिङ्ग, राजस्थान भारत**

शुष्क तथा अर्धशुष्क कृषि प्रणाली तथा प्रविधि अवलोकन गर्दै स्थानीय कृषि प्रविधिको जानकारी लिने राजस्थान, उदयपुर जिल्लाको सागवाडा, ओग्ना र हनुमान वन विकास समितिको अवलोकनका क्रममा उल्लेखित कृषि प्रविधिहरू सहभागीले प्रत्यक्ष अवलोकन गरेका थिए ।

**कृषि प्रविधिहरू**

- पानी सङ्कलन प्रविधि
- पानी व्यवस्थापन
- माटो व्यवस्थापन र सरंक्षण
- परम्परागत पानी तान्ने प्रविधि (५० मीटरसम्म)
- चिस्यान व्यवस्थापन

## ४.८. कर्णालीका लागि उपयुक्त कृषि प्रविधिको खोजी

प्राविधिक रूपमा कर्णाली क्षेत्रको हावापानी अति कम वर्षा हुने, भएको वर्षा पनि थोरै समय (२-३ महिना)मात्र पानी टिक्ने, हावामा पानीको मात्र एकदम कम हुने, सुख्खा हावा चल्नेजस्ता विशेषता भएको छ । यस्तो हावापानी भएको क्षेत्रमा अथवा चिसो तर सुख्खा हावापानी भएका स्थानमा तरकारीको बिउ उत्पादन र फलफूल (स्याउ, ओखर, आरु, नास्पाती आदि) उत्पादन अति नै राम्रो हुन्छ । कृषकहरूको स्याउ बगैंचामा सिंचाइ व्यवस्थापनको लागि हिउँ पोखरी निर्माणको कार्यगत अनुसन्धानमार्फत जुम्ला जिल्लामा करिब चार हजार तीन सय लिटर पानी संकलनमार्फत स्याउको बोटमा सिंचाइ गर्न सकिने जुम्लामा गरिएको यसको सफल प्रयोगले देखाइसकेको छ ।



**फोटो १३ः हिउ पोखरीमा हिउ राख्दै स्थानीउ अगुवाहरु, जुम्ला**

पानीको स्रोत नभएका स्थानमा हिउँ संकलन गरेर बिरुवालाई चाहिने सिंचाइ आपूर्ति गर्न यो प्रविधि निकै प्रभावकारी रहेको छ । सरकारले हिउँपोखरीलाई प्राथमिकतामा राखी कर्णाली क्षेत्रका सबै जिल्ला तथा मनाङ र मुस्ताङ गरी आठ जिल्लामा अभियानका रूपमा हिउँ पोखरीमा अनुदान सुरु गरेको छ ।

यो परीक्षणको सफलतासँगै कर्णालीको कृषि प्रविधिमा योगदान पुऱ्याउन जुम्ला जिल्लाको तलियुम गाउँमा कृषि प्रविधि परीक्षण र जैविक मल र विषादी बनाउने कामको योजना बनेको छ । साथै, अन्य जिल्लामा समेत यस्तो उत्पादन र परीक्षण गर्न साझेदारसँग सहकार्य गर्ने प्रस्ताव गरिएको छ ।

## ४.९. कर्णालीको कृषिः विशेषता र सवालमा थप छलफल

| **पशु/पक्षी** | **भेडा, घोडा, चौरी, खरायो, स्थानीय जातको कुखुरा** |
|---|---|
| खाद्यान्न बाली | जौ, कोदो, कागुनो, चिनो र मास |
| फलफूल | स्याउ, खुर्पानी, ओखर, बदाम र चुली |
| दलहन | सिमी, मास भट्टको राम्रो सम्भावना |
| तेलहन | ढटेलो, तिल्खुरो, ओखर, फर्सी र जैतुन |
| वन र जडिबुटी | यार्सा, डाले चुक, केशर गुच्ची च्याउ |

कर्णालीको कृषि सरोकारको विषयमा भए/गरेका कामको समीक्षासँगै कर्णालीको कृषिमा देखिएका चुनौतीमा थप छलफल गर्न २०७१ साउन साउन २१ गते फरेष्ट एक्शनको कार्यालय काठमाडौंमा एउटा अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरियो । उक्त कार्यक्रममा हालसम्मका प्रयास र उपलब्धिको समीक्षा गरियो । कर्णाली खाद्य तथा कृषि सरोकारका अभियन्ता सचेत र सङ्गठित हुँदै जानु र कर्णाली विशेषताको कृषि बारेमा सबै सरोकार समूहको चासो बढाउन सफल हुनु यो अभियानको मुख्य सफलता भएको निचोड आएको थियो ।

त्यसैगरी उक्त छलफलमा कर्णालीमा कृषिका सम्भावना र सवाललाई फेरि एकपटक फर्केर हेर्ने कोशिस गरियो । यो छलफलमा अघिल्ला छलफलमा भन्दा मसिनो तथा स्पष्ट रूपमा सम्भावनाका क्षेत्र र सवाल पहिचान भएको थियो ।

**कर्णालीको कृषिका विशेषता**

कर्णाली क्षेत्र नेपालका अन्य क्षेत्रभन्दा फरक भौगोलिक बनावट, पर्यावरणीय विशेषता, शुष्क तथा अर्धशुष्क हावापानी भएको हिमाली कृषि क्षेत्र हो :

- कर्णालीको अधिकाँश भू-भाग, सुख्खा र ठण्डा हावापानी भएको, कम पानी पर्ने (सामान्यतः वार्षिक २०० देखि ८०० मिमि भन्दा कम) र साथै पानी पर्ने समय अवधि पनि कम भएको शुष्क तथा अर्धशुष्क प्रकृतिको छ ।
- यस क्षेत्रको माटोको तह पातलो, खुकुलो र प्राङ्गारिक पदार्थ निकै कम छ ।
- यहाँ बाली पाक्ने समय धेरै लामो हुन्छ जसले गर्दा अन्य औसत वार्षिक उत्पादन कम छ ।
- यो फलफूल, वर्षे तरकारी,तरकारी बीउ उत्पादन, औषधीजन्य जडीबुटी, भेडा, बाख्रा, याक, चौरी, घोडा, खच्चर पाल्न उपयुक्त क्षेत्र हो ।
- यहाँ लेक र बेंसीको खेती प्रणालीलाई उचित व्यवस्थापन गर्न हिँउदमा बेंसी झर्ने तथा गर्मीयाममा लेक जाने गर्दछन् ।

**कर्णालीका तत्कालीन साझा सवालहरू**

- ✓ स्थानीय विशेषताको कृषि प्रणाली प्रबर्धन
- ✓ स्थानीय उत्पादनमा जोड
- ✓ रैथाने बाली अध्ययन, अनुसन्धानका तथा स्तरोन्नति
- ✓ कर्णालीका सवाल उठाउने
- ✓ बलियो कर्णाली आयोग

## ४.१०. योजना र समसामयिक सवालमा गरिएको समीक्षाको शृङ्खला

यो अवधिमा अभियानलाई निरन्तर जीवन्त बनाइराख्न नियमित समीक्षा र योजनाको चक्र चलिरह्यो । कालीकोट, नेपालगन्ज, काठमाडौं, नेपालगञ्ज र कोहलपुर गरी पाँचवटा समीक्षा तथा योजना कार्यशाला सञ्चालन भए । सुरुमा होटलका बन्द कोठामा गरिएका यी कार्यशाला क्रमशः सरकारी तालिम केन्द्र र समुदायका पाहुना घरमा गर्न थालियो । साथै जिल्ला र केन्द्रमा खाद्य तथा कृषिका समसामयिक सवालमा अन्तर्क्रिया, छलफल तथा समीक्षा गरिए ।

**कृषिका समसामयिक सवालमा नागरिक समीक्षा**

२०७२ जेठ २९ गते बानेश्वर, काठमाडौंमा राष्ट्रिय कृषक समूह महासंघ नेपाल र खाद्यका लागि कृषि अभियानको आयोजनामा विभिन्न जिल्लामा रही कृषिको अभियानमा लागेर काम गरिरहेका व्यक्ति तथा संस्थाका प्रतिनिधिका लागि नेपालमा विनाशकारी महाभूकम्पले

पुऱ्याएको क्षति र त्यस अवस्थालाई सामना गर्नका लागि सरकारी तथा गैर सरकारी निकायले खेल्नुपर्ने भूमिबारे सरोकारवालासँग छलफल गर्न एकदिने कार्यशाला आयोजना गरिएको थियो । उक्त कार्यशालामा प्रस्तुत कार्यपत्रमा नेपालको वर्तमान कृषिको अवस्था र दिगो कृषिका लागि सरकारले खेल्नुपर्ने भूमिका, महाभूकम्पले कृषिमा पुऱ्याएको क्षति र उद्धारका लागि सरोकारवाला निकायले खेल्नुपर्ने भूमिका समावेश गरिएको थियो । उक्त छलफलमा कर्णाली क्षेत्रलगायत अन्य क्षेत्रका शुष्क तथा अर्धशुष्क हावापानीको विशेषता भएको दिगो कृषि पद्धतिलाई २० वर्षे कृषि रणनीतिले समेट्नुपर्नेबारे चर्चा गरियो । साथै कर्णाली क्षेत्रका रैथाने बालीको उत्पादन र सम्बर्द्धनजस्ता कुरालाई कृषि मन्त्रालय तथा अन्य सरोकारवाला निकायले पनि आफ्नो कार्यक्रममा प्राथमिकताका साथ राख्न दबाव सिर्जना गर्नुपर्नेमा जोड दिइयो ।

**२०७२ सालको कर्णालीको खडेरी सम्बोधनका लागि प्रयास** कर्णालीको खडेरीले निम्त्याएको सङ्कटलाई काठमाडौंका नीति-निर्माता र सरोकारवालाको कानसम्म पुऱ्याउन २०७२ पुसमा नेपाल कृषि पत्रकार प्रतिष्ठानको कृषि संवाद डबलीमा पत्रकार भेटघाट आयोजना गरियो । उक्त पत्रकार भेटघाटमा खाद्यका लागि कृषि अभियानका डा. कृष्णप्रसाद पौडेलले खडेरीको प्रभावबारे छोटो प्रस्तुति गर्नुभएको थियो । उक्त भेटघाटमा पत्रकार महिला सुनीता पहारीले मुगूको खडेरीको प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । प्रतिवेदनको सारांश अनुसूची ५मा हेर्नुहोस् ।

त्यसैगरी २०७२ साल चैत्र २४ गते उद्यमीघर बुद्धनगर काठमाडौंमा कर्णालीको खडेरी र यसको सम्बोधन विषयक कर्णाली कचहरी आयोजना गरिएको थियो । कर्णाली कृषि तथा खाद्य सरोकार समूह र किर्डाकको संयुक्त आयोजनामा भएको उक्त कचहरीमा कर्णालीमा विगत आठ महिना लामो खडेरीका कारण त्यस क्षेत्रका समुदायमा परेको समस्याको तत्कालीन तथा दीर्घकालीन समाधान खोज्न सरोकारवाला र सरकारलाई सुझाइएको थियो ।

उक्त कार्यक्रममा कर्णाली क्षेत्रमा यस वर्ष परेको खडेरी र त्यसको असर अनि अल्पकालीन तथा दीर्घकालीन समाधानबारे  छलफल भएको थियो । साथै, उपायको खोजी गर्न र यसका लागि राजनीतिक तथा नीतिगत पहलका लागि सबैले प्रयत्न गर्न सुझाइएको थियो ।

## कृषि विकास योजनाका अभ्यास तथा सिकाइ

जुम्ला जिविसको संयोजनमा कृषि विकास कार्यालयको नेतृत्वमा बनाइएको कृषि विकास रणनीति कर्णाली क्षेत्रका सबै सरोकार समूहको उत्प्रेरणाको स्रोत बन्न पुगेको छ । कृषिको स्थानीय योजना कृषि विकासको सवाललाई जनसमुदायसम्म पुऱ्याउने र कृषि विकासका जिम्मेवार निकायलाई दबाव दिने बलियो हतियार हुने महशुस गर्दै सबै जिल्लामा रणनीति बनाउन पहल गर्ने सोचसहित गाउँ तथा जिल्ला स्तरमा रणनीति बनाउने प्रक्रिया अघि बढाइएको थियो ।



**फोटो १४: जिल्ला कृषि विकास योजनामा छलफल, जुम्ला**

| **जिल्ला** | **रणनीतिक योजना तयारी** |
|---|---|
| बाजुरा | पाँचवर्षे कार्ययोजनासहितको १० वर्षे रणनीतिको मस्यौदा तयार भएको छ |
| मुगू | पाँचवर्षे कार्ययोजनासहितको १० वर्षे रणनीति तयार गर्न कृषि विकास कार्यालयले लेखन कार्यलाई अन्तिम सम्पादन गरेको छ |
| कालीकोट | दुईवटा गाविसको प्राङ्गारिक कृषि योजना बनाएको |
| डोल्पा | पाँचवटा गाविसको कृषि योजना बनाउन तथ्यांक संकलन भएको र योलगायत अन्य क्षेत्रको तथ्यांक संकलन गरी जिल्ला योजना बनाउने तयारी |
| हुम्ला | दुईवटा गाविसको प्राङ्गारिक कृषि योजना बनाइएको छ |

यसैबीच २०७२ फागुनमा जुम्ला जिल्लाको कृषि विकास योजनाको समीक्षा गरिएको थियो । उक्त समीक्षामा उपस्थित सहभागीले योजनाको प्रभावकारी कार्यान्वयनमा जोड दिएका थिए ।

## ४.११. हिंडाइ तालिमः विगतलाई फर्केर हेर्ने जमर्को

२०७३ वैशाख ३१ देखि जेठ १५ सम्म डोटीको झिंग्रना-खप्तड र बझाङको कालुखेती -गडरायाबाट बाजुराको आँटीचौर-रजाली-मार्तडी-कोल्टी र कालीकोटको थिर्पु-सान्नीघाट- मान्मसम्म दुईहप्ते हिंडाइ तालिम गरियो ।




**फोटो १५ः हिडाइ तालिमबारे अभिमूखिकरण, सिलगढी डोटी**

फास्टनोप्फर नेपालको आयोजनामा आयोजित हिंडाइ तालिम सामाजिक विकास अभियन्तालाई उनीहरूले समुदायप्रति गर्ने कामको गम्भीरतालाई बुझ्न, मनन र चिन्तन गर्न सहयोग गर्ने र उनीहरूलाई आराम क्षेत्र (comfort zone) बाट बाहिर आउन प्रेरित गर्ने एउटा प्रयास थियो । यस तालिमको मुख्य उद्देश्य सहभागीलाई विकासका चुनौतीका मूल कारण बुझ्न र विश्लेषण गर्न सक्षम बनाउने तथा परिणाममुखी कार्यका लागि प्रेरित गर्ने तथा विकास अभियन्ताको रूपमा जिम्मेवारी वहन गर्न अनि सामाजिक परिवर्तनलाई नेतृत्व गर्नको लागि सहभागीलाई प्रेरित गर्ने थियो ।

### तालिमका मुख्य अभ्यास तथा सिकाइहरू

- समुदायसँग स्थानीय मुख्य मुद्दामाथि कुराकानी तथा छलफल ।
- अभ्यासको सिद्धान्त (Theory of practice) अनुसार विभिन्न संस्थाको मूल्याङ्कन
- बाजुराको कोल्टीमा अवस्थित जैतुन खेतीसम्बन्धी अनुसन्धानको अवलोकन
- कर्णाली क्षेत्रका स्थानीय बालीबारे छलफल
- स्थानीय तहमा काम गर्ने कर्मचारी, अभियन्ता, गाविस सचिव, अगुवा किसान तथा महिला किसानसँग छलफल
- शुष्क तथा अर्धशुष्क हावापानी तथा भूगोलको अवलोकन



**फोटो १६ः हिडाइ तालिका सहभागिहरु , खप्तड डोटी**

- दिगो कृषिः माटो, छापो, ऊर्जा चक्रबारे छलफल
- कर्णालीका कृषिको भविष्यबारे चिन्तन मनन
- सामुदायिक विद्यालयका मुख्य मुद्दाबारे छलफल

## ४.१२ कर्णाली खाद्य तथा कृषि सरोकार समूहः गठन र पुनर्गठन

कर्णाली खाद्य तथा कृषि सरोकार समूहले कर्णालीका स्थानीय मौलिक बाली तथा स्रोत संरक्षण एवं प्रबर्धन, कर्णाली विशेषताको शुष्क तथा अर्धशुष्क कृषि र कर्णाली क्षेत्रको खाद्य सुरक्षाको सवालमा आवाजहरू उठाउँदै आएको हो । नेपालको संविधान २०७२ जारी भएपछि नेपाल औपचारिक रूपमा संघीय संरचनामा प्रवेश गर्ने बाटो खुलेसँगै सातवटा प्रदेशमा विभाजन भएर २०७४ मा स्थानीय, प्रदेश र संघीय निर्वाचन घोषणा भई कार्य सञ्चालन हुँदै गरेको थियो । फेरिएको संरचनामा खाद्य र कृषिका सवालमा अभियानको काम गर्न उद्देश्यले यसको पुनर्गठन गरेर अभियानलाई प्रदेशको तहमा सक्रिय बनाउने निर्णय भएको थियो । सोहीअनुरूप निम्न अभियन्ताहरू संयोजक रहने निर्णय थरिएको थियो ।

| क्र.स. | जिल्ला | संयोजक | सम्पर्क |
|---|---|---|---|
| १. | कालीकोट | काली बहादुर मल्ल | ९८४८३१०५७० |
| २. | बाजुरा | बीर बहादुर रावल | ९७४९००५८०७ |
| ३. | जुम्ला | धन बहादुर गौतम | ९८४८२७४८५० |
| ४. | मुगू | सन्तोष कुमार मल्ल | ९७४८९००५५७ |
| ५. | हुम्ला | नवराज महतारा | ९८५११२४६१० |
| ६. | डोल्पा | नन्दसिंह बुढा | ९८५८०८९७०० |

यो निर्णयसँगै विभिन्न मितिमा माथिल्लो कर्णाली क्षेत्रका सबै जिल्लामा समूह पुनर्गठन भएको थियो- जसमा साबिककै संयोजकहरूको संयोजकत्वमा बाँकी कार्य समितिहरू फेरिएको थियो । कर्णाली कृषि तथा खाद्य सरोकार समूहको कार्यसमिति पुनर्गठन गरियो ।

**नयाँ कार्यसमिति निम्नअनुसार रहेको थियो,**

| क्र.स | नाम | पद | जिल्ला |
|---|---|---|---|
| १ | धनबहादुर गौतम | संयोजक | जुम्ला |
| २ | नन्दा थापा | सदस्य | बाजुरा |
| ३ | कालीबहादुर थापा | सदस्य | कालीकोट |
| ४ | मायादेवी शाही | सदस्य | डोल्पा |
| ५ | कृष्णमाया कठायत | सदस्य | जुम्ला |
| ६ | शान्ति गिरी | सदस्य | कालीकोट |
| ७ | मानसिंह नेपाली | सदस्य | मुगु |

यसैगरी बाँकेको गाबर भ्यालीमा मिति २०७३ चैत्र १५ गते बसेको कर्णाली कृषि तथा खाद्य सरोकार समूहको क्षेत्रीय भेलाले कर्णाली क्षेत्रमा खाद्य तथा कृषिका क्षेत्रमा सकारात्मक भूमिका खेल्दै आइरहेको कफागलाई आगामी दिनमा नयाँ रणनीतिका साथ काम गर्ने उद्देश्यले क्षेत्रीय नयाँ कार्यसमिति गठन गर्ने निर्णय गरेको थियो । सोहीअनुसार धनबहादुर गौतमको संयोजकत्वमा छ जिल्लाबाट प्रतिनिधित्व हुनेगरी क्षेत्रीय कार्यसमिति गठन भएको थियो ।

## ४.१३ रसायन र विषादीमुक्त खाना र प्राङ्गारिक कृषि अभियान

बाँकेको गाबर भ्याली होमस्टेमा कर्णाली कृषि तथा खाद्य सरोकार समूहको नयाँ कार्य समितिको गठनपछि मिति २०७३ चैत्र १६ र १७ गते कफाग र कर्णाली क्षेत्रमा खाद्य र कृषिमा काम गर्ने सरोकारवाला स्थानीय साझेदार संस्थाबीच रसायन र विषादीमुक्त खाना तथा प्राङ्गारिक कृषिको सवालमा दुईदिने कार्यशाला सम्पन्न भएको थियो- जसमा इन्भाइरोमेन्टल रिसोर्सेस इन्सिच्युट (ईआरआई)ले सम्बन्धित विषयवस्तुमा प्रस्तुति दिएको थियो । यस कार्यशालामा रसायन र विषादीमुक्त प्राङ्गारिक कृषि, स्वस्थ खानपानसम्बद्ध विषयवस्तुमा आधारित प्रस्तुति र छलफलले सहभागी प्राङ्गारिक कृषिको अभियानको क्षेत्रमा दिशानिर्देश गर्नुका साथै दृष्टिकोणलाई फराकिलो पारेको थियो ।

## प्राङ्गारिक कृषि, सम्भावना र चुनौती विषयक अन्तर्क्रिया कार्यक्रम

कालीकोट जिल्लाको खाँडाचक्र मा २३ साउन २०७५ मा कर्णालीमा प्राङ्गारिक कृषि सम्भावना र चुनौती विषयक अन्तर्क्रिया छलफलका साथै यस मा गर्न सकिने कार्यबारे छलफल भयो । यस कार्यक्रमको समन्वयन कर्णाली कृषि तथा खाद्य सरोकार समूह (कफाग) का संयोजक कालीबहादुर मल्लले गर्नुभएको थियो । यस कार्यक्रममा खाँडाचक्रका नगरप्रमुख जैशीप्रसाद पाण्डेसहित वडा अध्यक्षहरूको उपस्थिति रहेको थियो ।

यो तालिमपछि कर्णाली कृषि तथा खाद्य सरोकार समूहको आयोजनामा रसायन र विषादीमुक्त कृषिबारे जिल्लाका सरोकारवाला, नागरिक समाज, स्थानीय र पत्रकारहरूसँग विभिन्न मितिमा गरिएका छलफल तथा अन्तर्क्रिया कार्यक्रम गरिएका थिए ।

## कालीकोट

खाँडाचक्र नपाका जनप्रतिनिधि तथा सरकारी कार्यालय, स्थानीय सरोकारवाला, नागरिक समाजको सहभागितामा रसायन र विषादीमुक्त प्राङ्गारिक कृषिका विषयमा छलफल तथा अन्तर्क्रिया कार्यक्रम भएको थियो -जसमा स्थानीय सरकारको काम कर्तव्य र अधिकारका साथै नमुना कृषि ऐन कस्तो हुनुपर्छ भन्ने विषयमा पनि प्रस्तुति र बहस भएको थियो ।



**फोटो १७: हिडाइ तालिका सहभागिहरु , खप्तड डोटी**

त्यसैगरी, मिति २०७४ असार १२  गते पत्रकारहरूसँग छलफल तथा अन्तर्क्रिया कार्यक्रम भएको थियो- जसमा स्थानीय प्राङ्गारिक कृषिको आवश्यकतासम्बन्धी छलफलका साथै स्थानीय सरकारमा उपयुक्त कृषि नीतिका लागि नागरिक समाज र पत्रकारको भूमिका विषयमा अन्तर्क्रिया भएको थियो । उक्त कार्यक्रममा कृषिमा प्रत्यक्षरूपमा महिलाको सहभागिता हुने भएकाले प्राङ्गारिक कृषि र रैथाने बालीको संरक्षणमा महिलालाई सुसूचित गरी अघि बढाउने र स्थानीय सरकारलाई कृषि नीति बनाउनका लागि पहल गर्ने निर्णय भएको थियो ।

## जुम्ला

मिति २०७४ असार १२ गते कर्णाली कृषि तथा खाद्य सरोकार समूह जुम्लाको आयोजनामा चन्दनाथ मा स्थानीय सरकार, सरोकारवाला र नागरिक समाजको सहभागितामा बदलिएको सन्दर्भमा कृषि र कृषि नीतिमा स्थानीय सरकारको भूमिकाको विषयमा साथै रसायन र विषादीमुक्त कृषिबारे छलफल तथा अन्तर्क्रिया कार्यक्रम भएको थियो । यस्तै कफाग जुम्लाको आयोजनामा जुम्लाका तातोपानी गाउँपालिका, तिला गाउँपालिकामा पनि बदलिएको सन्दर्भमा स्थानीय सरकारको भूमिका, स्थानीय सरकारको नमुना कृषि ऐनका साथै रसायन र विषादीमुक्त कृषिबारे छलफल तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको थियो ।




**फोटो १८ः खाना र खेतीपातीबारे जनप्रतिनिधिसँगको छलफल खलंगा जुम्ला**

## डोल्पा

मिति २०७४ असार २१ गते डोल्पा जिल्लास्तरीय कफागको नियमित बैठक भएको थियो- जसमा फेरिएको संरचनामा खाद्य तथा कृषिलाई कसरी हेर्ने तथा स्थानीय सरकारसँग समन्वय गरेर के कस्तो कृषि ऐन नीति बनाउन दबाव दिने भन्ने विषयमा सम्पूर्ण कफाग सदस्यहरूबीच बृहत् छलफल भएको थियो । आगामी दिनमा यस्ता अन्तर्क्रियालाई निरन्तरता दिंदै आफ्नो क्षेत्रको खाद्य तथा कृषि प्रवर्धन गर्न सबै जना सबै तहबाट लागिपर्नु पर्नेसमेत बताउँदै कफाग डोल्पा जिल्ला संयोजक नन्दसिंह बुढाले कार्यक्रम समापन गर्नुभएको थियो ।

यो सँगै डोल्पा जिल्लाका ठूलीभेरी र त्रिपुरासुन्दरी का जनप्रतिनिधिसँग छलफल र अन्तर्क्रिया कार्यक्रम भएको थियो । यसमा स्थानीय सरकारको काम, कर्तव्य र अधिकारका साथै नमुना कृषि ऐन कस्तो हुनुपर्छ भन्ने विषयमा छलफल भएको थियो । यही बेला पत्रकारसँग छलफल तथा अन्तर्क्रिया कार्यक्रम भएको थियो- जसमा स्थानीय प्राङ्गारिक कृषिको आवश्यकतासम्बन्धी छलफलका साथै स्थानीय सरकारमा उपयुक्त कृषि नीतिका लागि नागरिक समाज, पत्रकारको भूमिका विषयमा छलफल भएको थियो ।



**फोटो १९: खाना र खेतीपातीबारे जनप्रतिनिधिहरु  संगको छलफल ठूलीभेरी र त्रिपुरासुन्दरी डोल्पा**

## मुगू

२०७४ भाद्र २४ गते स्थानीय जनप्रतिनिधिहरूसँग बसेर स्थानीय अवस्थासुहाउँदो कृषि ऐन बनाउन सहजीकरण गर्नेतर्फ लाग्ने कुरामा ऐक्यबद्धता जाहेर गरिएको थियो । आगामी दिनमा यस्ता अन्तर्क्रियालाई निरन्तरता दिंदै आफ्नो क्षेत्रको खाद्य तथा कृषि प्रवर्धन गर्न सबै जना सबै तहबाट लागिपर्नुपर्ने छलफल भएको थियो । छायानाथ रारा मा निर्वाचित जनप्रतिनिधिमा कृषिसम्बन्धी संवैधानिक व्यवस्था र स्थानीय कार्यभारसम्बन्धी स्थानीय कृषि ऐनको खाकाबारे सहजीकरण छलफल आयोजना गरिएको थियो । उक्त सहजीकरण छलफलमा का प्रमुख, उपप्रमुखलगायत १४ वटै वडाका अध्यक्षको सहभागिता रहेको थियो ।



**फोटो २०: स्थानीय कृषि ऐनबारे जनप्रतिनिधिसँगको छलफल छायानाथ नपा मुगू**

## बाजुरा

मिति २०७४ भाद्र २३ गते कर्णाली कृषि तथा खाद्य सरोकार समूह बाजुराको जिल्लास्तरीय नियमित बैठकसँगै स्थानीय निकायको कृषि रणनीति, स्थानीय कृषि ऐनबारे छलफल भएको थियो । प्राङ्गारिक खेती तथा रैथाने विशेषतामा आधारित दिगो खेतीबारे छलफल भएको थियो । उक्त बैठकमा कर्णाली खाद्य तथा कृषि सरोकार समूहले स्थानीय कृषि नीति, रसायन र विषादीमुक्त कृषिका विषयमा स्थानीय निकायसँग समन्वय गर्ने सहमति भएको थियो ।

त्यसैगरी बडीमालिका र मार्तडीमा का जनप्रतिनिधि तथा सरोकारवालाबीच अन्तर्क्रियात्मक कार्यक्रम भएको थियो । कार्यक्रममा बडिमालिकाका नगरप्रमुख पदम बडुवाल, उपप्रमुख कविता विष्ट जिल्ला कृषि विकासका वरिष्ठ कृषि विकास अधिकृत डा. रामकृष्ण श्रेष्ठ, वडा अध्यक्षहरूका साथै सञ्चारकर्मीलगायतको उपस्थिति थियो । कार्यक्रममा रसायन र विषादीमुक्त प्राङ्गारिक कृषि, स्थानीय सरकारको कृषि नीतिका विषयमा छलफल भएको थियो । यससँगै पत्रकार तथा सञ्चार क्षेत्रका प्रतिनिधिसँगको अन्तर्क्रिया कार्यक्रम भएको थियो । कार्यक्रममा विभिन्न सञ्चारमाध्यम तथा सञ्चारकर्मीको उपस्थिति रहेका थियो । कृषि क्षेत्रको सुधार र रैथाने बालीको प्रबर्धनमा जोड दिँदै, विषादीरहित खाद्य बालीको प्रयोग गर्न सञ्चार क्षेत्रले खेल्नुपर्ने भूमिका र प्रोत्साहनका लागि गर्नुपर्ने कामबारे छलफल भएको थियो ।



**फोटो २१: खाना र खेतीपातीबारे अभियन्ताको आवधिक बैठक मार्तडी बाजुरा**

## खाद्यका लागि कृषि अभियानः कर्णाली प्रदेशको संयोजन समूह गठन

माथि भनेझैं कर्णाली क्षेत्रको खाद्य र दिगो कृषिका सवालसम्बद्ध रही विगत लामो समयदेखि नागरिक दबाव सिर्जना गर्ने उद्देश्यका साथ कर्णाली कृषि तथा खाद्य सरोकार समूहले विभिन्न गतिविधि गर्दै आएको थियो । विशेषगरी शुष्क तथा अर्धशुष्क क्षेत्र साबिकको कर्णाली अञ्चलका पाँच जिल्ला र बाजुरासहित छवटा जिल्लामा विशेषता, हावापानीअनुसारको खाना र खेतीपातीको वकालत गर्दै आएको थियो । यस समूहमा नागरिक समाज, पत्रकार र अगुवा कृषकहरू आबद्ध रहेका थिए ।

नेपालको संविधान २०७२ पछि देश तीन तहको संघीय संरचनामा गएसँगै कर्णालीका पाँच जिल्ला र भेरी राप्तीका पाँच जिल्लालाई समाहित गरेर सुर्खेतमा प्रादेशिक राजधानी हुनेगरी १० जिल्लाको कर्णाली प्रदेशको संरचना बन्यो । उक्त कुरालाई ध्यानमा राख्दै कर्णाली प्रदेशमा स्थापना गर्ने उद्देश्यले मिति २०७५ मंसिर ५ गते सुर्खेतको बड्डीचौरमा दशै जिल्लाका नागरिक समाज, पत्रकार र अगुवा कृषकको भेला भएको थियो ।

प्रदेश सरकारले कर्णाली प्रदेशलाई प्राङ्गारिक प्रदेश घोषणा गरेको अवस्थामा यसलाई सफल बनाउन व्यावहारिक तहमा प्रदेश सरकारलाई सहयोग गरी दिगो कृषिको मर्मलाई स्थापित गर्ने यस भेलाका केही निश्चित उद्देश्य रहेका थिए । कार्यक्रममा कर्णाली प्रदेश सरकारका वन, वातावरण तथा उद्योग मन्त्री मा. नन्दसिंह् बुढाको उपस्थिति रहेको थियो । यस कार्यक्रमको मुख्य उद्देश्य भनेको प्रदेश सरकारले घोषणा गरेको प्राङ्गारिक प्रदेशलाई व्यावहारिक रूप दिन सहयोग गर्नु रहेको थियो । छ जिल्लामा सीमित यो अभियानलाई प्रदेश तहमा विस्तार गरी खाना र खेतीपातीको मर्मलाई स्थापित गर्दै रैथाने खाद्यबालीको प्रबर्धन गर्ने पनि रहेको थियो ।

यस एकदिने कार्यक्रमले कर्णाली कृषि तथा खाद्य सरोकार समूहलाई पुनर्ताजगी तथा दशै जिल्लामा विस्तार गर्ने कार्यको सुरुवात गरेको थियो । दशै जिल्लाका नागरिक समाज, अगुवा कृषक र पत्रकारको उपस्थितिमा प्रत्येक जिल्लाबाट सम्पर्क व्यक्ति चयन गरिएको थियो । यसले प्राङ्गारिक कृषि विषयमा नागरिक दबाव सिर्जना गर्दै दिगो कृषिलाई वकालत गर्ने तथा आगामी दिनमा यस सम्पर्क समूहले सबै जिल्लामा सरोकार समूह गठन गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्ने गरी प्रत्येक जिल्लाका निम्नानुसार सम्पर्क व्यक्ति चयन गरिएको थियो ।


## प्रदेश समूह गठन भेलामा सहभागीको नामावली

| क्र.स | सम्पर्क व्यक्तिहरुको नाम | ठेगाना | सम्पर्क |
|---|---|---|---|
| १. | मानबहादुर थापा | दैलेख | ९८४४८४२८४० |
| २. | जीवकुमार खड्का | दैलेख | ९८४४८३२१८१ |
| ४. | विन्दलाल रेग्मी | सुर्खेत | ९८४८०४९६२० |
| ५. | विवेक शाही | सुर्खेत | ९८५८०५२२२७ |
| ७. | कल्पना घर्ती | जाजरकोट | ९८६४७८१२६३ |
| ८. | प्रविन शर्मा | जाजरकोट | ९७४८६३३४१२ |
| ९. | कालीबहादुर मल्ल | कालीकोट | ९८४८३१०५७० |
| १०. | मात्रिका प्रसाद बडेल | कालीकोट | ९८४८२४११०७ |
| १२. | मायाराम महतारा | कालीकोट | ९८४८३१०२९९ |
| १३. | धनबहादुर वली | रुकुम | ९८६९६५८००८ |
| १४. | कविता भण्डारी | रुकुम | ९८४९९२४१३१ |
| १५. | जनक शाही | डोल्पा | ९७४८९०६६११ |
| १६. | हिरा बुढा | डोल्पा | ९८४८३२४१९८ |
| १७. | मायालक्ष्मी सेजुवाल | मुगु | ९८६८३००८५६ |
| १८. | गोरख बहादुर शाही | हुम्ला | ९८५१०४५७८३ |
| १९. | वीरमान थापा | हुम्ला | ९८५८३६६९७८ |
| २०. | धनबहादुर गौतम | जुम्ला | ९८४८२७४८५० |
| २१. | प्रेम हमाल | जुम्ला | ९८६८७०७९१५ |
| २२. | चेतबहादुर वली | सल्यान | ९८४७८९२५५० |
| २३. | गंगाराम वली | सल्यान | ९८४७८१२२४६ |
| २४. | कुम्भराज जोशी | बझाङ | ९७४९०९८९३३ |
| २५. | जमुना जोशी | बझाङ | |

### ४.१४ दिगो विकासका लागि सामाजिक रूपान्तरण तालिम

दिगो विकासका लागि सामाजिक रूपान्तरण तालिम दिगो खेतीपातीका लागि सामाजिक रूपान्तरण तालिम श्रृंखलाकै एक निरन्तरता हो । यद्यपि मिति २०७४ साउनसाउन १७ मा जुम्लादेखि सुरु गरिएको तालिम अलि फरक रहेको छ । यसमा तालिमको अवधि र समय सीमा एउटै भएता पनि सहभागी छनोट, स्थान र कार्यक्रम फरक पद्धतिमा सञ्चालन गरिएको थियो । यसमा विभिन्न परिवेश, समाज, ठाउँ र संस्थाबाट छनोट गरी प्रतिनिधि चयन गरिएको थियो । सहभागीहरूले आफ्नो समाज र परिवेशभन्दा फरक समुदायबाट केही सिक्न, जान्न र भावनात्मक रूपमा एक हुन सिकून् भन्ने उद्देश्यले फरक/फरक समुदायका पाहुना घरमा अधिकांश यो कार्यक्रम श्रृङ्खला सञ्चालन गरिएको थियो- जसमा धान फल्ने विश्वकै अग्लो स्थान जुम्लाको छुमचौरको कार्मारोङ समुदायको पाहुना घरमा पहिलो श्रृङ्खला सञ्चालन गरिएको थियो । बाँकी श्रृङ्खला पश्चिम सुर्खेतको बड्डीचौर, पूर्वी सुर्खेतको गुमी, वीरेन्द्रनगर र चितवनको ठिमुरामा सञ्चालन गरिएको थियो । यसमा दुईवटाबाहेक बाँकी श्रृङ्खला पाहुनाघरमा सम्पन्न भएका थिए ।

मुख्यतया यस कार्यक्रममा समाजको मूलधारमा नआएका र सिर्जनात्मक सामाजिक परिवर्तनमा नलागेका, लागेका कर्णाली क्षेत्रका युवाको व्यक्तिगत सिकाइसँगै सामाजिक परिवर्तनका लागि वर्तमान पद्धति र विचारभन्दा फरक रूपान्तरणमुखी सिकाइलाई प्रभावकारी बनाउनु आवश्यक छ । यही उद्देश्यअनुरूप सञ्चालन गरिएको दिगो विकासका लागि सामाजिक रूपान्तरण तालिम १८ महिनामा विभिन्न श्रृंखला गरी ६० दिनसम्म सञ्चालन गरिएको थियो । सात जिल्लाका २५ जनाको सहभागिता रहेको थियो



**फोटो २२: दिगो विकासका लागि सामाजिक रूपान्तरण तालिम, २०७४ छुमचौर जुम्ला**

## ४.१५ कर्णालीका अगुवासँग दिगो विकासका लागि सामाजिक रूपान्तरण तालिम

मिति २०७५ चैत्र २८, २९ र ३० गते सुर्खेतको वीरेन्द्रनगरमा कर्णालीका अगुवा तथा अभियन्ताको ज्ञान, सिप तथा क्षमता अभिबृद्धिका लागि दिगो विकासका लागि सामाजिकरूपान्तरण तालिम सञ्चालन गरिएको थियो । कार्यक्रमको मुख्य उद्देश्य कर्णाली प्रदेशका १० जिल्लाका नयाँ अभियन्तासँगको अन्तर्क्रिया, छलफल र खाद्य तथा कृषिको मुद्दामा एकरूपता प्रदान गर्नु थियो । यस्तै पहिलो श्रृङ्खला सुर्खेतको वीरेन्द्रनगरमा सम्पन्न भएपछि दोस्रो श्रृङ्खला सुर्खेतकै बड्डीचौरमा २०७६ भदौ १२ र १३ भएको थियो । यो कार्यक्रममा कफागका सदस्य, पत्रकार र नागरिक समाजका अगुवाको उपस्थिति रहेको थियो ।

# अनुसूची ५ः सञ्चारमाध्यममा खाना तथा खेतीपाती

श्री माननीय कृषि विकास मन्त्रि ज्यू,

नेपाल सरकार कृषि विकास मन्त्रालय,

सिंहदरबार काठमाण्डौ ।

मार्फत प्रमुख जिल्ला अधिकारी ज्यू,

जिल्ला प्रशासन कार्यालय कालीकोट ।

**विषय :- ज्ञापन पत्र सम्बन्धमा ।**

माननीय मन्त्रि ज्यू, नेपाल कृषि प्रधान देश भएको र ६५. ६ प्रतिशत नागरिक कृषि पेशामा संलग्न रहेका कुरा सर्वविदितै छ । सन् १९८० को दशक अघि कर्णालीक्षेत्र कृषि तथा व्यापारमा आत्मनिर्भर भए पनि नेपाल एकिकरण पछि केन्द्रकृत राज्यको अदुरदृष्टिका कारण परनिर्भर हुन पुग्यो । यति मात्र नभएर कर्णाली क्षेत्रको भौगोलिक विषेशता र हावापानी अनुशारको कृषि सम्वन्धि नीति तथा योजनाहरु निमार्णण नहुनु र सोही अनुशारको प्रविधिको विकास नगरी हरीत कृषि क्रान्तिको आधारमा यान्त्रिकरण गरिनु, स्थानीय रैथाने बालिहरुको सम्वर्द्धन र प्रवर्द्धनमा जोड नदिएर आयातमूखी खाद्य वस्तुमा जोड दिनाले गर्दा बर्षेनी कर्णालीक्षेत्रमा खाद्यन्न संकटको श्रृजना भइरहने गरेको छ । यसका साथै यस वर्ष लामो समय देखि पानी नपरी सुख्खा खडेरी परेका कारण कर्णाली क्षेत्रमा उत्पादन हुने धान, मकै, कोदो, चिनो, कागुनो, फापर, सिमि लगाएतका खाद्यान्न बालिहरु र पशुवस्तुका लागि घासपात समेत विभिन्न निकाएको तथ्याङ्क अनुशार कालीकोटमा ६० प्रतिशत, मुगुमा ७० प्रतिशत, हुम्लामा ७० प्रतिशत, जुम्ला ६५ प्रतिशत, डोल्पा ७० प्रतिशत र बाजुरामा ७० प्रतिशत उत्पादनमा गिरावट आएका कारण तत्काल यस क्षेत्रमा देखिएको भोकमरीको समस्या समाधानका लागि तपशिलका माग सहित यो ज्ञापन पत्र मार्फत वहाँको ध्यानाकर्षणका लागि अनुरोध गर्दछौ ।

मागहरु

१. कर्णाली क्षेत्रमा केन्द्रस्तरका सरकारी तथा गैर सरकारीका साथै स्वतन्त्र कृषि विज्ञ टोलि खटाई यस क्षेत्रको अन्नबालीमा भएको क्षतिको अनुगमन गरियोस ।

२. लामो समयदेखिको खडेरीका कारण नष्ट भएका खद्यान्न बालिहरुको क्षतिपूर्ति तत्काल उपलब्ध गराई कर्णाली क्षेत्रको खद्य संकटको समस्या समाधान गरियोस ।

३. कर्णाली क्षत्रको भुगोल र हावापानी अनुशारको दिगो कृषि पद्धतीको विकासमा जोड दिइयोस ।

४. कर्णाली क्षेत्रको भोकमरीलाई मध्यनजर गर्दै सरकारी तथा गैर सरकारी निकायबाट वितरण हुन सक्ने खद्य वस्तुमा हुनसक्ने हिनमिना र दुरुपयोको अन्त्यका लागि सचेतता अपनाइयोस ।

मिति २०७२ साल कार्तिक १३ गते

कालीबहादुर मल्ल
जिल्ला संयोजक
कर्णाली कृषि तथा खाद्य सरोकार समूह कालीकोट

मायालाल महतारा
क्षेत्रीय संयोजक
कर्णाली कृषि तथा खाद्य सरोकार समूह

## कर्णालीको कृषि विकासमा सहयोगको प्रतिबद्धता

नेपाल समाचारपत्र

काठमाडौं



## काठमाडौंले चिन्न नसकेको कर्णाली



# कर्णालीमा कृषि विश्वविद्यालय स्थापना गर्न माग

■ गोरखापत्र समाचारदाता

काठमाडौं, साउन १७ गते । कर्णालीको स्थानीय विशेषताका रैथाने बाली तथा वस्तुभाउ प्रवर्द्धन गर्न राज्यले कृषिमा अनुदान र संरक्षणको रणनीति अपनाउनु पर्नेमा सभासद् तथा अधिकारकर्मीले जोड दिएका छन् ।

कर्णाली कृषि तथा खाद्य सरोकार समूहले राजधानीमा आयोजना गरेको 'कर्णालीको कृषि: विशेषता चुनौती र सम्भावना' विषयक अन्तर्क्रियामा स्थानीय बाली तथा वस्तुभाउको अध्ययन र अनुसन्धानका लागि कर्णालीमा एक कृषि विश्वविद्यालयको स्थापना गर्नुपर्ने माग उनीहरूले अगाडि सारेका छन् ।

कर्णालीको स्थानीय विशेषताका रैथाने बाली तथा वस्तुभाउ प्रवर्द्धन गर्ने स्थानीय सरोकारवालाको अर्थपूर्ण सहभागितामा नीति तथा कार्यक्रम तय गरिनुपर्ने उनीहरूको भनाइ छ ।

**स्थानीय बाली तथा वस्तुभाउको अध्ययन र अनुसन्धानका लागि कर्णालीमा एक कृषि विश्वविद्यालयको स्थापना गर्नुपर्ने माग**

सभासद् रीता शाहीले नेपालको योजना प्रणालीले कहिल्यै पनि कर्णालीका जनताको आवश्यकता भन्दा केन्द्रका योजनाकारको इच्छामा आधारित रहेर निर्माण गर्ने परिपाटीले कर्णालीको मुहार कहिल्यै नफेरिएको भन्दै अब सबैको चासोको विषय बन्नुपर्नेमा जोड दिनुभयो ।

अर्का सभासद् शक्तिबहादुर बस्नेतले नेपालमा अमेरिका, युरोप र बेइजिङ बुझ्ने योजनाकारको बाहुल्य हुने तर कर्णाली बुझ्ने योजनाकार नभएका कारण कर्णालीको विकास नभएको बताउँदै अबको दिनमा कर्णालीको कृषिले राष्ट्रिय प्राथमिकता पाउनु पर्नेमा जोड दिनुभयो ।

सभासद् रविन्द्र अधिकारीले राज्यले सधैं हेयको नजरमा हेर्ने कर्णालीको कृषिलाई स्थानीय अवस्था र रैथाने पहिचानका आधारमा आफूले संसद्मा अबको १५ दिन भित्र राष्ट्रिय महत्वको विषयका रूपमा उठान गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

पूर्व सांसद् गोरखबहादुर बोगटीले राज्यको केन्द्रीकृत चिन्तनले कर्णाली विकास आयोगको गठन आदेश नै निष्क्रभावी भएको बताउनुभयो । विगतको नेपाली विकास नीतिले कर्णालीलाई कुनै पनि ढङ्गबाट सम्बोधन गर्न नसकेको भन्दै उहाँले त्यसको समीक्षाका आधारमा अबका नीतिले कर्णालीलाई फरक ढङ्गले हेर्नुपर्ने बताउनुभयो ।

कर्णाली विकास आयोग र खाद्यका लागि नागरिक अभियानको संयोजनमा आयोजना गरिएको कार्यक्रममा कृषि अनुसन्धान परिषद् (नार्क) का वरिष्ठ वैज्ञानिक डा. भिमा केसीले नार्कले अब कर्णालीको भूगोल अनुसारको अनुसन्धानमा जुटेकोले कर्णालीको भूगोललाई सुहाउने उत्पादको अनुसन्धान गरिने विश्वास व्यक्त गर्नुभएको छ ।

स्थानीय भूगोल अनुसार नीति तथा योजनाका हिसाबले कर्णालीलाई राज्यले नीतिगत रूपमै फरक ढङ्गले सम्बोधन गर्नुपर्ने बहस गर्दै आएको कर्णाली कृषि तथा खाद्य सरोकार समूहले कर्णालीका पाँच जिल्ला (हुम्ला, जुम्ला, कालिकोट, डोल्पा र बाजुरा) जिल्लाका कृषि विकास, पशु सेवा कार्यालयका प्रमुख, कृषि अभियन्ता र कृषि विज्ञले तयार पारेका छुट्टा सामूहिक बुझाइलाई समेत सार्वजनिक गरिएको छ ।

कर्णाली विकास आयोगका सदस्य दिपकबहादुर बुढाले सार्वजनिक गरेका कर्णाली क्षेत्रको कृषिको सामूहिक बुझाईअन्तर्गत कर्णाली भिन्न भौगोलिक सांस्कृतिक परिवेश भएकाले यसलाई सम्बोधन नगरी त्यहाँको कृषिको रूपान्तरण सम्भव नभएको बताउनुभयो ।

कार्यक्रममा पशु सेवा विभागका महानिर्देशक नरबहादुर रजवार, कृषि विभागका उप-महानिर्देशक तेजबहादुर सुवेदी, कर्णाली विकास आयोगकका अध्यक्ष डा. कलबहादुर रोकायालगायतका वक्ताले कर्णालीको विकासमा एक भएर लाग्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।

# कर्णालीमा चामललाई राजनीतिक एजेन्डा बनाइन्छ

[illegible]



जीवन शाही

[illegible]

कृषिवार्ता

[illegible]

# अनुसूची ६ः पर्यावरणीय कृषि प्रवर्धन

## ६.१: जैविक विषादी, मल निर्माण र परीक्षणहरू

कर्णालीको हावापानी, भूगोल सुहाउँदो प्राङ्गारिक कृषिको अभियानलाई सफल बनाउने उद्देश्यले ईआरआई नेपालले शुष्क तथा अर्धशुष्क हावापानीका लागि सोही हावापानीमा पाइने विभिन्न विशेषता भएका झारपात, जडिबुटी तथा स्रोतको प्रयोग गरी फलफूल, तरकारी बालीमा लाग्ने विभिन्न रोग किराको नियन्त्रणका लागि जैविक वनस्पतीय विषादीको अध्ययन अनुसन्धान तथा परीक्षण गरी कृषिलाई सहजीकरण गर्ने उद्देश्यले मार्च ३१ देखि अप्रिल २१ (२०१७) सम्म जुम्लामा बसेर जैविक विषादी बनाई  अध्ययन अवलोकन गरिएको थियो । यसक्रममा मुख्य तीन प्रकारको झोल मल विषादी र एक प्रकारको कम्पोष्ट मल तयार पारिएको थियो । यस अध्ययनमा साउँखोला जैविक विषादी लघुउद्देश्य समूह तलिउम-८ जुम्लाका अगुवा कृषक गोरखबहादुर भण्डारीको अगुवाइ तथा ईआरआई नेपालबाट जीवन शाहीको सहभागितामा करिब तीन हप्तासम्म विभिन्न प्रकारका विषादी तयार पारिएको थियो । मुख्यतया निम्न जैविक झोल विषादीहरू तयार पारिएको थियो ।




**फोटो २३ : जैविक झोल मल**

१. झुसिले झोल : काउली, बन्दा र तरकारीको पुतलीबाट लाग्ने झुसिलकिराविरुद्ध

२. सेते झोल : स्याउमा लाग्ने भुवादार लाही (wooly aphid) विरुद्ध

३. भगाउने झोल : तरकारी, मकै र आलुमा लाग्ने जुनसुकै किरालाई भगाउन

४. मल विषादी : नर्सरी बिरुवामा फेद कुहिने रोगविरुद्ध

५. कम्पोष्ट मल

यस अध्ययनबाट तत्काल गरिएका अपेक्षा-

- यसले प्राङ्गारिक कृषिमा सघाउ पुग्ने ।
- हाम्रै वरपर खेर गइरहेका विभिन्न विशेषता भएका झारपातको सदुपयोग हुने ।
- कर्णालीसहित अन्य जुनसुकै क्षेत्रमा यही विशेषताले निर्माण गर्न सकिने ।

**परीक्षणहरू**

**झुसिले झोल : काउली, बन्दा र तरकारीको पुतलीबाट लाग्ने झुसिलकिराविरुद्ध गरिएको परीक्षण**

विभिन्न प्रकारका झोल विषादी उत्पादन गरिएपछि परीक्षणका लागि २०७४ असारमा काउली र बन्दा प्लट निर्माण गरिएको थियो- जसमा झुसिलकिरा र लाही लागेमा परीक्षणका लागि ।



**फोटो २४: जैविक विषादी परिक्षणका लागि तरकारी प्लटको तथ्याङ्क लिदैं**



**फोटो २५: विषादी परीक्षण गरिएको मिति २०७४ भाद्र २६,**

**सेते झोल - स्याउमा लाग्ने भुवादार लाही (wooly aphid) मा परीक्षण**

कर्णालीको स्याउ खेतीमा लाग्ने रोक, किरामा भुवादार लाही मुख्य समस्या रहेको छ। स्याउमा लाग्ने भुवादार लाहीको नियन्त्रणको लागि सेते झोलको प्रयोग जुम्ला जिल्लाको साउँखोला, तलिउम गाउँमा लालबहादुर भण्डारीको स्याउबारीमा परीक्षण गरिएको थियो ।

सिकाइः- भुवादार लाहीका लागि विषादी छर्कनुभन्दा अघि लाहीमा भएको भुवा हटाउने । विषादी छर्कनु भन्दा अघिल्लो दिनमा भुवादार लाहीमा पानी छर्कमा लाहीमा भएको भुवा हराउँछ भने दोस्रो दिन स्याउमा लाहीमात्र देखा पर्दछ । यस्तो अवस्थामा विषादी छर्कमा प्रभावकारी हुने तथा लाही पूर्णरूपमा नियन्त्रण गर्न सकिन्छ ।

अनुसन्धान क्षेत्रको पुनरावलोकन (तलिउम जुम्ला २०७५ साउन २५,२६)

क. विगत डेढ वर्षदेखि २०७५ साउनसम्म स्थानीय जैविक कृषि कार्यमा लागेका किसान गोरखबहादुर भण्डारीसँग सहकार्यमा ईआरआई नेपालले जैविक विषादी र जैविक मल तयारी तथा परीक्षण गर्ने काम गरिरहेको थियो। यसै सन्दर्भमा निर्माण गरिएको चार प्रकारको जैविक विषादीलाई जुम्लामा परीक्षण गरिएपछि प्रमाणीकरणका लागि निम्न परिमाणमा काठमाडौं ल्याइएको थियो ।

१. सेते झोल १० लि.

२. झुसिले झोल १० लि.

३. मल विषादी ५ लि.

४. भगाउने झोल ५ लि.

ख. यस साउखोला जैविक विषादी उत्पादन समूह र ईआरआई नेपालको सहकार्यमा स्थानीय लालबहादुर भण्डारीका बारीमा २६ वटा स्याउका बिरुवालाई नमुनाका रूपमा प्रयोग गरी जैविक विषादीको परीक्षण गरिएको थियो- जुन निम्न चरणमा रहेको थियो

१. भुवादार लाही किराको निराकरणका लागि सेते झोलको परीक्षण

लाही किराको लागि सेते झोलको प्रयोग गरेर लाही किरालाई हटाइएको थियो ।

२. स्याउको बगैंचाभित्र कोसेदार बाली केराउ खेती

वर्तमान अवस्थामा कर्णालीमा स्याउलाई प्रमुख बालीका रूपमा नभई यसलाई सहायक बालीका रूपमा लिने गरिन्छ- जसले गर्दा स्याउभित्र विभिन्न मौसमअनुसारको खेती गर्ने गरिन्छ । स्याउभित्र लगाइने बालीले रोग र उत्पादनमा प्रभाव पार्दछ । तथ्यगत रूपमा गहुँ, जौ, कोदो, केराउ, सिमीलगायतका बालीले स्याउको उत्पादन र रोगमा प्रभाव पारेको देखिन्छ । जस्तै कोदो बाली लगाउँदा भुवादार लाही धेरै देखिन्छ भने केराउ लगाउँदा स्याउमा रोग र लाही किराको प्रभाव कम पर्दछ ।

## स्याउमा कम्पोष्ट मल

स्याउ फुल्ने तथा पलाउने समयमा स्याउको वरिपरि खनेर एक बोट बराबर ३ किलो कम्पोष्ट मल प्रयोग गरी  सिंचाइ गरिएको थियो ।





## परीक्षणबाट निकालिएको निष्कर्ष

- स्थानीय विभिन्न विशेषता भएका झारपात र जडिबुटी प्रयोग गरी विभिन्न तरकारी बाली, फलफूल खेतीमा लाग्ने रोग किरा नियन्त्रण गर्न सकिन्छ ।
- जैविक विषादीको विशेषताअनुसार मल र विषादीको दुवै फाइदा लिन सकिन्छ ।
- गोठे मललाई अझै प्रभावकारी बनाउन सकिन्छ ।
- स्याउ खेतीमा लगाउने बाली पहिचान गरी रोग किराको प्रभाव कम गर्न सकिन्छ । जैविक विषादी, सिंचाइ र मलको उचित व्यवस्थापनले गुणस्तरीय उत्पादन लिन सकिन्छ ।


## ६.२ नर्सरी परीक्षण

कृषक गोरखबहादुर भण्डारीको अगुवाइमा नर्सरीमा ओखर र स्याउका बिरुवा उत्पादन परीक्षण गरिएको थियो । हालसम्म ओखरको बिरुवामा ग्राफ्टिङ कठिन मानिन्छ र यसमा सफल हुने सम्भावना निकै कम हुने अनुभव रहेको छ । यस ईआरआई र स्थानीय कृषकको सहकार्यमा गरिएको नर्सरी परीक्षणमा ६० बिरुवामा ग्राफ्टिङ गरेकोमा ३५ वटा बिरुवा सफल भएको थियो । यसले ओखरको बिरुवा उत्पादनमा सम्भावना देखिएको छ ।


### मूत्र संकलनको लागि समाधान

विभिन्न प्रकारका जैविक विषादी निर्माण गर्दा गाईवस्तुको मूत्र एक मुख्य आवश्यक कच्चा पदार्थ हो । गहुँत प्राङ्गारिक कृषिका लागि अत्या वश्यक छ । यसको आवश्यकता लगभग सबै प्रकारका विषादीमा रहेको हुन्छ साथै गहुँतलाई मात्र पनि विभिन्न रोग किरा नियन्त्रणका लागि प्रयोग गर्न सकिन्छ तर कर्णालीमा मूत्र संकलन कठिन हुने गर्दछ । गाईबस्तुहरू परम्परागत रूपमा वनमा चराइने हुनाले दिनभरि बनमै हुने गर्दछन् भने चार महिना पाटनमा लगी चराउने चलन रहेको छ । राति चिसोको कारणले न्यानो गोठमा सोत्तर ओछ्याइने गरिन्छ । यस्तो अवस्थामा बिहानबेलुका गाईबस्तुलाई घाँस खुवाउँदा र जाडो समयमा दिनमा घरमै राख्दा मूत्र संकलन गर्ने गरी कर्णालीमैत्री गोठको नमुना तयार पारिएको थियो ।

### गोठको नमुना डिजाइन




यो डिजाइनमा २० हजारमा कर्णालीमैत्री नमुना गोठ तयार पारिएको थियो ।



**फोटो २६: नमुना गोठमा घाँस खाँदै गाईगोरु र सोही अवस्थामा ड्रममा संकलन हुँदै गरेको मूत्र**

## ६.३ नर्सरी व्यवस्थापन तथा कलमी तालिम, जुफाल, डोल्पा

विगत केही वर्षदेखि अभियानले कर्णाली क्षेत्रको विशेषता र सम्भावना विषयमा विभिन्न अध्ययन तथा वकालत गर्दै आइरहेको छ । यस क्षेत्रको कृषिका विषयमा विभिन्न तहमा चासो र चर्चा हुने कर्णालीको कृषिलाई कर्णालीकै विशेषताअनुसारको नीति, कार्ययोजना र दूरदृष्टिले हेरिएको छैन । उच्च हिमाली औषधिजन्य अनाज र फलफूलका साथै जडिबुटी यहाँको प्रचुर सम्भावना भएको क्षेत्र हो । यस क्षेत्र विशेषगरी बिउबीजन, नर्सरीका लागि उन्नत सम्भावना भएको क्षेत्र मानिन्छ ।

कर्णाली क्षेत्रमा फलफूलको अत्यधिक सम्भावनाहरू भएता पनि गुणस्तरीय बिरुवा उत्पादन गर्ने नर्सरी अहिलेसम्म स्थापना हुन सकेको छैन । जुम्लामा केही मात्रामा र डोल्पामा एकजना कृषकको तहमा व्यक्तिगत रूपमा नर्सरीको प्रयास भएता पनि अनुसन्धानमूलक भएको पाइँदैन । कर्णालीमा धेरै सम्भावना भएको ओखर खेतीका लागि बिरुवाको आवश्यकता एकदमै धेरै रहेको छ । हालसम्म सरकारी कार्यालयले बिरुवाहरू अन्यत्रै जिल्लाबाट ल्याएर वितरण गरेको पाइएको छ- जसको गुणस्तरमा पक्का नहुनाले १० वर्षसम्म हुर्काएको बिरुवा हाडे भएको तितो अनुभव रहेको छ । हाल कर्णालीमा ओखरमा ढुक्कसँग ग्राफ्टिङ गरेर तालिम दिन सक्ने व्यक्ति पाउन मुस्किल छ ।

## स्थान र समयको छनोट

डोल्पा जिल्लाको ठूलीभेरी को जुफालमा सञ्चालन गरिएको थियो । कर्णाली क्षेत्रभित्र पर्ने यस ठाउँ अर्ध शुष्क हावापानी भएको, तरकारी, बिउबीजन र फलफूल खेतीका लागि उपयुक्त मानिन्छ । कर्णालीमा जाडो मौसममा हरियो साग, सब्जी उत्पादन गरेको पाइँदैन तर यस ठाउँमा विशेषताअनुसारको बिउ र जाडोमा पनि तरकारी खुल्ला खेती गरिने भएकाले विशेष रहेको छ । यस ठाउँमा नर्सरी र नर्सरीका लागि झोल मल उत्पादन तथा ओखरको कलमी(Grafting) का लागि प्रशस्त साइन, रुटस्टकको उपलब्धता भएकाले यो स्थान छनोट गरिएको हो । समान्यतया माघ, फागुन फलफूलहरुको कलमी (Grafting) गरिने समय भएकाले व्यावसायिक कलमी (Grafting) भन्दा अघि तालिम राख्दा उपयुक्त हुने भएकाले २०१८ डिसेम्बर २१, २२, २३ (२०७५ पुस ५,६, र ७) मा तालिम राखिएको थियो ।

## तालिमका मुख्य उद्देश्य

- आ/आफ्नो अनुभव साटासाट गर्न लगाई सोहीअनुसार विभिन्न क्षेत्रबाट सहभागी भएका कृषकलाई ओखरको ग्राफ्टिङ सम्बन्धी प्रयोगात्मक सिकाइको माध्यमले अभ्यास गराउनु ।
- ग्राफ्टिङ सम्बन्धी विभिन्न जानकारीमूलक ज्ञान दिएर सोहीअनुसार अभ्यास गराउनु ।
- झोल मल निर्माण, बिउ छनोटका साथै स्वस्थ बिरुवा उमार्नका लागि अभ्याससहित नर्सरी व्यवस्थापनसम्बन्धी अभ्यास गराउनु ।
- कर्णालीमा नर्सरी सम्बन्धी ज्ञान भएको दक्ष कृषक निर्माण गर्नु ।

## सहभागी छनोट

यस Grafting तालिमका लागि कर्णालीका विभिन्न जिल्लाका वास्तविक कृषक, कृषि प्राविधिक विद्यालयका प्रशिक्षक र नर्सरी व्यवसायीहरूलाई छनोट गरिएको थियो । यसका साथै सम्बन्धित क्षेत्रमा कार्यरत साझेदार संस्थाका कृषि प्राविधिक र साझेदार संस्थाले छनोट गरी पठाएका कृषक यस तालिममा सहभागी रहेका थिए ।

## अभ्यास

मूलतः ओखरको ग्राफ्टिङमा केन्द्रित यस तालिममा अभ्यासका लागि दीप लामा, गोरखबहादुर भण्डारी र रामचन्द्र अधिकारीले आफ्नो अनुभवका साथै ग्राफ्टिङको अभ्याससहित देखाउनुभएको थियो ।  यस तालिममा दीप लामा, रत्न न्यौपानेसहित चारजना अनुभवी कृषकका साथै अन्य कृषक रहेका थिए । कलमीसम्बन्धी विभिन्न अनुभव, तरिका प्रयोगात्मक, सैद्धान्तिक रूपमा छलफल भएपछि सहभागीलाई चार समूहमा विभाजन गरिएको थियो ।

समूह कार्य गर्नुभन्दा पहिला साइन र रुटस्टक छनोटबारे स्पष्ट रूपमा जानकारी गराइएको थियो । अनुभवी कृषक तथा प्रशिक्षक चारजनाको नेतृत्वमा समूहमा दिनभर अभ्यास गराइएको थियो ।

### जानकारीमूलक भिडियो प्रस्तुतीकरण

दोस्रो दिन को सुरुवात खोरका कलमीसम्बद्ध भिडियो सामग्रीबाट गरिएको थियो- जसमा विश्वका विभिन्न ठाउँमा गरिएका ओखर खेती, ओखरका नर्सरीको डकुमेन्ट्री भिडियोहरू देखाइएको थियो । यसले सहभागीलाई नर्सरीबारे नयाँ ज्ञान, औद्योगिक रूपमा नै ओखरको नर्सरी र खेती गर्न सकिन्छ भन्ने आत्मविश्वास उत्पन्न गरेको थियो ।

### कलमीको अभ्यास

ओखरको बिरुवालाई कम अवधि, छोटो समयमा नै कलमीको लागि तयार पार्न तापक्रम र आद्रता मिलाएर राख्न महत्वपूर्ण छ । यसका लागि हरित गृह नर्सरी बनाउन सकिन्छ । यस विधि र सम्पूर्ण प्रक्रियाको सेसन (सत्र) तिलकजंग शाहीले लिनुभएको थियो । उहाँले आफ्नै घरमा गरिरहेको प्रविधि, प्रयास र अभ्यासलाई प्रत्यक्षरूपमा देखाउँदै अभ्यास गराउँदा सहभागीलाई बुझ्नको लागि सहज हुनुका साथै उत्सुकता र हौसला उत्पन्न भएको थियो । नर्सरीमा स्वस्थ बिरुवा उत्पादनका लागि यो विधि अपनाउदाका विभिन्न चरणको जानकारी गराइएको थियो ।

### नर्सरी बिरुवा र फलफूलका लागि झोल मल

यो छलफलपछि नर्सरीका लागि उपयुक्त झोल मलबारे सहभागीलाई जानकारी गराइएको थियो । यसको उपयोगिता, बनाउने विधि, प्रयोग गर्ने विधिका साथै यसको प्रभावबारे छलफल र अभ्यास गराइएको थियो । यस सेसनलाई पनि तिलकजंग शाहीले सञ्चालन गर्नुभएको थियो । तिलकजंग शाहीले सुरु गर्नुभएको भगवती फलफूल नर्सरीमा बिरुबा अवलोकन गरिएको थियो ।

### अभ्यास

तीन दिनमा दुई दिनसम्मको सिकाइ तालिमका आधारमा अभ्यास गराइएको थियो । सहभागीलाई समूहमा विभाजन गरेर अभ्यास गराइएको थियो ।

### समीक्षा

यस तीनदिने तालिमको अन्तिम दिन भएकाले सहभागीलाई तीन दिनको सिकाइ, उपलब्धि र अनुभव कस्तो रह्यो भन्नेबारे समीक्षा गरिएको थियो । यसका साथै सहभागीले यस तालिम पछाडि आफूले गर्ने कार्यको प्रतिबद्धता व्यक्त गरेका थिए । प्रतिबद्धता, सल्लाह सुझाव सहित कार्यक्रम समापन भएको थियो ।

## ६.४ ओखर नर्सरी जुम्ला

फलफूल खेती कर्णाली क्षेत्र प्रमुख सम्भावना हो । यहाँको विशेषता अनुसार सुख्खा क्षेत्रमा हुने विजु (nuts) प्रजातिका फलफूल प्रमुख सम्भावना भएको फलफूल हो- जसमध्ये ओखर खेती पनि एक पर्दछ । कर्णालीमा ओखर खेतीको उच्च सम्भावना हुँदा हुँदै पनि यसको व्यावसायिक खेती हुन सकेको छैन । वर्तमान अवस्थामा कर्णालीको ओखरको स्वदेशी माग उच्च रहेको छ ।

परम्परागत रूपमा हेर्ने हो भने कर्णालीको ओखरसँग गहिरो सामाजिक तथा आर्थिक सम्बन्ध रहेको छ । कर्णालीको हावापानी, वनजङ्गल र खेतमा प्रशस्त हाडे ओखर रहेका छन् । खेतबारीमा रहेका ओखर पुस्तौंदेखि जोगाएका मात्र हुन् । यी ओखरबाट पहिले वर्षभरिलाई पुग्ने तेल उत्पादन गरिन्थ्यो, अहिले केही क्षेत्रमा केही मात्रामा उत्पादन भएता पनि यसको व्यावसायिक उत्पादन लगभग शून्य भएको छ ।

पुस्तौंदेखि उपयोग हुँदै आएका ओखर बोट अहिले तेल उत्पादनका हिसाबले उपयोगहीनजस्तै भएका छन् भने कर्णाली तेलमा पनि पूर्ण परनिर्भर भएको छ । तेलका लागि मात्र नभएर ओखरको प्रयोग घाँस थन्क्याउन तथा खेतबारीमा चिस्यानका लागि पनि उपयोगी हुने गर्दछ । वनजङ्गलमा भएका ओखर प्राकृतिकरूपमा आफैं हुर्किएका जङ्गली हाडे ओखर हुन् । यी ओखरबाट पनि तेल निकाल्ने गरेको पाइन्छ । तर हाल यसको उपयोग र प्रयोगमा कमी आउँदै गएको छ । सहजै खेती गर्न सकिने ओखरलाई उन्नत तरिकाले विकास गरेर दाँते बनाई व्यावसायिक खेती गर्न सकिएको छैन ।

हालसम्म भएका प्रयासलाई हेर्ने हो भने विगतमा ओखर खेतीका प्रयास भएका छन् । ओखर खेतीको कलमी अरु बिरुवाको भन्दा जटिल र संवेदनशील हुने गर्दछ । कलमी नगरी उमारिएको बिरुवामा क्रस पोलिनेशनका कारणले हाडे हुने प्रबल सम्भावना हुने गर्दछ । यदि पोलिनेशनका कारणले हाडे नभएता पनि माउ बिरुवाभन्दा यसको गुणस्तरमा कमी आउने देखिएको छ । अनुदानबाट प्राप्त कलमी नगरिएका बिरुवा लगाउँदा हाडे भएको कृषकको अनुभव रहेको छ । हाल कलमी बिरुवा उत्पादन गर्नका लागि सरकारी, संस्था, कृषकका तहमा भएता पनि पर्याप्त मात्रामा हुन सकेको छैन । जुम्लामा कृषि अनुसन्धान केन्द्र राजीकोटले कलमी बिरुवा उत्पादन गरेर केही मात्रामा स्थानीय कृषकलाई वितरण गर्दछ ।

हाल कर्णालीमा ओखरको बिरुवा उत्पादनमा धेरै समस्या रहेका छन् । ईआरआई नेपालले जुम्लामा प्राङ्गारिक कृषि प्रबर्धनका लागि अभ्यास र अनुसन्धानका काम गर्दै आइरहेको छ । जुम्लाका कृषक गोरखबहादुर भण्डारीको नेतृत्वमा स्थानीय कृषकसँग मिलेर गरिएको यस अभ्यासको एउटा पाटो नर्सरी पनि रहेको थियो । यसै सन्दर्भमा मुख्यतया ओखर अन्य स्थानीय बालीको अभ्यास र अनुसन्धानबाट उत्पादन गरी कर्णालीको ओखर खेती तथा बिउबीजनमा योगदान गर्ने उद्देश्यले चन्दननाथ -८ तलिउम जुम्लामा ईआरआई नेपालले करिब १० रोपनी जमिन भाडामा लिएर नर्सरी स्थापना गरेको छ । यस नर्सरीमा हाल ओखरको बिरुवा र चोताको बिउ उत्पादनको अभ्यास भइरहेको छ । यस नर्सरीका मुख्य उद्देश्य निम्न रहेका छन्-

- फलफूलको बिरुवा उत्पादनको अभ्यास गर्नु ।
- रैथाने बालीको बिउ उत्पादन गरी प्रबर्द्धन गर्नु ।
- कर्णालीको फलफूल खेती र कृषिमा योगदान गर्नु ।
- प्राङ्गारिक कृषिको नमुना अभ्यास गर्नु ।

# अनुसूची ७ः विद्यालयमा खाना र खेतीपाती बहस

## भैरव माध्यमिक विद्यालय नराकोट, सिञ्जा जुम्ला

मिति २०७४ जेठ २७ गते सिञ्जा गाउँपालिकाका जुम्ला नराकोटस्थित भैरव माध्यमिक विद्यालयमा अध्यनरत कृषि जे.टी.ए.का विद्यार्थीसँग रसायन र विषादीरहित कृषिबारे छलफल कार्यक्रम भएको थियो । उक्त कार्यक्रमा रसायन र विषादीले हाम्रो खेतीपातीदेखि मानव स्वास्थ्यलाई पार्ने असरका विषयमा केन्द्रित रहेको थियो । कार्यक्रममा शिक्षक र विद्यार्थीको ठूलो सहभागिता रहेको थियो ।

## जनज्योति उच्च माध्यमिक विद्यालय बड्डीचौर, सुर्खेत

बराहताल गाउँपालिका पश्चिम सुर्खेतस्थित जनज्योति माध्यमिक विद्यालयमा कृषि, भेटेनरी विषयमा जेटीए र डिप्लोमा पढाइ हुने गर्दछ- जहाँ प्रयोगात्मक सिकाइसहितको उत्कृष्ट पढाइ हुने भएकाले देशभरिका विद्यार्थी अध्ययनका लागि आउने गर्दछन् । सय जनाभन्दा धेरै विद्यार्थी डिप्लोमामात्र रहेका छन् । यस जनज्योति माध्यमिक विद्यालयमा अध्ययनरत माथिल्लो कर्णालीका विद्यार्थीहरूबीच २०७५ मंसिरमा छुट्टै छलफल कार्यक्रम गरिएको थियो- जसमा कर्णालीको कृषिका विशेषता, सम्भावना र चुनौतीका विषयमा प्रस्तुतिसहित छलफल गरिएको थियो । कार्यक्रममा कर्णाली विशेषताको शुष्क तथा अर्धशुष्क कृषिको पाठ्यक्रमको आवश्यकता र हाल अध्ययन गरिरहेको पाठ्यक्रम र कर्णालीको विशेषताबारे छलफल भएको थियो ।

## महादेव मा.वि फोई कालीकोट

कर्णालीमा कृषि प्राविधिक विद्यालयमा प्राङ्गारिक कृषि र कर्णालीको विशेषताबारे अभियानअन्तर्गत मिति २०७५ साउन २४ गते तिलागुफा नपा फोइकोट महादेव मा.वि.का विद्यार्थी र शिक्षकसँग दिगो कृषिका आधारभूत पक्षसहित आगामी दिनमा के गर्न सकिन्छ भन्ने विषयमा छलफल भएको थियो ।

उक्त छलफलमा विद्यार्थीहरूले छात्रावासवरिपरि प्रयोगात्मक शिक्षाका लागि गरिएको कृषिको अवलोकनसहित सिकाइ कार्यक्रम गरिएको थियो- जसमा मौसमअनुसारको तरकारी खेतीका लागि हरितगृह, नर्सरीको तयारी, जमिन तयार गर्ने कामसमेत गरिएको थियो । सो प्रयोगात्मक स्याउ बगैंचामा रैथाने बाली कागुनोलगायत बर्खे तरकारी लगाइएको थियो । विद्यालयका प्र.अ. नरदीप शाहको कृषिमा प्रायोगात्मक शिक्षाको लागि विद्यालय लगानी गर्न उत्सुक भएता पनि प्रविधिक ज्ञान र दक्ष प्रशिक्षक स्थायी रूपमा नहुँदा चाहेअनुसार गर्न नसकिएको भनाइ रहेको थियो ।

यससँगै विद्यालयमा कृषि प्राविधिक (जेटीए) विद्यार्थी र प्रशिक्षकका साथ दिगो कृषिका आधारभूत पक्षबारे प्रस्तुतिसहित छलफल कार्यक्रम गरिएको थियो । विद्यालयको प्रयोगात्मक क्षेत्र अवलोकन, प्रस्तुतिपछि प्र.अ. नरदीप शाही र प्रशिक्षकसँग आगामी दिनको कार्ययोजना र सहकार्यबारे छलफल भएको थियो ।

### आदर्श माध्यमिक विद्यालय, डोल्पा

मिति २०७५ चैत ३ गते आदर्श माध्यमिक विद्यालय जुफाल डोल्पाका कृषि प्राविधिक विद्यार्थी र शिक्षकसँग छलफल कार्यक्रम भएको थियो । कार्यक्रममा कर्णालीको विशेषता, सम्भावनासहित प्राङ्गारिक कृषिको आवश्यकतासम्बन्धी छलफल गरिएको थियो । यस विद्यालयले जग्गा भाडामा लिएर विद्यार्थीलाई प्राङ्गारिक कृषिको प्रयोगात्मक अभ्यास गराउँदै आएको छ । विद्यार्थीहरूले आफ्नो अनुभवसहित जिज्ञासाहरू राखेका थिए

### शिव माध्यमिक विद्यालय, जाजरकोट

मिति २०७५ चैत्र २६ गते शिव माध्यमिक विद्यालयमा अध्ययनरत प्राविधिक विद्यार्थीहरु , शिक्षक र किसानहरुसंगको  एक दिने छलफल कार्यक्रम भएको थियो । मुख्य रुपमा प्राङ्गारिक कृषिलाई प्रवर्दन गर्नु र विषादीयुक्त खानेकुराको बारेमा जानकारी दिने साथै रसायनिक मल तथा विषादीका कारण मानव स्वास्थ्यमा परेको असरको बारेमा ज्ञान दिनु यस छलफलको मुख्उ उद्देह्य रहेको थियो ।

### काठमाण्डौमा छलफल

मितिः २०७४ वैशाख २७ गते फरेष्ट एक्शन नेपालको कार्यालय, बागडोल ललितपुरमा कर्णाली र कृषि प्रविधिका विषयमा अन्तर्क्रियात्मक कार्यक्रम  भएको थियो । यस कार्यक्रम साझेदार संस्थासँग कर्णाली मैत्री आवश्यक कृषि प्रविधिको खोजीका लागि विचार विमर्श गर्न आयोजना गरिएको थियो । उक्त छलफलका मुख्य उद्देश्यहरू यस प्रकार रहेका थिए ।

- कर्णाली क्षेत्रका कृषि उपजलाई आवश्यक प्रक्रियाबाट बजारसम्म जोड्न सम्भावित साझेदारको पहिचान गरी के कसरी सहकार्य गर्न सकिन्छ भन्नेबारे बहस गर्ने
- यस्ता प्रक्रियाका लागि चाहिने कृषि प्रविधिबारे छलफल गरी कर्णाली परिवेशमा सम्भाव्यताको खोजी गर्ने ।

## बदलिएको सन्दर्भमा हाम्रो भूमिका

स्थानीय तहको पहिलो चरणमा तीन प्रदेशको निर्वाचन सम्पन्न भइसकेको अवस्थामा मिति २०७४ जेठ ८ गते बदलिएको सन्दर्भमा हाम्रो भूमिका विषयमा फरेष्ट एक्शन नेपालको कार्यालय बागडोल, ललितपुरमा खाद्यका लागि कृषि अभियानको आयोजनामा सरोकारवाला संघ, संस्था तथा कृषिका अभियन्ताबीच छलफल तथा अन्तर्क्रिया कार्यक्रम भएको थियो । फेरिँदै गरेको अवस्थामा संयुक्त रूपमा उठाइरहेको खाद्य र कृषिको मुद्दालाई कसरी प्रभावकारी रूपमा बढाउन सकिन्छ भन्ने यस छलफलको मुख्य विषयवस्तु रहेको थियो ।

## मार्टीन चौतारीमा कर्णाली बहस

मिति २०७४ भाद्र ६ गते मार्टिन चौतारी र कर्णाली समाजको संयुक्त आयोजनामा नियमित सञ्चालन हुने कार्यक्रम कर्णाली डाइलग बहस तथा प्रस्तुति श्रृङ्खलामा करिश्मा गुरुङ र जीवन शाहीको क्रमशः कर्णालीको कृषिमा महिलाकरण र हाम्रो कर्णाली हाम्रो सरोकार विषयका प्रस्तुतिमा ४३ जनाको उपस्थितिमा बहस तथा छलफल भएको थियो । कर्णालीको खाना खेतीपाती, मोसमी बसाइसराइ र महिलाकरण विषय वरिपरि रहेका अहिलेका जल्दाबल्दा कर्णालीका सवालमा छलफल गरिएको थियो । यस कार्यक्रममा कर्णालीका युवा, कर्मचारी तथा कर्णाली प्रति चासो राख्ने व्यक्तित्वको बाक्लो उपस्थिति रहेको थियो । मुख्यतया कर्णालीमा के कसरी विभिन्न परिवेशको फेरवदलसँगै बेथिती भित्रिए, कृषि, शिक्षालगायतका क्षेत्रहरूमा आएका विकृति, यहाँका सम्भावनाहरू र विकल्पहरूको खोजी जस्ता विषयमा उक्त प्रस्तुति गरिएको थियो ।



**फोटो २७: कर्णाली बहस, मार्टीन चौतारी, काठमाडौं**

# अनुसूची ८ः कर्णालीका युवासँगको सहकार्य

कर्णाली क्षेत्रको सम्भावना र समृद्धिलाई केन्द्रमा राखी खाद्यकालागि कृषि अभियानले अनुसन्धान, वकालत र छलफलका कार्यक्रमहरू गर्दै आईरहेको छ । विगत देखि कर्णालीको खाद्य, कृषिमा चासो र चर्चा गर्दै कर्णालीको विशेषता अनुसारको कृषि हुनु पर्ने विषयमा यस अभियानले आवाज उठाएको छ । कर्णालीका युवा जो कर्णालीभन्दा बाहिर छन उनीहरूले आफ्नो क्षेत्रको कृषिलाई कसरी हेरेका छन् ? कर्णालीको कृषिका विशेषताबारे जानकार छन् कि छैनन् भन्ने सवाल विभिन्न समयमा आउने गरेको छ । यसै सन्दर्भमा विभिन्न उद्देश्यले कर्णालीभन्दा बाहिरका तथा भविष्यमा कर्णाली फर्किन चाहने तथा चासो चिन्ता भएका युवा, विद्यार्थी, व्यवसायीसँग गरिएका छलफल कार्यक्रम तल प्रस्तुत गरिएको छ ।

## कर्णालीका युवासँग छलफल कार्यक्रम

कर्णालीका विभिन्न जिल्लामा स्थानीय तहसम्म नै कर्णालीको सम्भावनाका विषयमा छलफल चलाइने गरिएको छ । कर्णालीबाट उच्च शिक्षा र अवसरको खोजीमा ठूलो जनशक्ति काठमाडौंलगायत अन्य क्षेत्रमा रहेका छन् । यी शिक्षित युवावर्गले कर्णालीका गाउँ र देशको विकसित सहरको भिन्नतालाई समेत मूल्यांकन गर्ने गरेका छन् । उनीहरूले कर्णालीको कृषि, सम्भावनाबारे कस्तो खालको धारणा बनाएका छन् ? सम्भावनाबारे के धारणा राख्छन् ? यी विषयमा छलफल गर्ने उद्देश्यले मिति २०७४ भदौ १२ गते कर्णाली समाजसँगको सहकार्य र खाद्यका लागि कृषि अभियानको आयोजनामा कर्णालीका लागि कर्णालीका युवासँग छलफल कार्यक्रम भन्ने विषयमा अन्तर्क्रियात्मक कार्यक्रम भएको थियो- जसमा माथिल्लो कर्णालीका पाँचवटै जिल्लाका कर्णालीका युवाको उल्लेख्य सहभागिता रहेको थियो । कार्यक्रममा कर्णालीको विशेषता, सम्भावनाबारे प्रस्तुतिसँगै छलफल कार्यक्रम भएको थियो ।



**फोटो २८ः कर्णलीका युवाहरु संग कर्णालीको विशेषता, सम्भावनाबारे छलफल, फरेष्टएक्सन ललितपुर**

## हुम्ली विद्यार्थीहरूसँग छलफल कार्यक्रम

काठ माडौंमा रहेका हुम्लाका विद्यार्थीसँग यहाँको विशेषता, सम्भावना, प्राङ्गारिक कृषि र कृषि उद्यमका विषयमा छलफल कार्यक्रम ईआरआई नेपालको सहयोगमा फरेष्टएक्शनको कार्यालय बागडोल, ललितपुरमा २०७६ जेठ ३१ गते सम्पन्न भएको थियो । कर्णालीमा कृषि उद्यम र सम्भावनाबारे जानकारी गराउनु र यस मुद्दामा सवाल उठाउनु यस कार्यक्रमको उद्देश्य रहेको थियो ।



**फोटो २९: हुम्लाका विद्यार्थीहरुसंग कर्णालीको विशेषता, सम्भावना ,प्राङ्गारीक कृषि र कृषि उद्यमका विषयमा छलफल, फरेष्टएक्सन ललितपुर**

यस कार्यक्रममा मुख्यतया कर्णालीको विशेषता, सम्भावना र चुनौतीका विषयमा प्रस्तुति तथा छलफल भएको थियो । छलफलमा कर्णालीको र विशेषगरी हुम्लाको कृषिबारे विभिन्न सवाल आएका थिए । छलफलमा सहभागीले विगतको अनुभव र वर्तमान कृषिको अवस्थाबारे धारणा राखेका थिए । समग्रमा भन्नुपर्दा यस कार्यक्रमले युवावर्गमा कृषिबारे भएका भ्रम चिर्ने प्रयास गरेको थियो । आगामी दिनमा पनि यस्तो कार्यक्रम र छलफलको आयोजना गर्न सुझावसहित कार्यक्रम समापन भएको थियो ।

## डोल्पाको कृषि विशेषता छलफल कार्यक्रम

डोल्पाका विद्यार्थी तथा व्यवसायीसँग डोल्पाको विशेषता, सम्भावना, प्राङ्गारिक कृषि र कृषि उद्यमका विषयमा छलफल कार्यक्रम ईआरआई नेपालको सहयोगमा फरेष्ट एक्शनको कार्यालय बागडोल, ललितपुरमा २०७६ साउन २४ गते सम्पन्न भएको थियो । कार्यक्रममा

कर्णालीको पर्यावरण, हावापानी सुहाउँदो शिक्षा र शैक्षिक चक्र (क्यालेन्डर) बारे पनि छलफल भएको थियो । यो छलफल कर्णालीभन्दा बाहिर रहेका कर्णालीका युवालाई आफ्नो क्षेत्रको कृषिबारे थाहा पाउनका साथै प्राङ्गारिक कृषिको मुद्दालाई सार्वजनिक बहसको विषय बनाउनु रहेको थियो ।



**फोटो ३०: कोठमाडौं बस्ने डोल्पालीसंग छलफल, फरेष्टएक्सन, ललितपुर**

कार्यक्रममा २७ जनाको उपस्थिति रहेको थियो । मुख्यतया डोल्पाको कृषिको विशेषता, सम्भावना र चुनौतीका विषयमा प्रस्तुतिसहित छलफल गरिएको थियो । प्रस्तुतिमा आधारित रही समसामयिक कृषिका विषयमा गरिएको छलफलमा कर्णालीको र विशेषगरी डोल्पाको कृषिबारे विभिन्न सवाल उठेका थिए । छलफलका सहभागीले विगतको अनुभव र वर्तमान कृषिको अवस्थाबारे धारणा राखेका थिए । समग्रमा भन्नुपर्दा यस कार्यक्रमले युवाहरूमा कृषिबारे भएका भ्रम चिर्ने प्रयास गरेको थियो । आगामी दिनमा पनि यस्तो कार्यक्रम र छलफल आयोजना गर्न सुझावहरूसहित कार्यक्रम समापन भएको थियो । तीन घण्टासम्म चलेको छलफलले प्राङ्गारिक कृषि, कर्णालीको कृषिबारे निकै सकारात्मक सन्देश प्रवाह गरेको थियो ।

## निर्वाचित प्रतिनिधिलाई शुभकामना

नेपालको संविधान २०७२ बनेसँगै नेपाल औपचारिक रूपमा संघीय संरचनामा प्रवेश गरेको हो- जसले केन्द्रीकृत शासन प्रणालीलाई संघीय संरचनाअनुसार विकेन्द्रीकृत गऱ्यो । यससँगै २०७४ मा संघीय संरचनाका विभिन्न निकाय स्थानीय, प्रदेश र संघको निर्वाचन भएको

थियो । निर्वाचनपछि नयाँ अधिकारसहित स्थानीय तहदेखि केन्द्रसम्म सबै क्षेत्रबाट प्रतिनिधि चुनिए र यस्तो अवस्थामा भावी विकासको रणनीतिक योजना, कार्यान्वयन पक्ष र अवसर आफ्नै हातमा आएको बेला विगतमा जस्तो केन्द्रलाई देखाएर पन्छिने छुट भने हुने छैन भन्ने महशुस सबैलाई भएको देखिन्छ ।

निर्वाचित जनप्रतिनिधिहरूको भूमिका र जिम्मेवारीमा बहनका लागि झक्झक्याउने अब यस अभियानको महत्वपूर्ण काम हो भन्ने महशुस भएको छ ।

कर्णाली क्षेत्रबाट निर्वाचित जनप्रतिनिधि विगतको जसरी निर्वाचित भएर केन्द्रमा छिरेपछि आफ्नो कर्तव्यबाट पलायन हुने परम्परा या प्रवृत्तिले निरन्तरता नपाओस् भन्ने हेतुले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालका कर्णाली क्षेत्रका नवनिर्वाचित जनप्रतिनिधिलाई भेला पार्ने साथै सधैं चर्चामा रहेको कर्णालीको खाद्य र कृषिलाई छलफलको विषय बनाइएको थियो । यस कार्यक्रम कर्णाली समाजसँगको सहकार्यमा गरिएको थियो । कार्यक्रम नयाँ बानेश्वरस्थित इन्द्रेणी फुडल्याण्डमा २०७४ माघ ३ गते सम्पन्न भएको थियो । कार्यक्रमको अन्त्यमा कर्णालीकै प्राङ्गारिक खाना खाने व्यवस्था भएकाले कार्यक्रम थप विशेष बनेइको थियो । उक्त कार्यक्रमका मुख्य उद्देश्य निम्न रहेका थिए:-

- नवनिर्वाचित प्रतिनिधि र प्रदेश सभाका सबै सदस्यलाई बधाइ तथा शुभकामना ।
- कर्णालीको पहिचान र दीर्घकालीन मुद्दाका सवालमा खबरदारी ।
- खाद्य र कृषिका साथै प्राङ्गारिक कर्णालीको विषयमा छलफल ।



**फोटो ३१: कर्णलीका निर्वाचित सांसदसगको छलफल काठमाण्डौ**

# अनुसूची ८ः रैथाने खाद्यान्न तथा संस्कृति प्रबर्धन

## बाह्रौं राष्ट्रिय प्राङ्गारिक कृषि मेला

ललितपुरको जावलाखेलमा २०७५ फागुन १७, १८ र १९ गते नेपाल सरकार कृषि विभाग, नेपाल सरकार कृषि तथा पशुपक्षी मन्त्रालय तथा अन्य गैर सरकारी संस्था तथा अभियानको संयुक्त आयोजनामा १२ औं राष्ट्रिय प्राङ्गारिक कृषि मेला आयोजना गरिएको थियो । खाद्यका लागि कृषि अभियान र ईआरआई नेपाल पनि यसको साझेदारको रूपमा रहेको थियो । यस मेलामा सयभन्दा बढी प्रदर्शनीका स्टलमा देशभरका प्राङ्गारिक उत्पादन राखिएको थियो । मेलामा फुड कोर्ट तथा प्राङ्गारिक परिकार बनाउने होटल पनि रहेका थिए । ईआरआई नेपालको तर्फबाट पोषणको विवरणसहितका कर्णालीका रैथाने बालीबारे जानकारी र जैविक विषादीको प्रदर्शनी राखिएको थियो । स्थानीय उत्पादनलाई प्रोत्साहन दिँदै यसको महत्वबारे सम्पूर्णलाई जानकारी दिनु ईआरआईको उद्देश्य रहेको थियो । ईआरआई नेपाल तथा खाद्यका लागि कृषि अभियानको तर्फबाट प्राङ्गारिक कृषिसम्बन्धी डा. कृष्णप्रसाद पौडेलको प्रस्तुति उक्त कार्यक्रममा रहेको थियो ।




**फोटो ३२ः मेलामा रैथाने बालीनाली र खानाको जानकारी लिदै सहभागि**

## कर्णाली बृहत् प्रदर्शनी २०७५, भृकुटीमण्डप, काठमाडौं

कर्णालीको अपूरो परिचयलाई पूर्ण गर्ने जमर्कोसहित कर्णालीको गर्विलो इतिहास, कला-संस्कृति, अत्यन्तै पौष्टिक रैथाने खाद्यबाली, जीवनशैली र समुन्नतिलाई स्पष्ट संकेत गर्न तथा सम्भावनालाई पहिचान गर्न कर्णाली बृहत् प्रदर्शनी २०७५ सफलताका साथ सम्पन्न भएको थियो ।




**फोटो ३३: सास्कृतिक भलक कर्णाली बृहत पदर्शनी २०७५,**

***"हाम्रा गौरवका पानाहरू र सम्भावनाका खानीहरूको उत्सव"* भन्ने** मूल नाराका साथ सम्पन्न भएको यस बृहत् प्रदर्शनीमा कर्णालीका मौलिक झाँकी, संस्कृति, प्राङ्गारिक कृषि प्रदर्शनी, कर्णाली झल्काउने फोटो प्रदर्शनीका साथै चित्रकला प्रतियोगिता र रैथाने खानाका स्टल नै यसको मुख्य आकर्षण रहेको थियो । समृद्ध कर्णाली अभियान मुख्य आयोजक रहेको बृहत् प्रदर्शनीमा विभिन्न संस्थाको सहभागिताका अनि खाद्यका लागि कृषि अभियान र ईआरआई नेपालले सहयोगी भूमिका निर्वाह गरेको थियो ।

मुख्यतः नेपाललगायत विश्व समुदायसामु कर्णाली चिनाउने अवसर सृजना गर्नु नै कर्णाली बृहत् प्रदर्शनी २०७५ को मुख्य उद्देश्य रहेको थियो । यसका अतिरिक्ततिरिक्त आफ्नै भाषा कला र संस्कृति बोकेको कर्णालीलाई 'प्राङ्गारिक कृषि हब'को रूपमा प्रचार गर्दै कर्णालीवासीमा आत्मसम्मान तथा आत्मविश्वास बृद्धि गर्नु रहेको थियो । अन्य प्रदेशसरह कर्णाली पनि मुख्य पर्यटकीय गन्तव्य हुन सक्ने भन्दै यसको व्यापक प्रचार पनि यसैमध्येको एक उद्देश्य हो । खस भाषाको मुख्य उद्गमस्थल भएकोले खस भाषा अनि संस्कृति र सभ्यताबारे छलफल चलाई संसारभर छरिएका खस जातिलाई उद्गम स्थलतिर आकर्षण गर्नु कार्यक्रमको उद्देश्य हो ।

२०७५ फागुन ३ देखि ५ गतेसम्म तीन दिन काठमार्डौको भृकुटीमण्डपमा चलेको कार्यक्रममा करिब ३५ हजार मानिसको प्रत्यक्ष रूपमा उपस्थिति थियो । अप्रत्यक्ष रूपमा करिब तीन महिना चलेको यस कार्यक्रमका मुख्य क्रियाकलाप निम्न रहेका थिए ।

**कर्णालीको प्राङ्गारिक प्रदर्शनी, जावलाखेल**




**फोटो ३४: कर्णालीका रैथाने खानाहरु र यसको महत्व झल्काउन राखिएको स्टल अवलोकन गर्दै, जावलाखेल**

कर्णाली क्षेत्रको विविध सम्भावनामध्ये एक उच्च पोषणयुक्त प्राङ्गारिक कृषि उत्पादन हो- जो नेपालको अन्य भू-भागमा हुने उत्पादनभन्दा फरक छ र यसलाई कर्णालीको समृद्धि तथा सम्भावनासँग जोड्न सकिन्छ । यस्ता उच्च पोषणयुक्त खानेकुरा धेरै ठूलो मात्रामा अन्तर्राष्ट्रिय बजारमा निर्यात गर्न नसकेता पनि कर्णालीमा जाने पर्यटकलाई त्यहींको उच्च पोषणयुक्त प्राङ्गारिक खाना उपलब्ध गराउन सकिन्छ- जसले गर्दा नेपालको पर्यटन क्षेत्रमा योगदानका साथै कृषि पर्यटनको सम्भावनालाई पनि उजागर गर्नेछ । यसले बेरोजगार युवा, कृषकलाई कृषि क्षेत्रमा उत्साह र रोजगारीको अवसर मिल्नेछ । यस्तै कर्णाली क्षेत्रमा भएका जडिबुटीलाई अनुसन्धानको तहमा ल्याई खेती गर्न सकिने जडिबुटीको उत्पादन पनि बढाउन सकिन्छ ।

कर्णाली बृहत् प्रदर्शनीको महत्वपूर्ण आकर्षण कर्णालीको खाना, बेकरी र प्राङ्गारिक कृषिसम्बन्धी जानकारी रहेका थिए ।

कार्यक्रम अवधिभरमा कर्णालीका उत्पादनबाट बनेका खाना हिमालयन कर्नरले बनाएको थियो- जसमा मार्सी चामल, भेडा, चोता, सिमी, चिनो, जडिबुटी चिया, जौ आदिका विभिन्न परिकार बनाइएको थियो । डोल्पो समुदायले मौलिक भोटे चियासहितका खानाका परिकार बनाएको थियो । साथै कर्णालीका उद्यमी महिला र विद्यार्थीले मार्सीको खिर, कोलजस्ता परिकार बनाएका थिए ।

कर्णालीका जौ, फापर, कोदो, मकै, गहुँ, स्याउ, ओखरलगायतका पौष्टिक उत्पादनबाट केक, बिस्कुट लगायतका विभिन्न परिकार बनाई सिद्धार्थ ग्रुप अन्तर्गतको सिद्धार्थ क्याफेले प्रदर्शनीमा उपस्थित महानुभावलाई प्रदर्शनीस्थलको ढोकामै स्वागत गरेको थियो ।

कृत्रिम रसायन र विषादीरहित कर्णालीका कृषि उपजको पौष्टिक तत्वको विवरणसहितको प्रदर्शनी खाद्यका लागि कृषि अभियानले राखेको थियो । साथै कृषि प्रविधि र पोषणसम्बन्धी हेल्भेटासले जानकारीमूलक प्रदर्शनी राखेको थियो । कृषि, जडिबुटीसम्बन्धी स्टल पनि राखिएको थियो- जसमा सुर्खेतको महदेखि मुगूको सिमी, डोल्पाको ओखर र हुम्लाको जडिबुटी किन्ने व्यवस्थासमेत रहेको थियो ।

यीसँगै सबै नेपालीलाई एक-अर्कासँग जोड्ने भाषा अर्थात् नेपाली खस भाषा र सभ्यताको सत्र राखिएको थियो । यो भाषाको उद्‌गमस्थल कर्णालीको सिञ्जा हो । अत्यन्तै धनी सभ्यता भएता पनि प्राचीन खस सभ्यताबारे एकदमै कम मान्छेलाई जानकारी रहेको सन्दर्भमा यो निकै जानकारीमूलक र चाखको विषय रहेको थियो । खस भाषाका विज्ञ प्रो. माधव पोखेलको प्रस्तुतिमा खस भाषा र सभ्यताबारे कार्यक्रमको दोस्रो दिन नेपाल पर्यटन बोर्डमा अन्तर्क्रिया कार्यक्रम गरिएको थियो । यसमा खस भाषा तथा खस जातिको उत्पत्ति, विकास र नेपाली सन्दर्भमा यसको महत्वबारे चर्चा भएको थियो । इतिहासदेखि वर्तमान अवस्थासम्म खस जाति, सभ्यता तथा भाषाबारे भएका अध्ययन अनुसन्धानबारे छलफल भएको थियो । यस छलफलले खस भाषा र सभ्यताका विषयमा अझै सही, सत्य, तथ्यसहितको गहन अध्ययन अनुसन्धान र पहिचान गर्नुपर्ने जिम्मेवारीबोध उत्पन्न गरेको छ ।

मुख्यतया यो प्रदर्शनी कर्णालीको अभाव, रोग, भोग र दुर्गमताभन्दा पनि सम्भावनालाई उजागर गर्ने प्रयास हो । कर्णालीका नदेखिएका पाटालाई देखाउने जमर्को केही हदसम्म सफल भएको छ । कर्णालीका १० जिल्लामा छरिएर रहेका विभिन्न मौलिक नृत्य, संस्कृतिलाई एउटै थलोमा उपस्थित गराएर कला, संस्कृतिमा पनि कर्णाली सम्पन्न छ भन्ने देखाउन सक्नु, प्राङ्गारिक कृषि प्रदर्शनी, प्राङ्गारिक खानाका परिकारले प्राङ्गारिक कृषि हब हो भनी देखाउन सक्नुका साथै कर्णालीका विविध पक्षलाई देशका राजधानीको एउटै मञ्चमा ल्याई सम्पूर्ण देशलाई देखाउन सक्नु नै कार्यक्रमको मुख्य सफलता रहेको छ ।


## खाद्य दिवसहरु

### विश्व खाद्य दिवस र रैथाने खाद्य साँझ

हरेक वर्ष अक्टोबर १६ लाई विश्वभरि नै खाद्य दिवसका रूपमा मनाउने गरिन्छ । अक्टोबर १६ विश्व खाद्य दिवसका लागि विश्व खाद्य संगठनले एउटा नारा तयार पार्ने गर्द छ । यस दिनमा विश्वभरि नै कृषिसम्बद्ध सरकारी निकाय, गैर सरकारी संस्थाहरूले विभिन्न कार्यक्रम गर्दछन् । नेपालमा पनि विश्व खाद्य दिवसमा सरकारी, गैर सरकारी निकायले विभिन्न कार्यक्रम गरेर यो दिवस मनाउने गर्दछन् ।

यसै सन्दर्भमा खाद्यका लागि कृषि अभियान र ईआरआई नेपालले कर्णालीका रैथाने बालीका विभिन्न परिकार बनाए राज्यका जिम्मेवार मन्त्री, नीति-निर्माता, जनप्रतिनिधि, अभियन्ता, उद्यमी तथा युवालाई खुवाउने र त्यसको महत्वबारे बुझाउने हिसावले ३७औं, ३८औं र ३९औं विश्व खाद्य दिवसमा लगातार रैथाने खाद्य साँझ आयोजना गर्दै आइरहेको छ । ३७औं र ३८औं विश्व खाद्य दिवस ईआरआई नेपालको एकल आयोजनामा र ३९औं विश्व खाद्य दिवस नेपाल सरकार कृषि विभाग तथा कृषि सम्बन्धित अभियान र संस्थाहरुको संयुक्त आयोजनामा भव्यताका साथ सम्पन्न गरिएको थियो भने । यस कार्यक्रम व्यवस्थापनको नेतृत्व ईआरआई नेपालले गरेको हो ।

३७औं र ३८औं विश्व खाद्य दिवसमा कर्णालीका रैथाने बालीबाट बनाइएका परिकार बनाएरमात्र रैथाने खाद्य साँझ मनाइएको थियो- जसमा कर्णालीसम्बद्ध पाहुना, जनप्रतिनिधिलाई मात्र प्राथमिकताका साथ आमन्त्रण गरिएको थियो भने ३९औं विश्व खाद्य दिवसमा कर्णालीसहित तराई/मधेसलाई पनि समावेश गरिएको थियो । अत्यन्त सम्भावना हुँदा हुँदै पनि कर्णाली पछि राज्यबाट उत्पीडन र पछि पारिएको तराई/मधेस नै हो । नेपालको अन्न भण्डार भनेर चिनिने तराईमा नै धेरै भूमिहीन किसान तथा गरिब रहेका छन् । उनीहरुको पुस्तौंदेखिको साँस्कृतिक खानपान र पकाउने तरिका रहेको छ- जसबारे बाहिरको समुदायले बिरलै थाहा पाएको छ ।









**फोटो ३५:विश्व खाद्य दिवस रैथाने खाद्य साझमा उपस्थीत पाहुनाहरु**

यिनै समुदाय र संस्कार रहेको तराई/मधेसको मुख्यतया मैथिली, भोजपुरी र थारू परिकारसहित अन्य समुदायको प्रतिनिधित्व हुनेगरी परिकारहरू समावेश गरिएको थियो । परिकारसँगै परिकार बनाइएको अनाजको लेबल सहित प्रदर्शनीमा राखिएको थियो । ३९औं विश्व खाद्य दिवसमा चार सयदेखि पाँचसय जनाको सहभागिता रहेको थियो- जसमा मा. वनमन्त्री शक्तिबहादुर बस्नेत, मा. शिक्षामन्त्री गिरिराजमणि पोखेल, मा. कृषिमन्त्री चक्रपाणि खनाल, मा. पर्यटनमन्त्री योगेश भट्टराई, मा. कृषि राज्यमन्त्री, कर्णाली र तराई/मधेस बाट प्रतिनिधित्व गर्ने सांसद, जनप्रतिनिधि, पत्रकार, युवा, व्यवसायी, नेता तथा उच्च तहका कर्मचारीको प्रतिनिधित्व रहेको थियो ।


यो रैथाने खाद्य साँझको आयोजना नीति-निर्मातालाई भोकमरी र गरिबीको परिचय बनाएको कर्णाली र तराई/मधेसको समृद्धि तथा सम्भावनाको पाटो देखाउनु अनि स्थानीय रैथानै खानेकुराको महत्व देखाउनु रहेको थियो । साथै, नीति-निर्मातालाई प्राङ्गारिक कृषिको महत्व र सम्भावन देखाउनु रहेको थियो ।

यस रैथाने खाद्य साँझमा बनाइएका परिकारका खाद्यान्न प्रदर्शनीमा राखिएको थियो । यसका अतिरिक्त केशर (स्याफ्रुन) याक सुकुटी, याक चिज देखि खरायोको टोपी र गलबन्दीसमेत प्रदर्शनीमा राखिएको थियो । यसका अतिरिक्त यी वस्तु किन्न पाउने पनि व्यवस्था गरिएको थियो । रैथाने खाद्य साँझका मुख्य परिकार निम्न रहेका थिए:




**फोटो ३६: रैथाने खाद्य साँझमा हास्य कलाकार मदन कृष्ण श्रेष्ठ र हरीवंश आचार्य,**

मार्सी चामलको भात, चिनो, कागुनो र मार्सेको खिर, जुम्ली सिमीको दाल, जुम्ली सिमीको करी, अचार (जुम्लाको आलु, कालीकोटको टिमुर), फ्राई आलु (जुम्ली आलु), मिक्स सलाद (चोतो, चिनो, ओखर र कोइरो), याक चिज सलाद (डोल्पा), चिज स्ट्र (डोल्पाको याक चिज), जडिबुटी चिया, लाबर (लगर) फापरको, बेक एप्पल, एप्पल पाई, एप्पल बर्फी, एप्पल स्टुडल, फ्राई एप्पल, एप्पल सस, एप्पल क्रिम, मफिन (फापर, जौ र कोदो), घोगी, ढिक्री, मासको परिकार, अचार, बगिया, माछा पकौडा, मखानको खिर, तिलको पकैडा, तिलको अचार, कसौरी, ढकीबरी र ओलको केप्ता (शाही कोप्ता)





**नेपाली पुस्तक:**
https://www.forestaction.org/app/webroot/vendor/tinymce/editor/plugins/filemanager/files/Discussion%20Paper%20Notes/Food%20Day%20Nepali.pdf

**अंग्रेजी पुस्तक:**
https://www.forestaction.org/app/webroot/vendor/tinymce/editor/plugins/filemanager/files/Discussion%20Paper%20Notes/Food%20Day%20English.pdf

# अनुसूची १०ः अन्य आपत्कालीन राहत सहयोग

## आगलागीपीडित कालीकोट

कालीकोट जिल्लाभित्र रहेका स्थानीय निकायअन्तर्गत पलाता गाउँपालिका नेपालकै सुख्खा क्षेत्रभित्र पर्ने गाउँपालिका हो । कृषिका हिसाबले शुष्क कृषि क्षेत्रभित्र पर्ने यस क्षेत्रले विगत डेढ दशकको अवधिमा चरम खडेरीको सामना गरेको छ । उच्च जनघनत्व र खडेरीको कारणले खाद्य सुरक्षाको दृष्टिले यो क्षेत्र असुरक्षित रहेको छ । निकै कम मात्रामा वर्षा हुने यस क्षेत्रमा अधिकांश घर, बस्ती माटोको छानोयुक्त रहेका छन् । पलाता-१ मा न्यौपाने बस्तीमा घर बस्तीहरू आपसमा जोडिएर बनेकाले आगलागीका दृष्टिले यो गाउँ अत्यन्तै जोखिममा रहेको छ । यस गाउँमा विं.स. २०१२ देखि हालसम्म पटक/पटक गरी चारपटकसम्म आगलागीको विकराल घटना भएको स्थानीय बुढापाकाको अनुभव रहेको छ ।



**फोटो ३६ः राहत सामाग्री लैजादै, पलाता गा.पा., कालीकोट**

पलाता गाउँपालिका-१ खाडा, कालीकोटको न्यौपाने बस्तीमा २०७५ पुस ८ गते आगलागी भएको थियो । उक्त आगलागीमा २३ घर जलेर नष्ट भएका थिए भने ३२ परिवार विस्थापन भएका थिए- जसमा एक हल गोरु, एउटा गाईको मृत्यु भएको थियो । आगलागीमा कुनै मानवीय क्षति नभए पनि अन्य सम्पूर्ण मालसामान, अनाज, बिउबीजन नष्ट भएको थियो । यसै सिलसिलामा बिउबीजनको अभावमा पीडितहरूले खेतबारी बाँझो राख्ने अवस्था नहोस् र अन्न उत्पादन गर्न सकून् भन्ने उद्देश्यले फास्नोफरको सहयोग र ईआरआई नेपालको सक्रियतामा आगलागी पीडित ३२ परिवारका लागि धान, सिमी, मकै, कोदो, कागुनो, चिनो, जुनेलो, आलु र फापरको ६५ किलो बराबरको स्थानीय बिउबीजन २०७५/११/२६मा वितरण गरिएको थियो ।

## प्राङ्गारिक कृषि अवलोकन भ्रमण तथा अन्तर्क्रिया कार्यक्रम

कर्णाली कृषि तथा खाद्य सरोकार समूह (कफाग) कालीकोटको आयोजना र कफागका अध्यक्ष कालीबहादुर मल्लको सक्रियतामा मिति २०७६ वैशाख २५ गते प्राङ्गारिक कृषि अवलोकन भ्रमण तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरिएको थिया । यस कार्यक्रममा खाँडाचक्र को सहभागिता तथा खाद्यका लगि कृषि अभियान र ईआरआईको उपस्थितिमा पत्रकार, नागरिक समाज, कृषक तथा कृषिसम्बद्ध सरोकारवालासँग एकदिने प्राङ्गारिक कृषि अवलोकन भ्रमण तथा अन्तर्क्रिया कार्यक्रम खाँडाचक्र -११ को बरातु गाउँमा गरिएको थियो । सदरमुकामभन्दा करिब चार किलोमिटर टाढाको यस गाउँ प्राङ्गारिक खेतीमा जिल्लाकै नमुना रहेको छ । यस गाउँमा प्राङ्गारिक तरकारी, फलफूल खेती व्यावसायिक रूपमा गरिन्छ । नगरप्रमुख जैशीप्रसाद पाण्डेको उपस्थितिमा करिब ३८ जना सहभागी माझ यस बरातु गाउँको प्राङ्गारिक तरकारी, फलफूल खेती र पशुपालन अवलोकन गरिएको थियो । स्थानीय महिला र कृषकसँग बरातुको प्राङ्गारिक कृषिबारे छलफल अन्तर्क्रिया भएको थियो । कार्यक्रममा जिल्ला कृषि ज्ञान केन्द्रका प्रमुख, स्थानीय जनप्रतिनिधि, नगरप्रमुख र स्थानीय कृषक, महिलालगायत पत्रकारहरूको सहभागिता रहेको थियो ।



**फोटो ३७: प्राङ्गारिक कृषि अन्तर्क्रिया, कालीकोट**

## रसायन र विषादीमुक्त खेतीपातीः कपुरकोट गाउँपालिका सल्यान

सल्यानको कपुरकोट गाउँपालिका दाङ जिल्लासँग जोडिएको कर्णाली प्रदेशको पूर्वी ढोका हो । यो क्षेत्र कर्णाली प्रदेशको सबैभन्दा धेरै व्यावसायिक तरकारी उत्पादन गर्ने क्षेत्र हो । यहाँको तरकारी दाङ, बुटवल, नेपालगञ्ज र धनगढीलगायतका सहरमा निर्यात हुने गर्दछ ।

स्थानीयवासीहरू यस क्षेत्रलाई कृषिमा कर्णाली प्रदेशकै आत्मनिर्भर क्षेत्रका रूपमा चिनाउने गर्दछन् । बेमौसमी खेतीका लागि अघि रहेको यो क्षेत्रमा रोग र किराको प्रकोप पनि रहेकाले अत्यधिक रसायन तथा विषादी प्रयोग हुने कुरा स्थानीय कृषकहरू सहजै बताउने गर्दछन् । मिति २०७६ फागुन ११ गते कपुरकोट गाउँपालिकाको कार्यालयमा गा.पा अध्यक्ष भीमबहादुर सेनसहित जनप्रतिनिधि, कृषक र नागरिक समाजबीच रसायन तथा विषादीमुक्त कृषि तथा प्राङ्गारिक कृषि कसरी सम्भव छ भन्ने विषयमा छलफल सम्पन्न भएको थियो ।

त्यसैगरी मिति २०७६ पुस २ गते डोल्पा जिल्ला सदरमुकाम दुनैमा कर्णाली कृषि तथा खाद्य सरोकार समूह (कफाग) र सहकर्मी संस्था (WUDAN) को आयोजना र वातावरणीय कृषि तथा विकास केन्द्र (CAED) सँगको सहकार्यमा जिल्लास्तरीय कृषि समन्वय गोष्ठी आयोजना गरिएको थियो । यस कार्यक्रममा सरकारी कार्यालय, कर्मचारी र कृषिसम्बद्ध संस्था, पत्रकार र नागरिक समाजका अगुवाको उल्लेख्य सहभागिता रहेको थियो । कार्यक्रममा जीवन शाहीले कर्णालीमा शुष्क र अर्धशुष्क खेतीको सम्भावनाबारे तथा डा. सुरेश तामाङले अध्ययनबारे प्रस्तुतीकरण गरेका थिए । यस कार्यक्रमबाट डोल्पाका कृषिका सम्भावना र हालको परिवर्तित अवस्थाबारे छलफल तथा सुझाव संकलन गरिएको थियो ।

## अन्तर्राष्ट्रिय प्राङ्गारिक कृषि सम्मेलन, काठमाडौं

मिति २०७६ वैशाख ३१ र जेठ १ गते (14, 15 may 2019) मा नेपाल सरकार कृषि तथा पशुपक्षी मन्त्रालयले गठन गरेको उच्चस्तरीय प्राङ्गारिक कृषि कार्यदलको आयोजनामा काठमाडौंमा अन्तर्राष्ट्रिय प्राङ्गारिक कृषि सम्मेलन आयोजना भएको थियो- जसमा देश/विदेशबाट गरी दुई सयजनाको सहभागिता रहेको थियो । देश तथा विदेशका प्राङ्गारिक कृषिसम्बन्धी अनुकरणीय उदाहरण आदानप्रदान गरेर नेपालका लागि उपयुक्त प्राङ्गारिक कृषि रणनीति तयार पार्न सहयोग पुग्ने कार्यक्रमको उद्देश्य रहेको थियो । यस सम्मेलनमा आफ्नो देशको अनुभवको प्रस्तुतिसहित नेपालको प्राङ्गारिक कृषिको अभियानमा सुझाव दिनेगरी क्युबा, भुटान र भारतबाट प्राङ्गारिक कृषिका विज्ञको सहभागिता रहेको थियो । यस सम्मेलनमा स्वदेशी तथा विदेशी विज्ञले प्रस्तुतिसहित नेपाल सरकार तथा उच्चस्तरीय प्राङ्गारिक कृषि कार्यदललाई सुझाव दिएका थिए । कार्यक्रममा खाद्यका लागि कृषि अभियान तथा ईआरआई नेपालको समन्वयकारी भूमिका रहेको थियो ।

## दैलेखका दुई पालिकामा कार्यक्रम

मिति २०७६ जेठ १३ गते दैलेखको नारायण मा रसायन र विषादीयुक्त कृषि तथा यसले पारेको प्रभावबारे छलफल भएको थियो । यसका साथै प्राङ्गारिक कृषिको आवश्यकता र महत्वको विषयमा विषयमा अन्तर्क्रिया कार्यक्रम भएको थियो । कार्यक्रममा का सम्पूर्ण जनप्रतिनिधि, कृषक, कर्मचारी र नागरिक समाजका अगुवाको सहभागिता रहेको थियो । साथै


दैलेख जिल्लाकै नमुना कृषि सहकारी गोठबाडा कृषि सहकारीको नमुना कृषि प्राङ्गारिक फार्म पनि अवलोकन गरिएको थियो । मिति २०७६ जेठ १४ गते दैलेखको गुराँस गाउँपालिकामा जनप्रतिनिधि, कर्मचारी र कृषकसँग रसायन तथा विषादीयुक्त कृषिको नकारात्मक असर अनि विकल्पमा प्राङ्गारिक कृषि भन्ने विषयवस्तुमा छलफल भएको थियो । यस कार्यक्रमसँगै गुराँस गाउँपालिकामा आगामी दिनमा प्राङ्गारिक कृषिका सम्भावनाका विषयमा अझ फराकिलो तरिकाले छलफल गर्ने योजनासहित कार्यक्रम समापन भएको थियो । यसै योजनाअनुरूप मिति २०७६ मंसिर १२ गते गाउँपालिकाका जनप्रतिनिधि र कृषकसँग प्राङ्गारिक कृषि किन र कसरी सम्भव छ भन्ने विषयमा अनौपचारिक कार्यक्रमसहित छलफल भएको थियो ।

## सञ्चारमाध्यमहरूमा खाना र खेतीपातीको बहस

खाद्य र कृषिको विषयमा बहस सिर्जना गर्ने उद्देश्यले खाद्यका लागि कृषि अभियानको आयोजनामा स्थानीय निर्वाचनको सन्दर्भमा पत्रकार सम्मेलन गरेर चुनावी घोषणापत्र सार्वजनिक

### क. चुनावी घोषणापत्र प्रकाशन

संघीय नेपालको पहिलो स्थानीय, प्रदेश र संघको निर्वाचनको सन्दर्भमा खाद्यका लागि कृषि अभियान, कृषक समूह महासंघ र राष्ट्रिय भूमिअधिकार मञ्चको संयुक्त आयोजनामा मिति २०७४ वैशाख ५ गते नेपाल कृषि पत्रकार प्रतिष्ठान, संवाद डबली अनामनगरमा पत्रकार सम्मेलन कृषि सपार्ने प्रतिबद्धताका लागि दबाव दिने उद्देश्यले नमुना चुनावी घोषणापत्र जारी गरिएको थियो । यसमा तीनवटै अभियान तथा संघको तर्फबाट महिला, साना किसान र भूमिहीन किसानको हकहितका निमित्त उम्मेदवारहरूले चुनावी घोषणापत्रमा आफ्नो प्रतिबद्धता प्रस्तुत गर्न र यसका लागि जनचेतना बढाउन दबाव दिने दुवै काम गर्न आवश्यक छ भन्ने धारणा सार्वजनिक गरिएको थियो । सो घोषणापत्रको मस्यौदा सम्पूर्ण सञ्चारमाध्यम र पत्रकारलाई वितरण गरिएको थियो ।


स्थानीय तहको निर्वाचन २०७४

भूमिहीन, मोही र साना किसानको भोट कसलाई ?

पार्टीका घोषणापत्र पढौं ।

उम्मेदवारको विचार र योजना सोधौं ।

निर्वाचनमा भाग लिने पार्टी र उम्मेदवारलाई सोधौं

- भूमिहीन, मोही र साना किसानका लागि कस्ता नीति ल्याउनु हुन्छ ?
- विदेशिएका युवालाई खेतिपातीमा ल्याउन कस्तो सोच छ ?
- भरपेट, सन्तुलित र विषादिरहित खानेकुराका लागि के योजना छन् ?
- गाउँ वा नगरपालिकामा खेतीपाती सुधार्न के कस्तो व्यवस्था गर्नुहुन्छ ?


उपयुक्त उमेदवारलाई मतदान गरौं

असल सोच र व्यवहारसँगै उम्मेदवार यस्तो होस्

- माथिका प्रश्नको सकारात्मक र चित्तबुझ्दो जवाफ देओस्,
- बँधुवा कृषि मजदुर (जस्तै हरुवाचरुवा, हलिया, कमलरी) नराखेको अनि प्लटिङ वा जग्गा दलालीमा संलग्न नभएकोहोस्,
- खेतिपाती र श्रमको सम्मान गर्ने सकेसम्म आफै किसान होस्,
- आफ्नो क्षेत्रको पर्यावरण, स्वास्थ्य शिक्षा जस्ता विषय प्राथमिकतामा राख्ने होस्

## ख. स्थानीय तहको कृषि ऐनको नमुना प्रकाशन

नेपालको संविधान २०७२ लागू भएपछि देश औपचारिक रूपमा तीन तहको संघीय संरचनामा गएको हो । संघीय संरचनाको मर्मअनुसार २०७४ को प्रारम्भमा स्थानीय तहको निर्वाचन भएको थियो । निर्वाचनपछि स्थानीय तहले विभिन्न अधिकारसहित ऐन बनाउन थालेका थिए । यसै सन्दर्भमा प्राङ्गारिक कृषिको मर्मलाई समेटेर स्थानीय तहले कस्तो विषयवस्तु समेटेर कुन ढाँचामा कृषि ऐन बनाउन उपयुक्त हुन्छ भनेर खाद्यका लागि कृषि अभियानले नमुना कृषि ऐन तयार पारेर छलफलका लागि स्थानीय तह, जनप्रतिनिधि र सरोकारवालाबीच मस्यौदा वितरण गरिएको थियो ।





## ग. इतिहासका पानामा छुमचौरको जुम्ली मार्सी

जुम्ला जिल्लाको पुरानो छुमचौर गाविस (अहिलेको पातारासी गाउँपालिका-३ को छुमचौर जिउलो (फाँट) धान खेती गरिने संसारकै अग्लो ठाउँ हो । तिला नदी र हुरी खोलाको पानी लाग्ने यो जिउलो समुद्र सतहदेखि २८०० देखि ३०५० मिटर उचाइमा छ । वि.सं. २०७४ मा एक रोपनीभन्दा पनि कम खेतमा मात्र धान खेती गरिएको उक्त जिउलोमा १० वर्षअघिसम्म पाँच सय रोपनीभन्दा बढीमा धानखेती गरिन्थ्यो । संसारमै सबैभन्दा बढी चिसो सहन सक्ने जुम्ली मार्सी धान लगाइने यो क्षेत्रमा वर्तमान अवस्थामा मकै, कोदो र सिमी लगाउने गरिएको छ । यस्तो गौरवगाथा बोकेको छुमचौरले किन छोड्यो त धान खेती ? यसै विषयमा आधारित

## ठूलीभेरी कृषि विकास रणनीतिक योजनाको निर्माण

समग्र जनताको प्रत्यक्ष दैनिकीसँग जोडिएको कृषि प्रणालीलाई सुधार गर्ने तथा खाद्यान्न पोषणमा जनताको धेरैभन्दा धेरै पहुँच पुर्‍याउने र परम्परागत कृषिलाई उन्नत बनाउने अवसर स्थानीय सरकारलाई रहेको छ । कृषिले छोटो समयमा परिणाम दिनुका साथै स्थानीय स्तरमा संरचना निर्माणमा महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । कर्णाली प्रदेशको सन्दर्भमा प्रदेश सरकारले कर्णालीलाई प्राङ्गारिक प्रदेश घोषणा गरेको छ । यस प्रदेशको दिगो कृषि र खाद्य प्रणालीलाई नमुनाका रूपमा विकास गर्नका लागि स्थानीय तहबाट कार्ययोजना निर्माण गरी व्यावहारिक रूपमा लागू गर्नु आवश्यक छ । यसै सन्दर्भमा डोल्पा जिल्लाको ठूलीभेरी ले

आगामी १० वर्षको रणनीतिक योजना र पाँच वर्षको स्तरीय बृहत् कृषि विकास कार्ययोजना बनाई व्यावहारिक रूपमा कार्यान्वयनमा जाने योजनाअनुरूप को सक्रियता तथा लगानीमा इन्भाइरोमेन्टल रिसोर्सेस इन्सिच्युट नेपालले कृषि विकासको १० वर्षे रणनीतिक योजनाको मस्यौदा निर्माण सम्पन्न गरी लाई हस्तान्तरण गरेको थियो । मस्यौदा तयार पार्दा ठूलीभेरी  डोल्पाका विभिन्न समुदायसँग सहभागितामूलक रूपमा अन्तर्क्रिया, छलफल तथा अवलोकनसहित परामर्श गरिएको थियो । यस रणनीतिक योजनाको उद्देश्यलाई अल्पकालीन र दीर्घकालीन गरी दुई भागमा विभाजन गरिएको छ ।




## दीर्घकालीन उद्देश्य

- स्थानीय सामाजिक तथा पर्यावरणीय विविधताको आधारमा दिगो कृषि प्रणालीको विकासमा जोड दिँदै कृषि उत्पादन तथा उत्पादकत्वमा जोड दिने ।
- कृषि र कृषिजन्य वस्तुमा आधारित उद्योग स्थापना गरी रोजगारी सिर्जना गर्ने ।
- समग्र को दिगो कृषि, पर्यावरण, रोजगारी, शिक्षा, स्वास्थ्य तथा पोषणलगायतका दिगो विकासका आधारलाई प्रभावकारी कार्यान्वयनका लागि कृषि क्षेत्रबाट योगदान गर्ने ।
- फलफूलका बिरुवामा आत्मनिर्भर रही निर्यात गर्ने ।
- व्यावसायिक कृषिको माध्यमले कृषकको आयस्रोतमा बृद्धि गर्ने ।

## अल्पकालीन उद्देश्य

- स्थानीय विशेषताअनुसारको कृषि पद्धतिलाई प्रबर्धन गर्ने तथा दिगो कृषि पद्धतिलाई अपनाउने ।
- स्याउ र ओखरजस्ता फलफूलको व्यावसायिक उत्पादनमा जोड दिने ।
- व्यावसायिक बिउबीजन उत्पादनमा प्रोत्साहन गर्ने (चोता, रायो, सुइचार्ड, गाजर, मूला आदि)
- रैथाने बालीको संरक्षण गर्ने तथा उच्च पोषकीय गुण भएका बालीको प्रबर्धन गर्ने ।
- आत्मनिर्भर कृषिमा जोड दिने ।

## अध्ययन विधि

जनप्रतिनिधि तथा कर्मचारीसँगको छलफलपछि ठूलीभेरी का विभिन्न वडा र गाउँमा अवस्था अवलोकन तथा छलफल गरिएको थियो- जसमा मुख्यतः सहभागितामूलक विधि प्रयोग गरी सहभागीसँग अन्तर्क्रिया, सामूहिक छलफल तथा परामर्श गरिएको थियो । भौगालिक अवस्था, हावापानी, भूउपयोगिता, आम जीवनशैली, खानपिन र सामाजिक आर्थिक विवरणको अवलोकन तथा धरातलीय हिँडाइमार्फत निरीक्षण पनि गरिएको थियो । यसै क्रममा कर्णाली कृषि तथा खाद्य सरोकार समूह र सहकर्मी संस्था WUDAN को संयोजकत्व र वातावरणीय कृषि तथा विकास केन्द्र (CAED) सँगको सहकार्यमा जिल्लास्तरीय समन्वय गोष्ठी समेत आयोजना गरिएको थियो । कार्यक्रममा जीवन शाहीले कर्णालीमा शुष्क र अर्धशुष्क खेतीको सम्भावनाबारे र डा. सुरेश तामाङले अध्ययनबारे प्रस्तुतीकरण गरेका थिए । यस कार्यक्रमबाट पनि डोल्पाका कृषिका सम्भावना र हालको परिवर्तित अवस्थाबारे छलफल तथा सुझाव संकलन गरिएको थियो ।

## कृषि पत्रकारसँग छलफल कार्यक्रम २७ अप्रिल २०१९

समसामायिक कृषिका सवालबारे कृषि पत्रकारसँग छलफल तथा अन्तर्क्रिया कार्यक्रम गरिएको थियो । वैशाख १४ गते सम्पन्न उक्त कार्यक्रम ललितपुरको छम्पीस्थित EduFarm मा भएको थियो । विभिन्न सञ्चारमाध्यममा कार्यरत कृषि पत्रकार, प्राङ्गारिक कृषि प्रबर्धनसम्बन्धी उच्चस्तरीय कार्यदलका सदस्य र ईआरआई टिम सहित जम्मा ३४ जनाको उपस्थितिमा कार्यक्रम सम्पन्न भएको थियो ।






**फोटो ३८ः कृषि पत्रकारहरुसंगको छलफल, छम्पी ललितपुर**

कार्यक्रमको सुरुवात भिडियो प्रस्तुति **सत्यमेव जयते**बाट गरियो । रासायनिक विषादीको प्रयोग र यसको नकारात्मक असर र भविष्यमा लाग्न सक्ने दीर्घ रोगहरूबारे उक्त भिडियोबाट ज्ञान दिइएको थियो । यसका अतिरिक्त उच्चस्तरीय कार्यदलहरूका सदस्य क्रमशः डा.कृष्णप्रसादपौडेल, डा गंगादत्त आचार्य र उद्धव अधिकारीले प्रस्तुत गर्नुभएको थियो ।

उच्चस्तरीय प्राङ्गारिक कृषि प्रबर्धन कार्यदलको भूमिका र यसका जिम्मेवारीबारे डा गंगादत्त आचार्यले स्पष्ट पार्नुभयो भने डा.कृष्णप्र.पौडेल र उद्धव अधिकारीले खाना र खेतीपातीमा महिलाकरण, बसाइँसराई, आयात निर्यातको अवस्थासँगै यसका समसामायिक सन्दर्भमा प्रस्तुत गर्नु भएको थियो ।

## सत्यमेव जयतेको नेपाली अनुवाद

रसायन र हर्मनमा आधारित खेतीपातीको असर र प्राङ्गारिक कृषिको महत्वबारे जनचेतना फैलाउने उद्देश्यको साथ सन २०१२ मा हिन्दी भाषामा प्रसारित सत्यमेव जयतेको सिजन १ को भाग ८ 'विषाक्त खाना'लाई यस समूहले २०१९ मा नेपालीमा अनुवाद गरेको छ ।

## प्राङ्गारिक कृषिसम्बन्धी लेखन र प्रकाशन

| S.N | Name list of Publications | Published year | Language | Category |
|---|---|---|---|---|
| 1. | Our Food Our Life Proceeding of the Food Week Deliberations Commemorating | 2020 | Nepali/English | Report |
| 2. | Impact of Covid-19 on Food and Agriculture | 2020 | Nepali | Booklet |
| 3. | Agriculture Education | 2020 | Nepali | Book |
| 4. | Video Documentary on Approval of Poison for Food | 2020 | Nepali | Video |
| 5. | Report on Organic agriculture promotion | 2019 | Nepali | Report |
| 6. | Our Forest Heritage: International organic agriculture conference special issue | 2019 | Nepali | Journal |
| 7. | Organic agriculture: Myth and reality | 2018 | Nepali | Booklet |
| 8. | Food crisis (Translated summary of first chapter of book "Full Planet, Empty Plates : The new Geopolitics of food Scarcity "by Lester Brown) | 2018 | Nepali | Booklet |
| 9. | Citizen's comment to transform Nepalese agriculture | 2018 | Nepali | Leaflet |

| | | | | |
|---|---|---|---|---|
| 10. | Paddy at the Highest Altitude: The CHHUM Valley, Once upon a time | 2017 | English/Nepali | Leaflet |
| 11. | Food and Agriculture in Karnali : Five years of engagement 2068-2073 (2011-2016) | 2017 | Nepali | Booklet |
| 12. | Organic Revolution ( on the agro-ecological transformation of Cuba since 1990) | 2017 | Nepali | Book |
| 13. | Agricultural Development: An Analysis of Agricultural Development Strategy of Nepal (2015-2035) from Civic Society Perspective | 2016 | English and Nepali | Booklet |
| 14. | Vegetable Farming in Nepal : A basic information | 2015 | Nepali | Book |
| 15. | Agriculture Development Strategy : Current Situation and Future Direction | 2015 | English | Booklet |
| 16. | Feminization of Agriculture and its Implications for Food Security in Rural Nepal | 2014 | English | Journal |
| 17. | Agriculture Development Strategy : Current Situation and Future Direction | 2013 | Nepali | Booklet |
| 18. | Basic technology of sustainable agriculture | 2011 | Nepali | Book |
| 19. | Our Forest Heritage: An special issue on Food and Agrilculture | 2010 | Nepali | Journal |
| 20. | Agriculture transformation for Sustainable livelihood Sustainable agriculture for future | 2010 | English | Booklet |

## प्राङ्गारिक कृषि सम्मेलन विशेषांक-हाम्रो वन सम्पदा

## १२.१ कोभिड-१९: सन्दर्भ अध्ययन तथा विश्लेषण

### कोभिड-१९ पछिको खाना र खेतीपाती

फास्टनोपफर नेपाल र समूहको सहमतिमा कोरोना आकस्मिक योजनाअन्तर्गत यस बन्दाबन्दी अवधि (अप्रिल देखि जुनसम्म) मा भएका काम निम्नबमोजिम प्रस्तुत गरिएको छ ।

- कोभिड-१९ : सन्दर्भ अध्ययन तथा विश्लेषण
- कोभिड-१९ पछिको खाना र खेतीपाती
- भिडियो डकुमेन्ट्री: खानामा विषादीको अनुमोदन
- सामाजिक उद्यम अवधारणा र मार्गचित्र

### कोभिड-१९ मा खाद्यका लागि कृषि अभियान

बन्दाबन्दीको अवधिमा खाद्यका लागि कृषि अभियानको तर्फबाट कृषिसँग सम्बन्धी विभिन्न लेख तथा रचना तथा ज्ञापनपत्र बुझाइएको थियो । खाना र खेतीपाती तथा कोभिडको वरिपरि रहेर समूहका सदस्यको १० वटा लेख विभिन्न पत्रपत्रिकामा प्रकाशन भएका थिए । त्यस्तै तीनवटा अपिल क्रमशः प्रधानमन्त्री, कृषि तथा पशुपक्षी विकास मन्त्री र प्राकृतिक स्रोत समितिका अध्यक्षसमक्ष हस्तान्तरण गरिएको थियो । यसै अवधिमा समूहका सदस्यले विभिन्न नौ टेलिभिजन तथा रेडियो कार्यक्रममा अन्तार्वार्ता दिएका थिए । कोभिडको अवधिमा नै समूहले सुरुवात गरेको खाद्यको लागि कृषि बहस श्रंखला (फेसबुक लाइभ) मा खाना र खेतीपातीसम्बन्धी विषयमा ११ जना विज्ञले प्रस्तुति दिइसकेका छन् भने यो बहस जारी छ । बन्दाबन्दीकै समयमा अनलाइन छलफल तथा बैठक पनि हामीले सञ्चालन गरेका थियौं । थप जानकारीका तलको तालिकामा भएको लिकं हेर्नुहोस् ।

| S.N. | Name | Links | Remarks |
|---|---|---|---|
| १. | Quarantime - Episode 23 | https://www.facebook.com/ktvquarantime/videos/2417935765165577/?__cft__[0]=AZWzZPhUYzSpoPPsO2qOT5TnbT9QWmIDAm8Ge7gxXg44eiAHkSIt_XpunQWwZ2HoGEMnZ047k8mtcbAtNQ2RmZb9-l8AbfIkrawxOZYzUsjHdeT42EA8u3ILlOo3SesJDE6sABezLLxlbmArn0GV75AjeIQN5tcZe1BTomiPE9Nds2ewnPeXi1RKH9jLgGA-AHk&__tn__=-UK-R | Kantipur TV |

| | | | |
|---|---|---|---|
| २. | भोकभोकै मर्नुपर्ने खतरा बढ्दै गयो, सरकार मौज्दातमा अड्केको छ | https://www.youtube.com/watch?v=fovGB9fH6rA&fbclid=IwAR0Bq-ocaSj7w_sRH72ImmCtbRcqEqHZmJNNRWFblgf99VjWnoFtnLw3rSU | Janata TV |
| ३. | Food Security and the Agricultural Sector during COVID-19 and Beyond ? | https://www.youtube.com/watch?v=NNJgx1W-Rl4&feature=youtu.be&fbclid=IwAR2H_HLy35SleaqUlewfjc-kjKh11qpaYiVIHZlOMufcTls3gqI-WU8UKgI | Tough talk |
| ४. | बजेटमा कृषि मन्त्रीको गुनासो, साना किसान र विदेशबाट फर्किएका युवाले कसरी पाउँछन् कृषि कर्जा ? | https://www.facebook.com/watch/?v=393193248263614 | News 24 |
| ५. | सलहले कस्तो क्षति निम्त्याउन सक्छ ? | https://www.facebook.com/ratopati/videos/312947563427930/?__cft__[0]=AZUZ2fZl6ha73JnHk-0XVARhjNwIdaLKcqyiVK745JBev_h5CkbAZUxcD60z42r9efzZb1BTkCD_tSKSgWyqpicbw5LRsRCqTPixbHsMZgXVItjoWAl6eqQU3gvJrYJDo2uAbgryylxcIa1HxPg0RJINpp5IS1rve8fNdfD10dV5dgt5osDKIooiYMOsNQfud44&__tn__=-UK-R | Raatopati TV |
| ६. | बजेट मार्फत सरकारले आश्वासनको पोकोबाहेक केही बाँड्न सकेन | https://l.facebook.com/l.php?u=https%3A%2F%2Fwww.youtube.com%2Fwatch%3Fv%3DAS9jI3WQ7hA%26fbclid%3DIwAR0AO_fN4jNKnZsDdag2d8GK1j69sA8tu2tOqgQm4FOVYTtUhrHq_6u7fXQ&h=AT2FuQrrvfslc97nkbN3B59IUcpLuDli63TNH6bCsZhlV9CQcLiSGlenjZ8aUZH-40kuE0kuNLh_wHNCE6txm_-X3fzws9UDlv_E_3ZxX_JvxrIT0K3MfuhwmztVXVXeyw2g&__tn__=-UK-R&c[0]=AT3pxUI-3YchxKaLcKz10OX_oN4mFwFllEebACrYATB1nH2uG5QU5TlBH02So5kGXsms99KJvI-0APnHFUiH_v8luHiuY4UQJkkdpH6UhByInkbgyYT875ICo82ahulkUl5Q-yXJoUuBIgL8aHZI | ABC TV |

| | | | |
|---|---|---|---|
| ७. | आसन्न खाद्य संकटको सम्बोधन | https://ekantipur.com/opinion/2020/05/13/15893369349206218 3.html?fbclid=IwAR0MXAse-JUUGIPtem9GNsrDDa4xALNij0KM3Nfrhf_0ubGA8FWoakjMeDA Baishakh 31st, 2077/13th May, 2020 | Kantipur |
| ८. | कोभिड-१९ ले सम्झाएको विकास र वातावरणबीचको संघर्षकथा | https://deshsanchar.com/2020/05/10/351371/?fbclid=IwAR24zGFd9wolBmhkS80pke7UtrSNazvw5kcTE-47Qpeaf2PZAKQcjMq16lk#.XrgJIq_FPF5Y.facebook Baishakh 28, 2077/ 10th May | Desh Sanchar |
| ९. | कहाँबाट थाल्ने कृषिमा सुधार ? कसरी टिकाउने किसानलाई ? | https://www.himalkhabar.com/news/113601?fbclid=IwAR05kOmmW3BGorQbGxb4pNIDqKoG2vyXswJMoL3TxjOMa4dNjvKvj1iDaMM Baishakh 19, 2077 / 1st May | Himal Khaber |
| १०. | खाना, खेतीपाती र कोभिड-१९ | https://ekantipur.com/opinion/2020/04/21/158743685745925615.html?fbclid=IwAR0u6a2YbTeWlXOxRMu9PwmUlSp76lAuRRRw6HEoQMbWY4e13hWVDu5Bvwg Baishakh 9, 2077 / 21st April | Kantipur |
| ११. | प्रकृतितर्फ फर्कने अवसर | https://ekantipur.com/opinion/2020/04/01/158574119442191 9.html?fbclid=IwAR34uT_lyNiONvh1kx3kDo9EJAtwT1zeMR3wcP-tnMptZiqMy6DGp-xNyxE Chaitra 19, 2076 | Kantipur |
| १२. | नबदलिने राज्य संयन्त्रको दलदल | https://www.onlinekhabar.com/2020/06/872169?fbclid=IwAR2XzSaHZ6O8AEwVCP4pbFMbl3KvsJjsJWnSxJJka3cKhbMxEPuuIz8945w#.XuH6cra4PDc.facebook Jestha 29, 2077 /11 June | Online Khaber |
| १३. | विवेकहीन नीति र दिशाहीन कार्यक्रम | https://www.nepalsamaya.com/detail/29811?fbclid=IwAR1Ks9OeXLkj0yhfvU6xWemzw7g84E_rdUC_V7u9lzErjOoCCQG-cEjWD98 Jestha 8, 2077 / 21st May | Nepal Samaya |
| १४. | बालुवाटारको दम्भ र विवेकहीन सत्ता | https://www.onlinekhabar.com/2020/07/880143 | Online Khabar |
| १५. | कृषि मन्त्रीलाई आठ संस्थाको १६ बुँदे ज्ञापनपत्र | https://www.sansarnews.com/206372/?fbclid=IwAR27s14IdSaw2mMo8kqwL5UB4lr0Zm71jJjYmW1pksoXnogaXumDzmK0n54#.XrP | |

| | | | |
|---|---|---|---|
| | | 1oZM6onE.facebook | |
| १६. | कृषिमा तत्कालीन समस्या र दीर्घकालीन सोचका प्रश्न | https://deshsanchar.com/2020/04/14/341250/?fbclid=IwAR2VPqYsO9j67n13s_gHuPLYegREfsdY2LYr-p57ViVAf-YUE7wtgMxDwFM | |
| १७. | खाना र कृषि व्यवस्था सपार्न यी उपाय अपनाऔं | https://deshsanchar.com/2020/05/05/351478/?utm_source=notification&utm_medium=notification&utm_campaign=push_notification&fbclid=IwAR0Wm9-yyJbTyyWL3G2SzJZHxqVbUbSCqFW0sH8jPgp84ADh6fWPWHxdcnY | |
| १८. | इन्द्रेणी रङ्गका रैथाने खानेकुरा खाऊँ | https://www.facebook.com/watch/?v=290664758660554 | Pramod Dahal |
| १९. | खाद्य तथा कृषि क्षेत्रमा महामारीको प्रभाव | https://www.facebook.com/watch/?v=1838005079698267 | Pramesh Pokharel |
| २०. | किन आकर्षित हुन सक्दैनन् युवाहरु कृषिमा ? | https://www.facebook.com/watch/?v=281447436545659 | Saroj Khatiwada |
| २१. | कृषि क्रान्तिका लागि युवा परिचालन | https://www.facebook.com/watch/?v=2626951527622963 | Narayan Sigdel |
| २२. | महिला साना किसान र श्रमिकका कार्यबोझ | https://www.facebook.com/watch/?v=3536671199694004 | Dr. Sujata Tamang |
| २३. | कृषि एक जीवन पाठशाला | https://www.facebook.com/watch/?v=2657613634564573 | Teeka Bhattarai |
| २४. | पर्यावरणीय कृषिः भोक, असमानता र जलवायु संकटलाई सम्बोधन गर्न सक्ने एक उपयुक्त रणनीति | https://www.facebook.com/watch/?v=2927155697375761 | Dr.Naya Sharma |
| २५. | हाम्रो खानपान र स्वास्थ्य | https://www.facebook.com/watch/?v=296959144777265 | Dr. Suresh Tamang |
| २६. | प्राङ्गारिक कृषिको आवश्यकता | https://www.facebook.com/watch/?v=3249354998420157 | Swanam Sathi |
| २७. | आर्थिक वर्ष २०७७ र ७८ को नीति तथा कार्यक्रममा कृषि | https://www.facebook.com/watch/?v=2592822307641017 | Uddhav Adhikari |
| २८. | कोरोनाबाट सिर्जित मानवीय संकट र नेपालको कृषि सुधार्ने अवसरहरु | https://www.facebook.com/114648606887075/videos/247012299853118/ | Dr. Krishna Paudel |

| | | | |
|---|---|---|---|
| २९. | कोरोना कहरपछिको सम्भाव्य खाद्य संकट र व्यवस्थापन | https://www.setopati.com/opinion/206271?fbclid=IwAR00C0P0Ei2hXogqhIXU63p5Q125UNtd9b1aYLGjYt7VXfEIYLHEPdl_0zs | |
| ३०. | आगामी बजेटको सन्दर्भः कृषि आविष्कार केन्द्र | https://www.setopati.com/opinion/205760?fbclid=IwAR3AqJth5rMdjWWupDdM13BP0FvooR3r_7XEIfnKRyZgZaXyE47qfG2LB5s | |
| ३१. | आगामी आर्थिक वर्षका लागि बजेटका प्राथमिकता र सिद्धान्त संसद्मा पेश | https://deshsanchar.com/2020/05/10/353770/?fbclid=IwAR34uT_lyNiONvh1kx3kDo9EJAtwT1zeMR3wcP-tnMptZiqMy6DGp-xNyxEhttps://ekantipur.com/business/2020/05/10/158907852331253968.html?fbclid=IwAR270rFT2CgZ8gslzZn7hD7F6mr9BfspGG62MJgmeTxw8boam-45Z25l26M | |
| ३२. | कोरोना नियन्त्रणमा चुक्दै सरकार | https://ekantipur.com/news/2020/05/07/158881234391325028.html?fbclid=IwAR0MXAse-JUUGIPtem9GNsrDDa4xALNij0KM3Nfrhf_0ubGA8FWoakjMeDA | |
| ३३. | खाद्य संकटको समाधान र उत्पादन बढाउनुको विकल्प छैन | https://www.nepalsamaya.com/detail/28706?fbclid=IwAR1QCk15YpgK0dfgW3h6qGJaHzP40zSjzvrZSrQyFDEToVcn8ODtOrt5YBc | |
| ३४. | भविष्य सुनिश्चित गर्न कृषि क्रान्ति | https://ekantipur.com/opinion/2020/04/19/158726251289127087.html?fbclid=IwAR143umjXdOvjxYKJEAi5uCwIRH9yY1l-hx2Lxt274gE5O7FgvlHiUqFy4E | |
| ३५. | कोरोना, भूमण्डलीकृत पुँजीवाद र नयाँ विकल्प | https://ekantipur.com/opinion/2020/04/11/158656879982555404.html?fbclid=IwAR270rFT2CgZ8gslzZn7hD7F6mr9BfspGG62MJgmeTxw8boam-45Z25l26M | |
| ३६. | बजेटले वास्तविक र साना किसानलाई छोएन, अर्ग्यानिक कृषिको वेवास्ता | https://www.capitalnepal.com/news/68830 | Capital |
| ३७. | माफ गरिदिनुस पैदलयात्रीहरू | https://www.nayapatrikadaily.com/news-details/41555/2020-04-19 | Naya Patrika |

यस अवधिमा हाम्रो समूहसँग खाद्यका लागि कृषि अभियानमा आबद्ध अन्य सदस्यको पनि सक्रिय सहभागिता र सहयोग रह्यो । अपिल तथा लेख बनाउन, समूहमा छलफल गर्न र सामूहिक काम गर्न जुम (अनलाइन एप) प्रयोग गरिएको थियो । समग्रमा बन्दाबन्दीको लगभग

तीन महिला उत्पादनमूलक नै रह्यो । भौगोलिक हिसाबले भेटघाट र छलफल गर्न सम्भव नभए पनि सम्भव भएसम्म खाना र खेतीपातीको मुद्दालाई सार्वजनिक गर्ने, बहसमा ल्याउने र सम्बन्धित ठाउँमा दबाव सिर्जना गर्ने काम भएको थियो ।

## १२.२ भिडियो डकुमेन्ट्री खानामा विषादीको अनुमोदन

भिडियो डकुमेन्ट्री खानामा विषको अनुमोदन सार्वजनिक भएको छ । नेपाली तथा अंग्रेजी दुवै भाषामा रहेको यस भिडियोको मुख्य उद्देश्य भनेको जनसमुदाय, किसान, अभियन्ता तथा अगुवालाई विषादिको प्रयोगबारे चेतना फैलाउनु रहेको छ । रासायनिक मल, विषादी, हर्मोन र प्लाष्टिक कसरी खेतीपातीमा प्रयोग भइरहेको छ र हाम्रो खाना तथा वातावरण कसरी दिनदिनै विषाक्त हुँदै गइरहेको छ । विषादीको करण धेरैभन्दा धेरै किसान यसको शिकार भएका कुरा यस भिडियो मार्फत जनाइएको छ भने लामो समयदेखि अर्गानिक खेतीमा लागेका किसानले आफ्नो अनुभव र यसको फाइदाबारे पनि स्पष्ट पारेका छन् । मुटुको रोग, क्यान्सर, चिनी रोगजस्ता दीर्घ रोगमध्येको एक कारण हाम्रो खेतीपातीमा प्रयोग हुने रसायन तथा विषादी पनि हो भन्ने अनुभव लामो समयसम्म यस क्षेत्रमा संलग्न चिकित्सकहरू नै बताउँछन् । अन्त्यमा केही सरकारी कर्मचारी तथा खेती किसानका अभियन्ताले आफ्ना केही विचार यस भिडियोमा राखेका छन् । (https://www.youtube.com/watch?v=CUT9jwCviEU&t=637s)

## १२.३ भिडियो रिपोर्टिङ सुधिँदै खेतीपाती

कोरोना बन्दाबन्दी भएसँगै मानिसमा खेतीपातीप्रतिको धारणा फेरिएको छ । आफूले खाने आफैं उत्पादन गर्नुपर्छ भन्ने मनमा परेको छ । तीन महिनाको बन्दाबन्दी अवधिभर खाना र खेतीपातीको क्षेत्रमा भएका असल अभ्यासलाई रिपोर्टिङ गर्न उद्देश्यले यो भिडियो रिपोर्टिङ तयार पारिएको हो ।

## १२.४ कोरोना भाइरस (Covid 19) को कारणले सिर्जित संकटमा राहत सामग्री सहयोग

कोरोना भाइरस (Covid 19) का कारणले समग्र विश्वले नै संकट सामना गरिरहेको अवस्थामा नेपालमा पनि यसको सम्भावित महामारीलाई रोक्नका लागि नेपाल सरकारले २०७६/१२/११ देखि देशव्यापी लकडाउन गरेको थियो । अप्रत्याशित रूपमा गरिएको लकडाउनका सुरुवाती महिनामा अत्यावश्यक सेवाबाहेक बैंक, वित्तीय संस्था, आन्तरिक यातायात बन्द रहेको थियो । यस अवस्थामा कर्णाली क्षेत्रबाट काठमाडौंमा रहेका विद्यार्थी, मजदुर र बिमारीले अत्यन्तै खाद्यान्नको संकट सामना गर्नुपरेको थियो । यसै अवस्थालाई मध्यनजर गर्दै उद्यमी, व्यवसायी, नागरिक समाज तथा सरोकारवालाको सहयोगमा समस्यामा रहेका विद्यार्थी, मजदुर र विमारीलाई अत्यावश्यक खाद्यान्न सामग्रीमध्ये अवस्था अवलोकन गरी वितरण गरिएको थियो । यस कार्यका लागि करिब चार सयभन्दा धेरै कर्णाली क्षेत्रका विद्यार्थी, मजदुर र बिरामीलाई

सहयोग प्रदान गरिएको थियो- जसमा खाद्यका लागि कृषि अभियानको अगुवाइमा ग्यास, चामल, दाल, तेल र नूनमध्ये आवश्यक बस्तु प्रदान गरिएको थियो ।




## १२.५ समसामयिक विषयवस्तुमाथि छलफल कार्यक्रम

विश्वव्यापी रूपमा फैलिएको कोभिड नामक भाइरसले विश्व अर्थतन्त्र नै धराशायी बनेको अवस्था र यसको रोकथाममा विश्वका शक्तिशाली राष्ट्रलाई नै ठूलो चुनौतीको विषय बनेको थियो । स्वास्थ्य संगठन र आधिकारिक निकायले यो रोग नियन्त्रणका लागि औषधि, खोप पत्ता नलागुन्जेल बन्दाबन्दीद्वारा मानिसको सम्पर्क कम गर्नु नै उत्तम उपाय हुने सुझाएका थिए । यस्तो अवस्थामा विश्वका अधिकांश देशमा नै बन्दाबन्दी गरिएको थियो ।

यसको अनुशरण गर्दै नेपाल सरकारले पनि विगत दुई महिनादेखि देशभर लकडाउन गरेको थियो । सबै तहमा कोरोना महामारीभन्दा पनि खाद्य संकटलगायतका संकटले बढी खतरा निम्तिन सक्ने भय र असुरक्षा महशुस भएको थियो ।

यसै सन्दर्भमा कर्णाली कृषि तथा खाद्य सरोकार समूह (कफाग) तथा कर्णालीका कृषि अभियन्ताबीच भिडियो कल मार्फत गरिएको बैठक सम्पन्न भएको थियो । यस कार्यक्रममा सुजाता तामाङको टिप्पणी र जीवन शाहीको सहजीकरण रहेको थियो ।

## १२.६ कर्णालीको खाना र खेतीपाती विषयमा छलफल



कोभिड-१९ सँगै फेरिएको स्थानीय परिवेशमा कर्णाली प्रदेश र कालीकोट, चितवन, मकवानपुर जिल्लाको वर्तमान कृषिको अवस्था तथा रसायन, विषादीरहित कृषिको विषयमा छलफल कार्यक्रमहरु गरियो । कृषि अभियन्ता, सरोकारवाला, कार्यालयप्रमुख तथा युवा र विद्यार्थीको सहभागितामा जुम मार्फत कार्यक्रम सम्पन्न गरिएको थियो । विश्वव्यापी रूपमा फैलिएको कोरोना भाइरसको महामारीको डरले राज्यस्तरबाट गरिएको लामो समयको लकडाउनले सबै क्षेत्रमा प्रभाव परेको थियो । राज्यस्तरमा मात्रै भन्दा पनि अन्तर्राष्ट्रिय जगत्मै यसले प्रभाव पारेको थियो- जसले गर्दा वैदेशिक रोजगारीदेखि सहर केन्द्रित रोजगारी, शैक्षिक गतिविधिलगायतका सेवा क्षेत्र ठप्प भएको अवस्थामा ठूलो जनशक्ति गाउँ फर्किएको थियो । यो अवस्थाबाट कालीकोट पनि अछुतो रहन सकेन । यस्तो परिस्थितिमा दिगो कृषि, आत्मनिर्भर कृषि तथा कृषि उद्यमका मुद्दा उठेको थियो । बाँझो जमिनको उपयोग, व्यावसायिक खेती प्रबर्धनको आवाज र गाउँमा कृषि कर्म, कृषि उद्यममा बृद्धि हुने अनुमान गरिएको थियो ।

यी छलफलमा वर्तमान कृषिको अवस्था, विगतको प्रयासका साथै रसायन र विषादीको अवस्था, सम्भावना तथा चुनौतीका विषयमा कार्यालयप्रमुख, नागरिक समाज, सरोकारवाला, युवा विद्यार्थीको उपस्थितिमा छलफल सम्पन्न भएको थियो । त्यसैगरी मकवानपुर र चितवनमा किसानका उत्पादन व्यवस्थापनमा स्थानीय सरकार, सहकारी र समूहको भूमिकाबारे छलफल भएको थियो ।



**परम्परागत ढिकीमा चिनो कुट्दै कर्णालीका महिलाहरू**



छुमचौर: धानखेती गरिने संसारकै उच्च ठाउँ

## खाद्यका लागि कृषि अभियान, काठमाडौं

यो अभियान महिला, साना र भूमिहिन किसानको खाद्य, भूमि, कृषि र जलवायु जोखिम जस्ता सवालहरु संबोधन गर्न कार्यमूलक अनुसन्धान, नीतिगत वहस र जनवकालतमा हातेमालो गर्ने उद्देश्य लिएका उत्पादक किसान संगठनहरु, यसमा हातेमालो गर्ने सञ्जालहरु र यसमा सरोकार राख्ने नागरिकहरुको साझा प्रयत्न हो । यो अभियान नागरिक समाजको दृष्टिबाट कृषिलाई एकीकृत रुपमा हेरी नेपालको समग्र खेतिपाती सुधार्न र दिगो खाद्य प्रणाली बनाउन नीतिगत सम्वाद र जनचेतनाका सवालमा काम गर्न सरकार र अन्य सरोकारवालासँग सहकार्य गर्न समर्पित छ ।

## खाद्यका लागि कृषि अभियान, कर्णाली

यो कर्णाली क्षेत्रका कृषि तथा खाद्यका सवालहरुमा चासो राखी नीतिगत सम्वाद तथा बहसमा संलग्न अगुवा किसानहरु, गैरसरकारी संस्थाहरु र नागरिक समाजको साझा अभियान हो । यो अभियानले कर्णाली क्षेत्रको स्थानीय कृषि तथा खाद्यको प्रवर्द्धन गर्न सबै सरोकारवालाहरु जिम्मेवार हुनुपर्ने कुरामा सरोकार राख्दछ ।